मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# पाती

पूर्णाङ्क २७
मंसिर २०५६

## संचेतना द्वैमासिक

तानाशाहको वाहकहरुलाई पढाउन गाऱ्हो छ
तिनले दमनको वर्णमाला
शोषणको विज्ञान र
जेलको ज्ञान हासिल गरेका हुन्छन् ।
ती पढ्दैनन् नयाँ संविधान
तिनको छ पुरानै विधान
त्यही पढ्छन् ती
ती तानाशाहका वाहकहरु
मान्छेको अधिकारको कुरा
स्वतन्त्रताको कुरा
दासताको विरोध
मान्दैनन् तानाशाहका वाहकहरु ।
तानाशाहका वाहकहरुलाई
प्रजातन्त्र पढाउन सकिन्न
ती अत्याचारी शाषकहरुको गौरवगाथा पढ्छन्
क्रुर सम्राटहरुको वीभत्स दमन पढेर रमाउँछन्
बेकार छ प्रजातन्त्र बुझाउन
तानाशाहका वाहकहरुलाई
कौवालाई बेलको र
तानाशाहका वाहकहरुलाई प्रजातन्त्रको हर्ष छैन ।
तै पनि पढ्छन् भने पढाउ
तानाशाहका वाहकहरुलाई प्रजातन्त्र ।

# संविधानको मर्मलाई कसले लत्याउँदैछ ?

झलक

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

# प्राची
संचेतना द्वैमासिक

वर्ष ७, पूर्णाङ्क २७, मार्ग २०५६

प्रस्तुति/समवेत .....२
प्रकाशलाई विद्युतीय सन्देश/डा. शिवाकोटी.....३
संविधानको मर्मलाई कस्ले../टिकाराम भट्टराई..४
स्वेच्छिक मृत्यु..../लेखनाथ भण्डारी .....१३
बालअधिकार महासन्धि..../सूर्यप्रकाश भट्टराई १७
युवा अधिकारको बारेमा .../प्रकाश ज्ञवाली....१९
साहित्य/कथा.....२२
कम्प्युटरकृत धाँधलीले../सुशील प्याकुरेल ....२४
मानवअधिकारको गिर्दो...../कृष्ण गौतम .....२७
अन्तर्राष्ट्रिय वृद्ध वर्ष/रघुनाथ लामिछाने.....३०
अधिकार यात्रा/कुन्दन अर्याल.....३२
रेडियो नाटक / मनोज गजुरेल .....३४
कृपया क्षमा गर्नुहोस्/राजव .....३५
आवरण कविता/राजव

**संस्थापक**
सुशील-प्रकाश
**सल्लाहकार**
सुशील प्याकुरेल
कुन्दन अर्याल
**अतिथि सम्पादक**
अग्निशिखा
**कार्यकारी सम्पादक**
आत्माराम शर्मा
**सम्पादन समिति**
राजव
शार्दूल भट्टराई
देविका तिमिल्सिना
**आवरण**
किरण माली
**ले-आउट**
गोविन्द त्रिपाठी
**फोटोग्राफर**
विमलचन्द्र शर्मा
**व्यवस्थापन**
प्रवल शर्मा
**सहयोगी**
गीता माली, वाशु क्षितिज
**मुद्रक** : इन्द्रणी अफसेट, बागबजार
**पत्राचार**
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित



## संविधानको मर्मलाई कस्ले लत्याउँदैछ ?



## स्वेच्छिक मृत्यु अर्थात् आत्महत्या

## कम्प्युटरकृत धाँधलीले परिपूर्ण मलेशियाली चुनाव

# कहिले ब्यूँतने हो सत्ताको विवेक ?

भनिन्छ, यो मुलुकका जनता सार्वभौमसत्ता सम्पन्न छन्। भनिन्छ- यो मुलुकमा प्रजातन्त्र छ। र, भनिन्छ- जनतालाई पर्याप्त अधिकार छ। तर एक्काइसौं शताब्दीको संघारमा समेत जो बाँधा छन्, जो कमैया छन्, जो हरूवा छन् र जो चरूवा छन्- थाहा छैन, सार्वभौम सत्ता सम्पन्न हुनुले तिनको जीवनमा के अर्थ राख्दछ ! थाहा छैन, प्रजातन्त्र बहाली हुनुले तिनको कर्ममा के अर्थ राख्दछ। र थाहा छैन, "पर्याप्त अधिकार" पाउनुले तिनको मर्ममा के अर्थ राख्दछ।

जुन समाजमा अझै पनि मालिक र मालिक्नी छन्। जुन समाजमा अझै पनि तिनको रजाईं र कज्याईं छ। जो मान्छे भएर पनि अर्को कुनै मान्छेको जीवनलाई आफ्नो मुठ्ठीमा कैद राख्दछ। जुन समाजमा अझै पनि एक अर्थमा दास दासी छन्। जसको जीवन आफ्नो विवेकमा, आफ्नो स्वेच्छामा र आफ्नो वशमा छैन। जसको सिंगो परिवार नै कसैको बन्धक बस्दछ। र, जो बन्धकमै मर्दछ- हामी सचेत, हामी सभ्य र हामी विवेकशील भनाउँदाहरूलाई मुरी मुरी धिक्कारेर। छाडिदेऊ रूसोको यो उक्ति पढ्न - "मान्छे जन्मदा स्वतन्त्र भएर जन्मन्छ।" यस धरतीमा त जहाँ मान्छे बन्धक भएरै जन्मन्छ।

अफिमको फूल रातो हुन्छ, सुन्दर हुन्छ र देख्दैमा टिपुँटिपुँ लाग्ने हुन्छ। तर भन्नु पर्दैन- त्यसको नशा ज्यानमारा हुन्छ। सत्ता मोह पनि अफिम हो। र, त्यसमा लठ्ठिनेहरूलाई देश-दुनियाँको पीडाको कुनै अर्थ हुँदैन। सुन्दा कत्ति सुन्दर छ- जन निर्वाचित सरकार ! प्रजातान्त्रिक सरकार ! जनताको सरकार ! तर घुम्ने कुर्सीमा बसेका ती अन्धा मान्छेले बिर्सेका छन् कि- तिनलाई त्यो कुर्सीमा तिनै बाँधाहरूले पुऱ्याएका हुन्। तिनै कमैयाहरूले पुऱ्याएका हुन्। तिनै हरूवा-चरूवाले पुऱ्याएका हुन्। सिंहदरबारको ईंटामा तिनको पनि अधिकार छ- सत्ताधारीले नबिर्सियुन्। बिर्सनु कृतघ्नताको पराकाष्ठा हो।

इतिहासमा पढ्ने गरिन्छ- श्री ३ चन्द्र शमशेरले दास प्रथा समाप्त गरे रे। निरंकुश भनिएकाले दास प्रथा समाप्त गर्ने? प्रजातन्त्रवादी भनिएकाले त्यसलाई बहाल राख्ने? यो भन्दा बिडम्बना के हुन सक्छ? एक हदमा दासको रूपमा जीवन बिताउन बाध्य बाँधाहरूलाई, कमैयाहरूलाई, हरूवा र चरूवाहरूलाई मुक्त गर्ने कुरा किन सरकारको टाउको दुखाइको विषय बन्छ? तिनलाई सम्मानित जीवन प्रदान गर्ने कुरा किन सरकारको टाउको दुखाइको विषय बन्छ ? र तिनलाई मुक्त मानवको सम्मान प्रदान गरेर राष्ट्र निर्माणमा सहभागी बनाउने कुरा किन सरकारको टाउको दुखाइको विषय बन्छ? तिनलाई मुक्त गर्ने संवालमा विशेष कानून नै बनाउनु पर्ने आवश्यकता बोध किन सरकारलाई हुँदैन? यसर्थ कि, सरकार स्वयं मालिक्याईं प्रवृत्तिबाट ग्रस्त छ।

बाँधा, कमैया र हरूवा -चरूवाको जीवन दन्दनी जलिरहेको बेला सरकार चैनको बाँसुरी बजाउन व्यस्त रहन्छ भने भन्नुपर्छ- निरो पटक-पटक जन्मने गर्दोरहेछ। र, जब निरो जन्मने गरिरहन्छ- स्पार्टाकिसको जन्म समयको आवश्यकता र अनिवार्यता बन्न पुग्छ। दास स्पार्टाकिस- जसले रोमन साम्राज्यको जग नै हल्लाई दिएका थिए। श्री ५ को सरकारलाई जानकारी र चेतना भया ...।

# समवेत

माओवादीहरूको प्रकोप बढेको छ तर यो समस्या अहिलेको होइन ४/५ वर्षदेखिको समस्या हो। माओवादी समस्या समाधानका लागि दमन र वार्ताका दुईवटा विकल्प मात्र रहेको छन्। माओवादीहरू वार्ताका लागि आए ढोका खुल्ला छ। यस दिशातर्फ मैले सकारात्मक संकेत पाएको छु।

*- प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई*
*(हिमालय टाइम्स, २७ मंसिर)*

संसदले जनताको भावनालाई प्रतिबिम्बित गर्न सक्नु पर्छ। संसदले जनताको भावनाको सम्मान गर्न सक्नु पर्छ। सांसदहरू जनप्रतिनिधि भएको नाताले जनताको समस्याप्रति सम्वेदनशील हुन सक्नु पर्छ। राजनीतिक पार्टीहरू जनताका प्रतिनिधि भएको हुनाले जनताका पीरमर्काहरू प्रति अत्यन्तै चिन्तित हुन सक्नुपर्छ। यस अर्थमा जनताले भोग्नु परेका समस्या, राष्ट्रले सामना गर्नु परेका समस्याहरूको सन्दर्भमा छलफल गर्ने सबैभन्दा उपयुक्त थलो संसद नै बनाइनु पर्छ।

*- माधवकुमार नेपाल, प्रमुख प्रतिपक्षी दलका नेता*

कानून लागु नहुनु यो देशको निम्ति रोग भएको छ। कानून बन्छ तर त्यसको कार्यान्वयन हुँदैन। यसको जिम्मेवारी कसले लिने? आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको हनन् दण्डनीय हुन सकेको छैन। जबसम्म त्यसलाई दण्डनीय बनाइदैन तबसम्म देशको विकास सम्भव छैन।

*- सुशील प्याकुरेल, अध्यक्ष (इन्सेक)*
*(बाँधा श्रमको परिभाषा र कानूनको आवश्यकता विषयक गोष्ठीमा व्यक्त विचार)*

मानवअधिकार आयोगको गठनका लागि सिफारिश गर्न व्यवस्था भएको सिफारिश समितिमा प्रधानमन्त्री अध्यक्ष तथा प्रधान न्यायाधिश र प्रतिनिधि सभामा विपक्षी दलका नेता सदस्य रहेको तीन सदस्यीय सिफारिश समितिको प्रावधान रहेको छ। तर ऐन बनेको ३५ महिना बित्न लाग्दा पनि न मानवअधिकार आयोग नै गठन भएको छ, न त गठन गर्ने लक्षण नै देखिएको छ।

*- कृष्ण पहाडी, सभापति*
*मानवअधिकार तथा शान्ति समाज*

आगामी तीन महिना भित्र आयोग गठन गरेर कार्यालय स्थापनाका लागि आवश्यक व्यवस्था मिलाउन म तयार छु।

*- तारिणीदत्त चटौत, कानून तथा न्यायमन्त्री*
*(हिमालय टाइम्स, २६ मंसिर)*

मानवअधिकार आयोगको आवश्यकता र औचित्यका सम्बन्धमा लामो गृहकार्य पछाडि कानूनको निर्माण गरेको पनि तीन वर्ष बितिसकेको छ। सर्वोच्च अदालतले परमादेश जारी गरेको मात्र होइन, प्रधानमन्त्रीले संसदमा प्रतिबद्धता समेत व्यक्त गरिसकेको पृष्ठभूमिमा आयोग गठनमा भइरहेको ढिलाईलाई कुनै पनि तर्कले जायज ठहऱ्याउन सकिंदैन।

*- सम्पादकीय, कान्तिपुर दैनिक*
*(२६मंसिर, २०५६)*

पाकिस्तानको घटनाबाट उत्साहित भएर नेपालमा पनि मुसर्रफ जन्माउन चाहने प्रतिगमनकारी तत्वहरूलाई भन्नै पर्ने हुन्छ- इश्लामावाद अवश्य नजिक छ तर जकार्ता पनि टाढा छैन। दश लाख जनताको हत्या गरेर बत्तीस वर्षसम्म सत्तामा रजाईं गरेका जनरल सुहार्तो आज कुन नियति भोग्दैछन्, तिनले बुझुन्।

*- सम्पादकीय, एक्काइसौं शताब्दी मासिक, (मंसिर, ०५६)*

# प्रकाशलाई विद्युतीय सन्देश

– डा. गोपालकृष्ण सिवाकोटी

तिमीलाई मित्रताको कसीमा अब त जाँच्ने नपर्ने भयो।
सम्झनाको कसिलो रस्सीमा सँधैसँधै बाँध्ने नपर्ने भयो।।
स्मृतिको नमेटिने मसीमा अब त लेख्ने नपर्ने भयो।
अँध्यारो निष्पट शशीमा "प्रकाश" तिम्रो देख्ने नपर्ने भयो।।

आगो बाल्न नसक्नेहरूले यहाँ अग्निदीक्षा सिकाइसके।
पाइलै चाल्न नजान्नेहरूले यहाँ दान भिक्षा भिकाइसके।।
नक्सै कोर्न नजान्नेहरूले तिमीलाई कथान्भासमा सुजाइसके।
सिक्रि तोड्न नजान्नेहरूले तिमीलाई दास बनाई कजाइसके।।

खाँचो छैन यहाँ अब तिम्रो पुरानो कोट पहिरहने।
चासो छैन यहाँ अब तिमीभैं भोक चोट सहिरहने।।
साँचो छैन कोही मरुभूमिमा सयपत्री रंगीन फुलाउने।
नासो छैन सुकोमल छातीमा तिमी झैं संगीन हुलाउने।।

भेटिन्छन् अधिकार-स्वतन्त्रता आजभोलि सस्ता मोलमा विक्रीमा।
देखिन्छन् तर बाँधा मानवहरू, अझै फलामे सिक्रिमा।।
अधिकार त खुला बजारमा हजारमा "सेल" लागेको छ।
इक्षुमति गगामा अनायसै गड्गडाउँदो भेल लागेको छ।।

साइकल चलाउन नजान्ने तिम्रो कुटुम्ब माइकल भएको छ।
डेरामा बास बस्ने चेहरा पजेरोमा सवार रहेको छ।।
शरणार्थीले शिबिरमा पुराने भोटो दिनदिन सिउँदै टालेको छ।
तिमीलाई दाजु भन्ने गुभाजुचाहिं छिनछिनमा "जिन" पिउन थालेको छ।

तिमीले जंघार तरेको खहरेमा झोलुङ्गे पुल लागेको छ।
तिमी एक्लै हिंड्ने सडकमा ठूलै हुल लागेको छ।।
चम्किलो सूर्यको प्रकाशको साटो धमिलो जुन लागेको छ।
किन हो कुन्नि प्रजातन्त्रको बिस्कुनमा किरा-घून लागेको छ।।

नयाँ मानव अधिकारका कोलम्बसहरूले घरमै अमेरिका भेटिसकेछन्।
स्वघोषित भास्गो डि गामाहरूले तिम्रै डायरी कम्पास कवाडीलाई बेचिसकेछन्।।
अधिकारको खोजी सडकबाट इमेल र इन्टरनेटमा बसाइ सरिसकेछ।
चौध वर्षीय जितबहादुर यातनाबाट हिजो झण्डै घुम्नुक्कै मरिसकेछ।।

तिम्रो अवतारीले हाँकेको इञ्जिन विहीन वायुयान कहाँ गइ रोकिने हो?
किस्ताबन्दीमा बेचिएको अधिकारको पोको कहाँ गई खोलिने हो?
हिवस्किको चुस्किसँगै तिम्रो टेण्डरमूल्य कहिलेसम्म तोकिने हो?
थाहा छैन प्रकाश प्रजातन्त्र पनि घुमाङ्गफेदीको भिरमा कहिले ठोक्किने हो?

*(– स्व. प्रकाश काफ्ले स्मृति दिवसमा प्रस्तुत श्रावण १६, ०५६ आइतबार)*

# संविधानको मर्मलाई कस्ले लत्याउँदैछ ?

**– अधिवक्ता टीकाराम भट्टराई**

"स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हुन् भन्ने तथ्यलाई हृदयङ्गम गरी लोक सम्मति अनुरूप शासन व्यवस्था संचालन गर्ने संकल्प हामीबाट समय समयमा गरिबक्सेको र नेपाली जनताले केही समय अघि भएको जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरूप नेपाली जनतालाई चिरकाल पर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई नेपालको संविधान २०१९ लाई प्रतिसंहरण गरी हामीबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिबक्सी मन्त्रि परिषद्को सल्लाह र सम्मति अनुसार हामी श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाहदेवबाट यो नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा गरी लागु गरी बक्सेका छौं।"

ऐतिहासिक जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंह, प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, तत्कालीन बाममोर्चाका नेताहरू साहना प्रधान, मदन भण्डारी, मनमोहन अधिकारी, संविधान सुझाव आयोगका सदस्यहरू समेत गरी ३० जना विशिष्ट व्यक्तिहरूको समूपस्थितिमा २०४७ साल कार्तिक २३ गते दिनको १२ बजेको वैदिक साइतमा श्री ५ बाट उपरोक्त प्रस्तावना सहित जारी गरी बक्सेको वर्तमान संविधानले कार्तिक २३ गतेबाट ९ वर्षे अभ्यास पार गरी दश वर्षमा प्रवेश गरेको छ। संविधान निर्माणमा महत्वपूर्ण योगदान दिने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, करीब एक दशक पछि पुनः प्रधानमन्त्री हुनुभएको छ। गिरीजाप्रसाद कोइरालाको एकल सरकारको पुनः प्रधानमन्त्री हुनु भएको छ। हरेक वर्ष झैं यसपटक पनि संविधान दिवस मनाउने औपचारिकता पूरा गरियो नै, जसरी पंचायती संविधान दिवस हरेक पौष १ गते मनाइन्थ्यो। मैले यसकारण पंचायती संविधान दिवस र वर्तमान संविधान दिवसलाई एकै मानेको छु कि त्यस दिन आयोजना हुने समारोहको प्रकृति एउटै छ अर्थात् केवल औपचारिकतामा सीमित। संविधान दिवस मनाउनुको अर्थ पितृ संस्कार जस्तो अवश्य होइन, वल्की विगतमा संवैधानिक प्रयोग र पालनामा के कमजोरी रहे र आगामी दिनमा तिनलाई कसरी सुधार्दै संवैधानिक इच्छा हासिल गर्ने भन्ने प्रतिबद्धता र अठोट गर्ने दिन संविधान दिवस हो, तर यो केवल औपचारिकतामा मात्र सीमित हुने गरेको छ र यस पटक पनि यसले गुणात्मक फड्को मारेन।

वर्तमान संविधानको सफलता वा असफलताका बारेमा अहिल्यै टिप्पणी गर्नु परिपक्वता अवश्य नै हुँदैन, किनकि लामो समयसम्मको कठोर बन्द र निरंकुश परिपाटी पश्चात् लागु भएको वर्तमान संविधान हालसम्म पनि संक्रमण कालमै गुज्रिरहेको छ। पूरानो संविधान बमोजिम स्थापित संस्थाहरूमा कार्यरत नेतृत्वदायी व्यक्तिहरूको संस्कारमा हालसम्म परिवर्तन आउन सकेको छैन भने नयाँ संरचना र नेतृत्व पनि अनुभवको चरणबाट गुज्रिरहेको छ। तथापि, संवैधानिक अभ्यासले सकारात्मक मार्ग पक्रेको छ कि छैन भन्ने विषयमा बहस, वादविवाद र चिन्तन गर्न भने ढीला भैसकेको छ।

वर्तमान संविधानले दिएका सम्पूर्ण सुविधाहरू उपभोग गरी गैह्रसंसदीय आचरणद्वारा भए पनि सत्तामै रहिरहने खेल खेल्ने र संविधान पनि जलाउने सद्भावना प्रवृत्ति होस वा परिस्थितिको यथार्थ मूल्यांकन नगरी आत्मनिष्ठ आधारमा लक्षित वर्गलाई प्रहारको निशाना नबनाई सशस्त्र संघर्षको प्रयोजन हीन वलिदानी गर्ने माओवादी प्रवृत्ति होस वा निर्दलीय पंचायती व्यवस्थाको पुनर्स्थापनाको माग गर्ने घोर दक्षिणपन्थी र प्रतिक्रियावादी प्रवृत्ति होस सबैको लक्ष्य एउटै छ– विद्यमान संसदीय शासन प्रणालीको अन्त्य। यी सबै खाले प्रवृत्तिहरू नै वर्तमान संविधान विरूद्धका खतरनाक प्रवृत्तिहरू हुन। यी खतरनाक प्रवृत्तिहरू विरूद्धको मोर्चामा रहेका संवैधानिक शक्तिहरूले आफ्ना आचार, व्यवहार र सोचमा परिवर्तन ल्याएनन भने नेपालको संविधान २०१९ को धारा ५५ जवरजस्त यही संविधान भित्र उत्पत्ति भई क्रियाशील भयो भने अचम्म मान्नु नपर्ने अनुभूतिहरू केही समय यता भै रहेका छन्।

वर्तमान संविधानको प्रयोग पालना र अभ्यासका बारेमा अहिले गम्भीर वहसहरू प्रारम्भ भएका छन्। संवैधानिक अधिकारको प्रयोग र पालना गर्ने वा गराउने संवैधानिक निकाय वा व्यक्तिहरूको कार्य सम्पादनको कारणले संविधानको मर्म र भावनामा गम्भीर ठेस लागेको अनुभूति सर्वत्र गर्न लागिएको छ र अझ विडम्बना त के छ भने वर्तमान

संविधानका निमार्ता जनआन्दोलनकारी शक्तिहरूले नै वर्तमान संविधानको पालनामा पटक पटक जानी जानी दलीय स्वार्थको घेराभित्र कैद भएर उल्लघंन गरेका उदाहरणहरू प्रशस्त पाइन्छन भने जसका विरूद्ध संघर्ष गरेर वर्तमान संविधान निर्माण भएको हो अर्थात जस्ले वर्तमान संविधानलाई बाध्यताले मात्र स्वीकार गरेको हो त्यो शक्ति नै संविधानको सच्चा पालना र प्रयोगकर्ता भएको अनुभूति आम रूपमा गरिएको छ। मलाई लाग्छ संविधानको ९ वर्षे अभ्यासको यो एउटा रोचक र अपत्यारिलो विशेषता हो। यस सम्बन्धमा संविधानविद एवं वरिष्ठ अधिवक्ता गणेशराज शर्मा भन्नुहुन्छ- "जस्लाई निरंकुश सिद्ध गरेर संवैधानिक शक्ति खोसियो त्यसले नै परिवर्तित प्रजातान्त्रिक संविधानको सबभन्दा बढी निष्ठाका साथ पालना गरेको प्रसंशा क्रान्ति गर्नेहरूले नै गरेको देखियो। नेपालमा यस्तो पनि एउटा युग थियो भन्ने कुरा इतिहासको अमिट अध्याय भएको छ।" ( कानून अंक ८, पृष्ठ ३)

संविधानका घोषित लक्ष्य तथा प्रावधानहरूले अपेक्षित परिणाम प्राप्त गर्न नसकेको कारण रामबहादुर वा श्यामबहादुरले पंचायती संविधान र प्रजातान्त्रिक संविधानको फरक अनुभूत गर्न पाएका छैनन। संविधान कार्यान्वयनमा गम्भीर भडकावहरू देखिएका छन र दुःखका साथ भन्नुपर्छ, संविधानको अक्षर, भावना र लक्ष्यहरूको व्याख्या गर्ने एकमात्र निकाय न्यायपालिकाले समेत संविधानको धारणालाई परिस्थिति अनुकूल आत्मकेन्द्रित आधारमा तोडमोड गरेको छ। अझ रमाइलो पक्ष त के छ भने त्यो तोडमोड गरिएको व्याख्या त्यहि व्यक्तिबाट भयो जस्ले संविधान निर्माणको सिङ्गो श्रेय आफूमा सीमित गर्न खोजेको थियो। ०५२ भाद्र १२ को प्रतिनिधिसभा पुर्नजीवित गर्ने व्यख्यामा न्यायपालिका समेत गम्भीर भडकाउमा परेको ज्वलन्त उदाहरण हो यो।

शक्ति पृथकीकरणको सिद्धान्त र कानूनको शासनलाई आत्मसातु गरेको हाम्रो संविधानले स्थापना गरेका शक्ति सम्पन्न राज्यका प्रमुख तीन अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको काम कारवाहीबाटै सबभन्दा बढी निरासा र आक्रोश उत्पन्न भएको छ। यी तीन अङ्गहरूको सन्तुलन र नियन्त्रणबाटै संवैधानिक अपेक्षा पूरा गर्न सकिनेमा यी प्रमुख अङ्गहरू नै कामयावी हुन नसकेबाट अब कुन असंवैधानिक अङ्गको सक्रियताले यो संविधानलाई सक्रिय र अपेक्षित परिणामुखि बनाउने भन्ने प्रश्न निरूत्तरित मात्र छैन खतरनाक पनि छ। किनकि २०१७ साल पौष १ गतेको प्रतिगामी कदम यिनै तीन अङ्गहरूको निस्क्रियता र खिचातानीबाटै उठाइएको थियो, भलै त्यो कदम प्रतिगामी थियो। तर त्यो कदम उठाउनु पर्ने कारण जे उल्लेख गरिएको थियो त्यो असत्य नै थियो भन्ने दावी सायदै वि. पी. कोइरालाले पनि गर्न सक्नु भएको थिएन।

राजा महेन्द्रले २०१७ साल पौष १ गते संकटकालिन अवस्थाको घोषणा गर्दा तत्कालीन परिस्थितिको मूल्यांकन गर्दै व्यक्त गरेको यो धारणा अहिलेको परिस्थितिसंग ठयाक्कै मिल्दोजुल्दो छ। एकक्षणलाई यो घोषणा २०१७ पौष १ गतेको होइन भनेर चित्रण गर्दा त्यसबेलाको परिस्थिति र अहिलेको परिस्थितिमा केही फरक पाइन्छ? यस्तो थियो त्यो घोषणा :

"ऐन कानूनको मर्यादा नराखी यो मन्त्री मण्डलले देशको प्रशासनयन्त्र निस्क्रिय र आधारहीन बनाउने चेष्टामा लाग्यो। अधिकार दुरूपयोग हुँदा भ्रष्टाचार बढ्नुको साथै अनेकन भ्रान्ति पैदा गराई प्रशासन यन्त्रमा शिथिलता उत्पन्न भई देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्री मण्डल विल्कुल असमर्थ भएकोले र अराष्ट्रिय तत्वहरूले धेरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत बाधा पुऱ्याउने परिस्थिति उत्पन्न भएको र वैज्ञानिक विश्लेषण र वस्तुस्थितिको अध्ययन विना कोरा सिद्धान्तको आधारमा उठाइएको आर्थिक कदमले समाजमा परिवर्तनको सट्टा जनतामा अशान्त र दुषित वातावरण पैदा गरेकोले राष्ट्रको हीत तथा प्रजातन्त्रकै निमित्त पनि देशमा यस्तो स्थिति धेरै समयसम्म रहन दिनु उचित नभएकोले देशको एकता, राष्ट्रियता र सार्वभौमिकता बचाउने, देशमा अमन चयन काम गर्ने र देशलाई विग्रदो स्थितिबाट बचाउने अन्तिम कदम स्वरूप संविधानको धारा ५५ प्रयोग गरी यो मन्त्रीमण्डल र संसद विघटन गरी अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार हामीबाटै ग्रहण गरी बक्सेका छौं"। (नेपाली संविधान र राजनीति पृ. ८२)

वर्तमान अन्योल र अराजकपूर्ण स्थितिको समाधान प्रतिगमन अर्थात् दलविहीन व्यवस्था कदापी हुन सक्दैन तर यस्को समाधान विद्यमान परिपाटी भित्रै छ भनेर जनताले अनुभूत गर्न पाएनन् भने अर्को मार्ग देख्ने वा रोज्ने शक्तिलाई त्यसले मद्दत गर्दैन र?

**वर्तमान संविधानप्रति राजनैतिक दलहरूको तत्कालीन धारणा**

वर्तमान संविधान जारी हुँदा देशका मुख्य राजनैतिक शक्तिहरूले फरक-फरक मान्यता अघि सारेका थिए। तथापि, विद्यमान संविधानको परिधिभित्र रहेर आमूलपरिवर्तनको लागि शक्ति संचय गर्ने अवधारणा भने त्यसबेलै विजारोपण भैसकेको थियो। तत्कालीन

जनआन्दोलनकारी शक्तिहरू अर्थात् पूँजीवादी धार र वामपन्थीधारहरूको नेतृत्वकर्ता नेपाली कांग्रेस र संयुक्त जनमोर्चा मध्ये पूँजीवादी धारको ने.का.ले संविधानलाई पूर्ण र प्रजातान्त्रिक भनेको थियो भने वाममोर्चा भित्रको मुख्य घटक तत्कालीन मा.ले., मार्क्सवादी र चौ.म.ले विषयगत आधारमा समर्थन र विरोध गर्दै तत्काल यसै संविधान बमोजिम अघि बढ्ने घोषणा गरेका थिए। ती मध्ये तत्कालदेखि हालसम्मका मुख्य घटक एवं सत्ता र प्रमुख प्रतिपक्षको अनुभव हासिल गरी सकेका ने.का. एवं एमाले को धारणा यस प्रकारको थियो :

**नेपाली कांग्रेस**

नेपाली कांग्रेसका तत्कालीन कार्यवाहक सभापति एवं अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले संविधान घोषणा भएको दिन ०४७/७/२३ गते अपरान्ह ४ बजे राष्ट्रिय सभागृहमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभएको थियो- "यो संविधान बेलायती संसदीय प्रजातन्त्रको नमुनाबाट प्रेरित छ। त्यसमा पनि यस्मा त्यसपछि विकसित भएका नविनतम धारणाहरू समावेश भएको हुनाले यो विश्वकै उत्कृष्ट संविधानहरूको कोटीमा पर्दछ। संविधानलाई यो रूपमा ल्याउने कार्यमा श्री ५ बाट बक्स भएको असिम निगाहको म सराहना गर्दछु र आगामी दिनमा सबै पक्षबाट यो संविधानको पूर्ण पालना हुनेछ भन्ने कुरामा विस्वस्त छु। अब जनआन्दोलनको महत्वपूर्ण उपलब्धी संस्थागत भै सकेकोले प्रजातन्त्र खतरामुक्त भएको छ।" जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहले सोही उपलक्ष्यमा दिनु भएको वक्तव्यमा अधिराज्यव्यापी रूपमा घर-घरमा दीपावली गर्न आह्वान गर्नु भएको थियो।

**तत्कालीन नेकपा मा.ले. (हालको एमाले)**

तत्कालीन नेकपा मा.ले. ले वर्तमान संविधानलाई विषयगत आधारमा आलोचना र समर्थन गरेको थियो। उस्कै भाषामा भन्नुपर्दा आलोचनात्मक समर्थन गरेको थियो

# जनआन्दोलन पछिको अस्थीर कार्यकारिणीको चित्र

*वि.सं. ०४६ साल चैत २६ गते मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि नेपालमा दुईवटा प्रतिनिधि सभाको निर्माण भइसकेको छ। पाँच वर्षको कार्यकाल रहने प्रतिनिधि सभाको दुवै अवधिमा पूर्ण समय व्यतित हुन सकेको छैन।*

*पहिलो प्रतिनिधि सभा लगभग साढे तीन वर्षको कार्यकालपछि विघटन भई मध्यावधि निर्वाचन सम्पन्न भएको थियो भने मध्यावधि निर्वाचनपछि बनेको त्रिशंकु प्रतिनिधिसभा चारवर्ष दुई महिनाको कार्यकालपछि विघटन भयो। यसबीचमा त्यो प्रतिनिधि सभाको तीन पटक विघटनको सिफारिस भए पनि तीनै पटक सो सिफारिस कार्यान्वियन हुन सकेको थिएन।*

*त्यसबीच मध्यावधि निर्वाचनपछिको त्रिशंकु संसदबाट अस्थिर राजनीति र संसदीय मूल्य र मान्यता प्रतिकूलको विकृत संस्कारको समेत थालनी भयो। सो अस्थिर राजनीतिक घटनाका पृष्ठभूमिका र पछिका केही महत्वपूर्ण घटनाक्रमहरू यहाँ प्रस्तुत गरिएको छ।*

- *०५१ असार २६ गते प्रतिनिधि सभाको वैठकबाट श्री ५ मा चढाइएको धन्यवाद प्रस्तावमार्फत श्री ५ को सरकारको नीति तथा कार्यक्रम अस्वीकृत। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा पदबाट राजीनामा साथसाथै प्रतिनिधि सभा विघटन गरी ०५१ कार्तिक २७ गते प्रतिनिधि सभाका लागि निर्वाचनको मिति तोकिबक्सन मन्त्रिपरिषद्को निर्णयसहित सिफारिस। श्री ५ बाट राजीनामा स्वीकृत।*
- *०५१ असार २७ गते श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्रीको सिफारिस अनुसार प्रतिनिधि सभा विघटन। मध्यावधि निर्वाचनका लागि ०५१ कार्तिक २७ गतेको मिति तय। पछि कार्तिक २९ गतेका लागि मिति संशोधन।*
- *०५१ कार्तिक २९ गते दोस्रो प्रतिनिधिसभाका लागि आमनिर्वाचन सम्पन्न। कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त नभएकोले त्रिशंकु संसदको निर्माण।*
- *०५१ मंसिर १३ गते दोस्रो प्रतिनिधि सभाको सबैभन्दा ठूलो संसदीय दलको नेताको हैसियतले नेपाल अधिराज्यको संविधान ०४७ को धारा ४२ (२) अनुसार मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकारको गठन।*

र त्यसरी आलोचना गरिएका प्रावधान वा धाराहरूलाई विद्यमान संसदीय परिपाटी भित्रैबाट अनुकूलस्थितिमा क्रमशः सुधार गर्ने घोषणा गरेको थियो। वर्तमान संविधानका विविध प्रावधानहरू मध्ये तत्कालीन मा.ले. ले आलोचना गरेका बुँदाहरू निम्न थिए :

१. सार्वभौम सत्ताको प्रयोग जनताबाट निर्वाचित प्रतिनिधि सभा मार्फत् हुनु पर्ने (हाल संविधानको धारा ३ मा संविधानमा व्यवस्था भए बमोजिम हुनुपर्ने भनिएको छ।)
२. संविधानको धारा ४ बाट "हिन्दू अधिराज्य" भन्ने शब्द झिकिनु पर्ने
३. निशाना छाप फेरिनु पर्ने
४. सम्पत्तिको हक लोककल्याणकारी राज्यको अवधारणा अनुरूप श्रमको उत्पादन माथि पूर्ण स्वामित्व रहने गरी हुनुपर्ने।
५. राष्ट्रियता र राष्ट्रिय एकताको प्रतिक श्री ५ को सट्टा नेपाली जनता हुनुपर्ने।
६. राजपरिवारको खर्च सम्बन्धी व्यवस्थाको प्रतिबन्धात्मक व्यवस्था हट्नु पर्ने।
७. संविधान विपरित काम भए राजपरिवारलाई पनि मुद्दा चलाउन सकिने हुनुपर्ने।
८. राजपरिषद्को व्यवस्था हट्नु पर्ने।
९. सार्वभौम सत्ता सम्पन्न संसदमा श्री ५ को भूमिकाको बारेमा वहसमा बन्देज हुनु नहुने।
१०. बाधा अड्काउ फुकाउने अधिकार मन्त्री परिषद्को सिफारिसमा मात्र हुनुपर्ने।
११. श्री ५ को सरकारको सट्टा नेपाल सरकार राख्निु पर्ने।
१२. राजपरिवारका अन्य सदस्यलाई महाअभियोग लगाउन पाउनु पर्ने।
१३. राज्यलाई धर्म निरपेक्ष बनाइनु पर्ने।
१४. संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई सुदृढ बनाउनुको सट्टा बहुदलीय प्रजातन्त्रलाई सुदृढ बनाउने भनि प्रस्तावनामा उल्लेख गरिनु पर्ने।
१५. राष्ट्रिय गीत स्तुती गानको रूपमा नरही राष्ट्रियता झल्काउने खालको र नेपाली

- *०५२ जेठ २५ गते प्रतिनिधि सभाको विशेष अधिवेशनका लागि श्री ५ समक्ष समावेदन, नेपाली कांग्रेसद्वारा एमालेको अल्पमतेको सरकारविरूद्ध अविश्वासको प्रस्ताव दर्ता।*
- *०५२ जेठ २६ गते प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा प्रतिनिधि सभा विघटन र कार्तिकमा निर्वाचनका लागि मिति तोकिबक्सन श्री ५ मा सिफारिस। श्री ५ बाट सिफारिस स्वीकृत।*
- *०५२ भदौ १२ गते सर्वोच्च अदालतको फैसलाद्वारा विघटित प्रतिनिधिसभा पुनर्जीवित।*
- *०५२ भदौ २५ गते प्रधानमन्त्री मनमोहन अधिकारी अविश्वासको प्रस्तावमा पराजित। अधिकारीद्वारा राजीनामा।*
- *०५२ भदौ २६ गते संविधानको धारा ४२ (१) बमोजिम नेपाली कांग्रेस संसदीय देलका नेता शेरबहादुर देउवाको नेतृत्वमा नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको संयुक्त सरकार गठन।*
- *०५३ फागुन २३ प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा प्रतिनिधि सभामा विश्वासको मत प्राप्त नभएपछि राजीनामा। यस अघि उहाँ विरूद्धका दुई वटा अविश्वास प्रस्ताव अस्वीकृत।*
- *०५३ फागुन २९ गते संविधानको धारा ४२(१) अनुसार राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एमाले) र सद्भावना पार्टी सम्मिलित संयुक्त सरकार गठन।*
- *०५४ असोज १८ गते प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको सरकारविरूद्ध अविश्वासको प्रस्ताव पारित। प्रधानमन्त्री चन्दद्वारा राजीनामा।*
- *०५४ असोज २० गते संविधानको धारा ४२ (१) अनुसार नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको संयुक्त सरकार गठन। प्रधानमन्त्रीमा सूर्यबहादुर थापा नियुक्त।*
- *०५४ पुस २४ गते नेकपा (एमाले), राप्रपाको चन्दपक्षद्वारा प्रस्तुत गरिन लागेको अविश्वासको प्रस्ताव विफल पार्न प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा प्रतिनिधि सभा विघटनको सिफारिस। राप्रपा दुई गुटमा औपचारिक रूपमा विभाजित।*
- *०५४फागुन ८ गते प्रधानमन्त्री सूर्यबहादुर थापाविरूद्धको अविश्वासको प्रस्ताव अस्वीकृत।*
- *०५४ फागुन २१ गते संसदको सबैभन्दा ठूलो दल नेकपा (एमाले) विभाजित। सहाना प्रधानको अध्यक्षतामा नेकपा (माले) गठन। नेपाली कांग्रेस संसदमा ठूलो दलको रूपमा स्थापित।*
- *०५४ चैत २८ गते प्रधानमन्त्री सूर्यबहादुर थापाद्वारा पूर्व सहमति अनुसार नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने वातावरण तयार गर्न राजीनामा।*
- *०५४ चैत ३० गते नेपाली कांग्रेसका संसदीय दलका नेता गिरिजाप्रसाद*

कोइरालाको नेतृत्वमा संविधानको धारा ४२ (२) अनुसार नेपाली कांग्रेसको अल्पमतको सरकार गठन।

- ०५५ भदौ १० गते नेपाली कांग्रेसको अल्पमतको सरकारमा नेकपा (माले) सामेल।
- ०५५ मंसिर २४ गते माले सरकारमा सामेल हुँदा भएका सम्झौता कार्यान्वयन नभएको आरोपमा सरकारबाट माले अलग।
- ०५५ मंसिर २६ गते प्रधानमन्त्री कोइरालाद्वारा प्रधिनिधि सभा विघटन र अग्रिम निर्वाचनका लागि श्री ५ समक्ष सिफारिस। माले र दुवै राप्रपा तथा नेपाल मजदुरू किसान पार्टीका सहित ६२ जना सांसदद्वारा प्रतिनिधिसभाको विशेष अधिवेशनका लागि समावेदन।
- ०५५ पुस २ गते श्री ५ बाट पुस ९ गतेका लागि प्रतिनिधिसभाको विशेष अधिवेशन आह्वान।
- ०५५ पुस ५ गते ०५५ चैतभित्रै चुनाव गराउने गरी नेपाली कांग्रेस र एमालेबीच संविधानको धारा ४२ (१) अनुसार सरकार गठन गर्ने सहमति। मालेद्वारा सरकारविरूद्ध अविश्वासको प्रस्ताव दर्ता।
- ०५५ पुस ८ गते नेपाली कांग्रेस, एमाले र सद्भावना पार्टीको सहमति अनुसार संविधानको धारा ४२ (१) अन्तरगत गिरिजाप्रसाद कोइराला तेस्रो पटक प्रधानमन्त्री नियुक्त।
- ०५५ पुस ९ गते संविधानको धारा ४२ (२) अनुरूपको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सरकारविरूद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गर्न बोलाइएको प्रतिनिधि सभाको विशेष अधिवेशन सो सरकार नै नरहेको अवस्थामा औचित्यहीन भएकोले शुरू तथा अन्त्य।
- ०५५ पुस १० गते नेपाली कांग्रेस, नेकपा (एमाले), र नेपाल सद्भावना पार्टीको त्रिपक्षीय सरकार गठन।
- ०५५ पुस १३ गते श्री ५ महाराजाधिराजबाट पुस २९ गतेका लागि संसदको पन्ध्रौ अधिवेशन आह्वान।
- ०५५ पुस २९ गते संसदको पन्ध्रौ अधिवेशन शुरू।
- ०५५ पुस ३० गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइलारालाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त। मन्त्रिपरिषद्को निर्णय सहित श्री ५ मा प्रतिनिधि सभा विघटन गरी ०५६ वैशाख २० गते आम निर्वाचनको मिति तोकिबक्सन सिफारिस।
- ०५५ माघ १ गते श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्रीको सिफारिसअनुसार प्रतिनिधिसभा विघटन गरिबक्सी ०५५ वैशाख २० गते प्रतिनिधिसभाको निर्वाचनका लागि तिथि तय।
- ०५६ जेठ १३ मा तेस्रो प्रतिनिधिसभाबाट नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद भट्टराई प्रधानमन्त्रीमा नियुक्त।

संस्कृति अनुरूपको हुनुपर्ने। (तत्कालीन नेकपा मा.ले. द्वारा आयोजित मिति ०४७/७/२५ गतेको आमसभामा मदन भण्डारीद्वारा व्यक्त धारणाहरू।)

यस बाहेक तत्कालीन नेकपा मशाल, सर्वहारावादी श्रमिक संगठन र कृष्णदास श्रेष्ठको नेकपाले संविधानको निर्माण संविधानसभाद्वारा नभएकोले विगतको भन्दा गुण र चरित्रमा खास फरक नभएको भएता पनि संविधानले दिएको खुल्ला समाज र दलीय व्यवस्थाको हदसम्मलाई उदार र तुलनात्मक रूपले प्रगतिशील भनि आफ्नो प्रतिक्रिया व्यक्त गरेका थिए।

राजनैतिक दलहरूले वर्तमान संविधानप्रति व्यक्त गरेका तत्कालीन अवधारणाहरूबाट ती दलहरू आधारभूत रूपमा विचलित भएका छन् कि छैनन् भन्ने प्रश्नको जवाफ आम जनताले अनुभूत गरिरहेकै छन्। वर्तमान संविधानको आलोचनात्मक समर्थन गर्ने नेकपा (एमाले) भन्दा अघि बढेर पूर्ण समर्थन गर्ने नेपाली कांग्रेसका एक प्रभावशाली केन्द्रीय सदस्यले तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले सिफारिस गरे बमोजिम प्रतिनिधि सभा श्री ५ बाट विघटन नभएको विषयमा सत्तारूढ दलको केन्द्रीय समितिमा गणतन्त्रात्मक संविधानको आवश्यकता औंल्याउनु भएको भनी तत्कालीन पत्रपत्रिकाले गरेको टिप्पणी र प्रधानमन्त्रीको सिफारिस बमोजिम राजाबाट भएको प्रतिनिधिसभाको विघटन बदर हुँदा श्री ५ को अधिकारमा कटौती भएको भनि एमालेले गरेको टिप्पणीबाट ती दलहरूको वर्तमान संविधानप्रति तत्कालीन र हालको अवधारणा बुझ्न कठिन छैन।

उपरोक्त उल्लेख गरिए झैं वर्तमान संविधानप्रति आलोचनात्मक समर्थन वा पूर्ण समर्थन गर्ने दलहरूमध्ये पूर्ण समर्थन गर्ने दलले यो ९ वर्षे अवधिमा असी प्रतिशतभन्दा बढी समय सत्ता संचालन गरेको परिप्रेक्षमा संविधानले अपेक्षा गरे बमोजिमका लक्षणहरू देखासम्म पर्न नसक्नु संविधानको असफलता नभएर संचालन गर्ने

शक्तिहरूकै असफलता हो भन्नुमा अतिशयोक्ति हुने छैन। किनकी यो अवधिमा हालसम्म संवैधानिक अवरोध वा संकट आएको छैन, केवल प्रयोग र पालनामा गम्भीर त्रुटीहरूसम्म भएका छन्। यो अवधिमा राज्यका मुख्य तीन अंगको भूमिका निम्न बमोजिमको रहेको छ जसबाट पनि संविधानको प्रयोग र पालनामै त्रुटी भएको वा संविधान बमोजिम संचालित हुने इच्छाशक्तिको अभाव भएको भन्न सकिन्छ।

**व्यवस्थापिका**

संविधानको धारा ४४ ले प्रतिनिधिसभा, राष्ट्रियसभा र श्री ५ सहितको संसदलाई व्यवस्थापिका भनी परिभाषित गरेको छ। कार्यपालिका प्रति नियन्त्रण, विधिको निर्माण र जनताप्रति उत्तरदायी रहनु पर्ने मुख्य कर्तव्य तोकिएको व्यवस्थापिका मध्येको पनि प्रमुख अंग प्रतिनिधिसभा ५ वर्षे कार्यकालको बाबजुद पनि ७ वर्षमा तेस्रो पटक निर्वाचन सम्पन्न भएर हाल तेस्रो प्रतिनिधिसभाको रूपमा क्रियाशील छ। अन्य मुलुकका संविधानमा नभएको मन्त्रीपरिषद् सम्बन्धी विशेष व्यवस्था संविधानको धारा ४२ ले गरेता पनि आफूभित्र बाटै कार्यकारिणी जन्माउने र आफ्नो तोकिएको अवधि सम्पन्न गर्न नसक्नु नै व्यवस्थापिकाको प्रमुख कमजोर पक्ष देखिएको छ भने कार्यकारिणीलाई अनुशासित, नियन्त्रित र स्वचालित तथा गतिशील बनाउन नसक्ने तथा कार्यकारिणीलाई आफूप्रति पूर्ण जवाफदेही बनाउन नसक्नु व्यवस्थापिकाको अर्को कमजोर पक्ष देखिएको छ।

यसको अलावा विधि निर्मणमा स्तरीयता कायम गर्न नसक्नु, आफैंभित्र देख्न, सुन्न र अनुभूत गर्न नसक्ने खालका विकृतिहरू जन्माउनु, बहस र छलफलभन्दा दलीय हिवपको अपेक्षा गर्ने बानी बस्नु, जनताप्रतिको उत्तरदायी भावनाबाट पन्छीनु जस्ता विशेषताहरूले व्यवस्थापिकाले अपेक्षित परिणाम हासिल गर्न सकेको छैन भने संविधानले निर्देश गरे बमोजिमका अत्यावश्यकीय ऐन कानूहरू हालसम्म निर्माण गर्न नसक्नुमा पनि व्यवस्थापिकाको अर्को गम्भीर त्रुटी देखिएको छ। वर्तमान संविधानले निर्देश गरे बमोजिमका निम्न मुख्य मुख्य कानूनहरू हालसम्म व्यवस्थापिकाले निर्माण गर्न सकेको छैन, जसबाटै व्यवस्थापिकाको इच्छाशक्ति के रहेछ भनी अनुमान गर्न सकिन्छ भने अर्कोतर्फ आफ्नो प्राथमिक दायित्व भन्दा आफ्नै सेवा सुविधाप्रति बढी चनाखो र क्रियाशील भएको देख्न सकिन्छ।

**संविधान बमोजिम बन्नुपर्ने तर हालसम्म नबनेका कानूनहरु**

१. धारा ९ (४) बमोजिमको नागरिकता सम्बन्धी कानून
२. धारा ११ (३) को प्रतिबन्धात्मक वाक्यांश अनुरूपको विशेष कानून
३. धारा १६ को सूचनाको हक सम्बन्धी कानून
४. धारा २० बमोजिमको अनिवार्य सेवा सम्बन्धी कानून
५. धारा २२ को गोप्यता सम्बन्धी कानून
६. धारा ८५ (२) बमोजिम स्थापना हुने विशेष ट्रिबुनल सम्बन्धी कानून
७. धारा ९७ बमोजिम संवैधानिक अंगका प्रमुख वा सर्वोच्च अदालतका न्यायाधिशहरूलाई महाअभियोग लगाउने कार्यविधि निर्धारण गर्ने ऐन।
८. धारा ११७ बमोजिम संवैधानिक परिषद्को कार्यविधि निर्धारण गर्ने सम्बन्धी ऐन
९. धारा ११२ को राजनैतिक दल सम्बन्धी कानून
१०. राज्यका निर्देशक सिद्धान्तले निर्देश गरे अनुरूपका नीति तथा ऐन कानूनहरू
११. नेपालको संविधान २०१९ बमोजिम निर्माण भै नेपाल अधिराज्यको संविधान २०४७ संग बाझिने विभिन्न कानूनमा रहेका व्यवस्थाहरूलाई संशोधन गर्ने कानून।

उपरोक्त कानूनहरूमध्ये राजनैतिक दल सम्बन्धी विधेयक संसदको गत सोह्रौं अधिवेशनमा पेशसम्म भएको छ भने अन्य कानूनहरूको बारेमा विधायिकामा चर्चासम्म भएको सुनिएको छैन। ३-३ महिनासम्म अधिवेशन बसेर पनि एउटासम्म कानून निर्माण हुन नसकेको हालसालैको १६ औं अधिवेशन नै व्यवस्थापिकीय कार्य कति हदसम्म भैरहेको छ भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ हो। यसैबाट पनि हाम्रो व्यवस्थापिकाले संवैधानिक अपेक्षा अनुरूपको काम गर्ने तत्परता देखाएको छ कि छैन भन्ने तथ्य स्पष्ट हुँदैन र ?

संसदीय व्यवस्थाको मूल मान्यता के हो भने हरेक राष्ट्रिय समस्याको समाधान संसद भित्रैबाट गरिनु पर्दछ। त्यस निम्ति संसदले कार्यकारिणीलाई समाधानको मार्ग प्रसस्त गरी सो बमोजिम भए नभएको अनुगमन गर्न सक्नु पर्दछ। तर, हाम्रो संसदले हालसम्म आफ्नो प्रभाव देखाउन सकेको छैन। सरकारले संसदलाई छल्ने मनशाय सदैव राखेको देखिन्छ तर संसदले त्यसलाई परास्त गर्न सकेको छैन। संसद चलेको बेला सरकार महत्वपूर्ण निर्णय गर्दैन र कुनै निर्णय गर्नुपर्‍यो भने हतार हतार अधिवेशन समाप्त गर्दछ। संसदलाई छलेर आफ्नो दलीय स्वार्थ पूरा गर्ने प्रवृत्ति गैह्रसंसदीय प्रवृत्ति हो। संसदीय व्यवस्थालाई आत्मसात गर्नेहरूले हरेक समस्याको समाधान म संसदबाटै गर्छु भन्ने मान्यता किन नराख्ने? संसदले आफ्नो भूमिका प्रभावकारी ढंगले संचालन गर्न नसकेबाटै हाल मुलुक निम्न गम्भीर समस्याबाट ग्रसित छ -

क. राष्ट्रिय अखण्डता र सार्वभौमिकता माथि प्रश्नचिन्ह खडा भएको छ।
ख. भूटानी शरणार्थी समस्या झन् झन् जटिल बन्दै गएको छ।
ग. दुस्साहसिक तथाकथित माओवादी जनयुद्ध र त्यसप्रति सरकारले अपनाएको नीतिले गर्दा शान्ति सुरक्षाको सवाल गम्भीर र सोचनीय भएको छ।
घ. उदारवाद र विश्वकीकरणको अन्धाधुन्द विदेशी नक्कले गर्दा देश गम्भीर आर्थिक संकटबाट गुज्रिरहेको छ।
ङ. राज्यका सम्पूर्ण अंगहरू भ्रष्टाचारले ग्रस्त भएका छन् र कर्मचारीतन्त्र

अनुशासनहीन, अराजक र पार्टीकरण भएको छ।

यस्ता गम्भीर समस्याहरू देशले भोगिरहँदा पनि यस्ता सवालहरूमा सार्वभौम सत्ता सम्पन्न संसदमा विषयगत आधारमा छलफल र कुनै निकासा भएको छैन। यदाकदा विपक्षी दलहरूले यस सम्बन्धमा शून्य समय, ध्यानाकर्षण, संकल्प प्रस्ताव वा स्थगन प्रस्ताव ल्याएता पनि ती विषयमा गम्भीर छलफल भएकै छैन। लाग्छ, हाम्रो संसद भनेको बहुमत प्राप्त संसदीय दलको निर्णय अनुमोदन गर्ने इकाइ मात्र हो, अनि सत्तारूढ दल भनेको सरकारी निर्णयलाई ताली ठोकेर अनुमोदन गर्ने औपचारिक थलो मात्र हो। होइन भने प्रथम प्रतिनिधिसभाको कार्यकालदेखि नै उत्पन्न भएका उपरोक्त समस्याहरू समाधान गर्न संसद किन चाहँदैन?

**कार्यपालिका**

संविधानको धारा ३५ ले देशको प्रशासन नियन्त्रण र संचालन गर्ने अभिभारा मन्त्रीपरिषद् अर्थात् कार्यपालिकालाई सुम्पेको छ भने श्री ५ बाट हुने सम्पूर्ण कार्य पनि मन्त्रीपरिषद्कै सल्लाह र सम्मति अनुरूप हुन्छ, अर्थात् व्यवस्थापिका र न्यायपालिकाले गर्ने भनी तोकिदिएका कार्यहरू बाहेक सबै कार्यहरू कार्यकारिणी अर्थात् कार्यपालिकाबाट हुन्छन्। यसरी हेर्दा राज्यको प्रमुख र शक्तिसम्पन्न निकाय कार्यपालिका नै हो जस्ले अन्य अंगहरू समेतलाई क्रियाशील र कामयावी बनाउनु पर्ने दायित्व बोकेको हुन्छ। औपचारिक रूपमा विधि निर्माण गर्ने निकाय व्यवस्थापिका भएता पनि ९९ प्रतिशत भन्दा बढी विधेयकहरू सरकारी विधेयककै रूपमा संसदमा प्रवेश गर्ने हुनाले कार्यपालिका कानूनको निर्माण गर्ने प्रमुख अंग पनि हो। विगत ९ वर्षको कार्यपालिकाको मूल्यांकन गर्दा सबभन्दा बढी गैह्र संवैधानिक कार्यमा उन्मुख भएको निकाय कार्यपालिका नै देखिएको छ। मुलुकमा देखा परेका गम्भीर र चुनौतिपूर्ण समस्याहरूको समाधान गर्न कार्यकारिणी विफल भएको आम अनुभूति गरिएको छ।

दलीय स्वार्थबाट अझ फरेर गुटगत स्वार्थको रक्षा गर्ने र जसरी पनि सत्तामा टिकिरहने गैह्र संसदीय आचरणको कारणले विश्वका सामु हाम्रो कार्यकारिणीले आफ्नो लाजमर्दो अनुहार प्रस्तुत गरी सकेको छ। शेरबहादुर देउवाको पालामा गठन भएको ४८ सदस्यीय मन्त्री मण्डल र त्यसमा ४ जना विना विभागीय मन्त्री रहनु तथा आफू विरूद्ध आएको अविस्वासको प्रस्तावमा मतदान हुने अघिल्लो दिन विरामी भएको बहानामा भागेर राजश्वको ब्रम्हलुट गरी विदेश जानु, आफ्नै विरूद्ध आएको अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्नु र प्रचलित कानूनको ठाडो उल्लंघन गरी अस्थायी शिक्षकलाई स्वतः स्थायी गर्ने निर्णय गर्नु जस्ता हास्यास्पद र लज्जास्पद निर्णयहरूले हाम्रो कार्यकारिणी विश्व सामु हास्यको पात्र भएको छ।

हरेक पर्यटनमन्त्रीको पहिलो आँखा शा.ने.वा.नि. मा पर्नु, हरेक निर्माण तथा यातायात मन्त्रीको पहिलो आँखा ठेक्कामा पर्नु, हरेक अर्थ मन्त्रीको पहिलो आँखा निजीकरणको कमिशनमा पर्नु र हरेक जलस्रोत मन्त्रीको पहिलो आँखा नेपालका नदीनाला औचित्यविहीन रूपमा भारतलाई सुम्पने कार्यमा पर्नु जस्ता नक्साहरू हाम्रो कार्यकारिणीका विशेषता नै भएका छन्। त्यसभित्र हुने भ्रष्टाचार, कमिशनखोर, नातावाद, कार्यकर्ता भर्ति, अनावश्यक विदेश भ्रमण र प्रशासनको दलीयकरण हाम्रो कार्यकारिणीका सामान्य लक्षण भैसकेका छन्।

वर्तमान संविधान जारी भएपश्चात्को हाम्रो कार्यकारिणीको महत्वपूर्ण विशेषता भनेको अस्थिरता पनि हो। एउटै दलको बहुमत हुँदा पनि दलीय झगडाको परिणाम स्वरूप हाम्रो कार्यकारिणी अस्थिर रह्यो। जनताले ०५६ को आम निर्वाचनमा पुनः त्यही दललाई बहुमत दिएको भएता पनि सत्तारूढ दलभित्रको शक्ति संघर्ष ६ महिना नपुग्दै पुनः उत्कर्षमा पुगेको टिप्पणीहरू शुरू मात्र भएका छैनन् त्यस खालका गतिविधिहरू नै देखा परेका छन्। यो स्तम्भ लेखिरहेको बखत पनि यो सरकारले आगामी ५ वर्ष निरन्तरता पाउन नसक्ने लक्षणहरू देखिएका छन्। कार्यकारिणी अस्थिर भएकै परिणामस्वरूप मुलुकका अन्य राज्य यन्त्रहरूमा त्यसबाट पर्ने स्वभाविक असरहरूले गम्भीर बाधा र व्यवधान उत्पन्न भएको छ भने अस्थिरताको फाइदा लिने शक्तिहरू पनि सोही बमोजिम आफ्नो स्वार्थ पूरा गर्न लागिपरेका छन्।

हरेक सरकार परिवर्तनमा विदेशी शक्तिको खेल भएको भनी पालैपालो सत्तामा जाने दलहरूले औपचारिकरूपमै आफ्नो धारणा व्यक्त गरेबाट अस्थिरताले राष्ट्रिय एकता र सार्वभौमिकतामा गम्भीर असर पुगिरहेको छ। सरकार टिकाउने शर्तमा लोकेन्द्र-वामदेव सरकारको पालामा भएको हालसम्मको सबभन्दा राष्टहित विरोधी कथित विद्युत व्यापार सम्बन्धी सम्झौता अध्ययन गर्दा लाग्छ हाम्रा राजनेताहरू कुर्सीसंग देश नै साटन पनि शायद पछि पर्दैनन ! देशमा गम्भीर र सोचनीय राष्ट्रिय समस्या आइपरेको बखत १५ दिन लामो औचित्य विहिन ढंगले कार्यकारिणी प्रमुखको विदेश यात्राले पनि हाम्रो कार्यकारिणी कक्तिको जनउत्तरदायी छ भन्ने प्रश्नको जवाफ दिएको छ। प्रधानमन्त्रीको विदेश यात्रा ठीक त्यस बेला आरम्भ भएको थियो जतिबेला राष्ट्र प्रमुख श्री ५ बाट प्रधानमन्त्रीलाई विभिन्न विषयमा स्पष्टीकरण माग भएको भन्ने तथ्य सार्वजनिक भएको थियो। श्री ५ बाट उठाइ बक्सेका राष्ट्रिय समस्याहरू निश्चय नै सोचनीय र गम्भीर प्रवृत्तिका छन्। अहिले श्री ५ बाट सोधिबक्सेको उक्त स्पष्टीकरणको बारेमा सार्वजनिक बहस प्रारम्भ भएको छ र प्रश्नहरू उठेका छन् कि- संवैधानिक राजाले त्यसो गर्नु हुन्थ्यो कि हुँदैनथ्यो? श्री ५ बाट सोधनी भएको भनी प्रधानमन्त्रीसंग अत्यन्त निकट रहेको एक साप्ताहिकले प्रकाशित गरेको समाचारमा श्री ५ बाट निम्न प्रश्नहरू सोधी बक्सेको थियो -

१. हाल ५६ जिल्लामा प्रभावित भएको माओवादी समस्याको समाधान के हुन सक्छ र यो राजनैतिक समस्या हो भने

विभिन्न पक्षहरूले यस्मा कस्तो विचार पुऱ्याउनु पर्ने हो?

२. प्रशासन सत्तारूढ दलविशेषको चाहना अनुरूप चल्नु पर्ने हो कि शुद्ध प्रशासनको रूपमा चल्नु पर्ने हो?

३. भ्रष्टाचार, कमिशनतन्त्र र आर्थिक अनियमितताला‍ई समाप्त पार्ने योजना के हुन सक्छ?

४. प्रशासन, प्रहरी, सेना र राष्ट्रिय अनुसन्धान विभागले राष्ट्रहीतका निम्ति निष्पक्ष भूमिका खेल्नु पर्ने हो कि होइन?

५. सरकारी नियन्त्रणमा रहेका संचार माध्यमहरूको भूमिका राष्ट्रिय हीत, राष्ट्रिय एकता र निष्पक्ष समाचार सम्प्रेषण गर्ने तर्फ हुनुपर्नेमा यस्मा भेदभाव किन? (मिति ०५६/६/११ गते मंगलबार प्रकाशित पुर्नजागरण साप्ताहिकको "राजाको पत्र सक्कली कि नक्कली" भन्ने शीर्षकबाट उद्धृत)। अन्य धेरै पत्रपत्रिकामा समेत यस सम्बन्धी समाचार प्रकाशित भएको छ र सत्तारूढ दलको मिति ०५६/६/८ गते बसेको वैठकमा प्रधानमन्त्रीकै रोहवरमा सत्तारूढ दलका सभापति गिरिजाप्रसाद कोइरालाले समेत यो विषयलाई सार्वजनिक गर्नु भएको समाचारहरू प्रकाशित भएका छन्।

नेपाल अधिराज्यको संविधान ०४७ को धारा ४३(२) ले श्री ५ ले विभिन्न राष्ट्रिय महत्वका विषयमा सरकारलाई प्रोत्साहन, सुझाव वा सचेत गराउन सक्ने प्रावधान बमोजिम यो सचेत गराइएको पत्र पठाएको हुन सक्ने अनुमान गरिएको छ। यदि श्री ५ ले असल आशयले राष्ट्रप्रति संवेदनशील भएर यी प्रश्नहरू उठाइ बक्सेको हो भन्ने अनुभूत गराउन सकेमा यसलाई असंवैधानिक भन्न सकिदैन। यसबाट पनि हाम्रो कार्यकारिणी जिम्मेवार, जनउत्तरदायी र राष्ट्रप्रति संवेदनशील छैन भन्ने तथ्य प्रमाणित हुन्छ।

**न्यायपालिका**

वर्तमान संविधानले सबभन्दा बढी स्वतन्त्र, सक्षम र शक्तिशाली बनाउने अपेक्षा गरेको संस्था न्यायपालिका हो। विगतका संविधानहरूले न्यायपालिकालाई स्वतन्त्र नबनाएको कारण सक्षम नभएको भन्ने निश्कर्ष पंचायत कालमै न्यायपालिकाका विभिन्न मंचहरूमा निकालिएको थियो र संयोगको कुरा वर्तमान संविधान निर्माणमा पनि न्यायपालिकाको प्रतिनिधित्व गर्ने व्यक्तित्वहरूको प्रभावकारीता निर्णायक थियो। संविधान सुझाव आयोगका अध्यक्ष विश्वनाथ उपाध्याय, सदस्यहरू वरिष्ठ अधिवक्ता दमननाथ ढुंगाना, वरिष्ठ अधिवक्ता लक्ष्मण अर्याल र अधिवक्ता भरतमोहन अधिकारी नै जनआन्दोलनकारी शक्तिका प्रतिनिधि मात्र नभएर सबै कानूनी क्षेत्रकै खारिएका व्यक्तिहरू थिए। जसको कारणले गर्दा पनि न्यायपालिका बढी सक्षम, अधिकार सम्पन्न र अन्य निकायबाट पूर्ण स्वतन्त्र होस् भन्ने अपेक्षा संविधानमा निहित रहन पुग्यो। वास्तवमा स्वतन्त्र र सक्षम न्यायपालिकाबाटै प्रजातन्त्रको संस्थागत विकास र संविधानको रक्षा हुने कुरा विश्वका विकसित देशहरूका न्यायपालिकाले प्रमाणित गरिसकेका छन्। तसर्थ हाम्रो संविधानको यो सुन्दर पक्ष विश्वका विकसित देशका संविधानहरूको तुलनामा हाराहारी मात्र नभएर कतिपय व्यवस्थाहरू उन्नत समेत रहेका छन्। त्यसैले हाम्रो संविधानलाई विश्वका असल संविधानहरूको सूचिमा समावेश समेत गरिएको छ।

अपितु, संविधानमा न्यायपालिकालाई जतिसुकै स्वतन्त्र र सक्षम बनाउने परिकल्पना गरिएको भएता पनि त्यस अनुरूप हाम्रो न्यायपालिकाले आफ्नो श्रेष्ठता हासिल गर्न नसकेको विषयमा कसैको दुईमत हुन सक्दैन। विगतमा स्वतन्त्र नभएको कारण न्यायपालिका सक्षम नभएको भन्ने तत्कालीन निश्कर्ष गलत त थिएन? भन्ने प्रश्न उठन थालिसकेको छ। विगतमा अधिकार नभएर स्वतन्त्र नभएको न्यायपालिका अहिले बढी अधिकार भएर स्वछन्द र अराजक हुन लागेको छ भन्ने टिप्पणी यत्रतत्र शुरू भएको छ। राज्यका अन्य अंगहरू पथ विचलित, भ्रष्ट, विकृत र अराजक भए भने तिनलाई समेत मार्ग निर्देश गरेर अनुशासित र आचरणयुक्त बनाउने मूल जिम्मेवारी बोकेको न्यायालय केही समय यता दुर्गन्धित र भ्रष्ट भएको भन्ने आम जनगुनासोको चित्तबुझदो जवाफ न्यायालयले दिन सकेको छैन भने अन्य अंगमा भ्रष्टाचार भएको कारण न्यायालयमा पनि भ्रष्टाचार छ भन्ने सम्माननीय प्रधानन्यायाधिशको टिप्पणीलाई सर्वसाधारणले पचाउन सकेका छैनन्। किनकि, अन्य निकायमा भएको भ्रष्टाचार समेत रोक्ने र दण्डित गर्ने मूल अभिभारा बोकेको न्यायपालिकाले नै अन्यत्र जे हुन्छ यहाँ पनि त्यही हुन्छ भन्ने टिप्पणी गर्नु आफ्नो संवैधानिक दायित्व नबुझ्नु होइन र?

देशमा यो हदसम्मको विकृति र विसंगति जन्मनुमा न्यायपालिकाको ०५२/५/१२ को चर्चित प्रतिनिधिसभा पुनर्स्थापित गर्ने फैसला जिम्मेवार छ भन्ने टिप्पणीबाट पनि न्यायालय आलोचित भएको छ र त्यही प्रश्नमा अघिल्लो पटक प्रतिनिधिसभा विघटन भएको ठीक थियो भन्ने फैसलाले समेत उक्त टिप्पणीलाई बल पुगेको छ। भदौ १२ को उक्त फैसलाकै कारण प्रधानमन्त्रीय व्यवस्था (संसदीय व्यवस्था) कमजोर भएको भन्ने संविधानविदहरूको धारणासंग असहमत हुनुपर्ने कारण छैन। किनकि, उक्त फैसलाले संविधानको धारा ५३(४) मा निहित प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटन गर्न सक्ने संवैधानिक अधिकारलाई कटौती गरी प्रधानमन्त्रीलाई सांसदहरूसंग अनुचित सम्झौता गरेर भए पनि सत्तामा टिकीरहन बाध्य पारेको थियो। त्यही विन्दुबाट नेपालमा संसदीय व्यवस्था कमजोर भएको अनुभूत गरिएको छ र उक्त फैसलाले अप्रत्यक्ष रूपमा संविधानको संशोधन समेत गरेको छ। किनकि, संविधानको धारा ५३(४) मा प्रतिनिधि सभा विघटन गर्नलाई कुनै पूर्वशर्तहरू तोकिएको छैन जबकि उक्त फैसलाले अविश्वासको प्रस्ताव आउन लागेको अवस्थामा विघटन गर्न नपाइने भनी पूर्व शर्त थप गरिदिएको छ। शक्ति

पुथकीकरणको सिद्धान्त बमोजिम पनि यो फैसला त्रुटीपूर्ण देखिन्छ। किनकि, संविधान संशोधन गर्ने अधिकार व्यवस्थापिकाले मात्र राख्दछ नकि न्यायपालिकाले।

उक्त फैसला आउनु अघिका दुई प्रधानमन्त्रीहरू शक्तिशाली र अधिकार सम्पन्न थिए। प्रथम निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सत्तारूढ दललाई थाहै नदिई ६ जना मन्त्रीहरूलाई निस्काशन गर्नु भएको थियो र आफ्नै पार्टीका अराजक सांसदहरूलाई जनमतको कठघरामा लैजान आफ्नो बहुमत हुँदाहुँदै प्रतिनिधिसभा विघटन गर्नु भएको थियो भने त्यसपछिका प्रधानमन्त्री मनमोहन अधिकारीले आफ्नै मन्त्री मण्डलका सदस्य सी.पी. मैनालीलाई मन्त्री पदबाट बरखास्त गर्नु भएको थियो। यी दुई उदाहरणहरूले त्यसबेलाका प्रधानमन्त्रीहरू शक्तिशाली थिए भन्ने तथ्यलाई पुष्टी गरेको छ र संसदीय व्यवस्थामा प्रधानमन्त्री निरीह भयो भने के हुन्छ भन्ने उदाहरण पनि देउवा सरकारले प्रस्तुत गरिदिएको छ। तसर्थ प्रधानमन्त्रीलाई शक्तिहीन बनाएर अनुचित ढंगले सत्तामा टिकिरहन बाध्य पार्ने भाद्र १२ को उक्त फैसला वर्तमान संविधानको सबभन्दा आलोचित र नयायपालिकालाई विवादित बनाउने फैसलाको रूपमा इतिहासमा अंकित भएको छ।

त्यस पश्चात पनि न्यायपालिकाको काम कारवाहीका बारेमा प्रशस्तै टिका टिप्पणी भएका छन र सर्वोच्च अदालतबाट छिनिएका सूर्य टोवाको कम्पनी, विपक्षी श्री ५ को सरकार, लोकमानसिं कार्की समेत विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, होटल टाइगर टप्स विरूद्ध श्री ५ को सरकार, लोकभक्त राणा विरूद्ध रमादेवी राजभण्डारी, अन्नपूर्ण राणा विरूद्ध का.जि. अ. समेत, शंकरलाल केडिया विरूद्ध श्री ५ को सरकार समेत, मोहन गोपाल खेतान विरूद्ध का.जि.अ. समेतका मुद्दामा भएका फैसलाहरू जनस्तरबाट अत्यधिक आलोचना गरिएका छन भने ती मुद्दामा प्रतिपादित सिद्धान्तहरूसमेत औचित्यविहीन र व्यक्ति विशेषको स्वार्थ अनुकूल भनी आलोचित भएका छन। यी फैसलाहरूका अतिरिक्त विगत ९ वर्षमा न्यायपालिकाभित्र निम्न बमोजिमका प्रवृत्तिहरू देखिएका छन, जस्ले स्वतन्त्र, सक्षम र निष्पक्ष तथा प्रभावकारी न्याय प्रणालीको खिल्ली उडाएका छन–

१. न्यायाधिशहरूले गैर कानूनी र अनैतिक ढंगले उमेर सच्याउने प्रवृत्ति
२. सरकारी सुविधाको दुरूपयोग गर्ने प्रवृत्ति
३. आफैंद्वारा निर्मित आचार संहिताको उल्लंघन गर्ने प्रवृत्ति
४. अत्यन्त विवादास्पद र मर्यादाविहिन समारोहमा समेत आथित्यता ग्रहण गर्ने प्रवृत्ति
५. मुद्दाका पक्षहरूसंग अनुचित सम्बन्ध स्थापित गरी अनुचित लाभ लिने प्रवृत्ति
६. कार्य सम्पादनमा लापरवाही, ढिलासुस्ती र अध्ययन मनन नगर्ने प्रवृत्ति

*प्रथम निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सत्तारुढ दललाई थाहै नदिई ६ जना मन्त्रीहरुलाई निस्काशन गर्नु भएको थियो र आक्तनै पार्टीका अराजक सांसदहरुलाई जनमतको कठघरामा लैजान आक्तनो बहुमत हुँदाहुँदै प्रतिनिधिसभा विघटन गर्नु भएको थियो भने त्यसपछिका प्रधानमन्त्री मनमोहन अधिकारीले आक्तनै मन्त्री मण्डलका सदस्य सी.पी. मैनालीलाई मन्त्री पदबाट बरखास्त गर्नु भएको थियो । यी दुई उदाहरणहरुले त्यसबेलाका प्रधानमन्त्रीहरु शक्तिशाली थिए भन्ने तथ्यलाई पुष्टी गरेको छ र संसदीय व्यवस्थामा प्रधानमन्त्री निरीह भयो भने के हुन्छ भन्ने उदाहरण पनि देउवा सरकारले प्रस्तुत गरिदिएको छ ।*

यसरी उपरोक्त नकारात्मक प्रवृत्तिहरूबाट आज हाम्रो न्यायपालिका पनि ग्रसित भएकोले यसले समेत संवैधानिक अपेक्षा पूरा गर्नेतर्फ आफ्नो अपेक्षित भूमिका निर्वाह गर्न नसकेको आरोप लागेको छ र स्थितिले विस्फोटक रूप लिने संकेत समेत देखा परेको छ। केही दिन अघि [illegible] विरूद्धमा ने. वा. ए. ले गरेको आन्दोलन र त्यसपछि भएको सम्झौताले समेत न्यायालयभित्र अनियमितता भएको तथ्यलाई पुष्टि गरेको छ।

**निश्कर्ष**

उपरोक्त उल्लेख गरिए अनुसार वर्तमान संविधानको ९ वर्षे अभ्यास संवैधानिक अपेक्षा विपरित भएको देखिएको छ भने त्यसबाट आम जनतामा वितृष्णा, कुण्ठा र आक्रोश तथा निरासा उत्पन्न भएको छ, जस्को कारणबाटै माओवादी दुस्साहसिक आन्दोलनले प्रेरणा र प्रोत्साहन पाएको छ भने प्रतिगमनको खतरा रहेको तर्फ हालै प्रधानमन्त्रीले एक सार्वजनिक समारोहमा संकेत गर्नु भएको छ। तर पनि एउटा ध्रुव सत्य के हो भने वर्तमान संविधानको कुनै धारा वा उपधाराको कारणले यी समस्याहरू सृजित भएका होइनन्। केवल संविधानको प्रयोग र पालना गलत ढंगले गरिएको कारणबाट समस्याहरू उत्पन्न भएको विषयमा दुईमत हुन सक्दैन। राष्ट्रिय समस्याहरू समाधान गर्नेतर्फ राष्ट्रिय दलहरू खासगरी जनआन्दोलनकारी शक्तिहरूको विचमा सहमति कायम गरेर अघि बढ्ने सोचले कार्यरूप लिन सक्यो र संवैधानिक निकायहरूले आफ्नो काम कारवाही कानून बमोजिम सम्पादन गर्न सक्ने परिस्थिति वा नसकेको अवस्थामा गराउन सक्ने राजनैतिक इच्छाशक्ति भयो भने विद्यमान संसदीय प्रणालीभित्रै बाट धेरै सुधार र परिवर्तन गर्न सकिन्छ। मूल कुरा "गर्न सकिन्छ" भन्ने अनुभूत जनतामा गराउन सक्ने प्रतिबद्धता सरकारले दर्शाउन सक्नु पर्दछ, जस्ले विद्यमान निरासा र आक्रोशलाई कम गर्नेछ। यदि होइन र जनता सन्तुष्ट हुन सकेनन् भने कुनै पनि व्यवस्था साध्य होइन केवल साधन मात्र हो। विद्रोहको अधिकार जनतामा सुरक्षित छ तर प्रतिगमनले टाउको उठायो भने अर्को दुर्भाग्य शुरू हुनेछ। यसतर्फ सदैव सचेत रहनु पर्दछ।

*– कार्तिक, २०५६*

# स्वैच्छिक मृत्यु अर्थात् आत्महत्या

- लेखनाथ भण्डारी

मान्छेको बाँच्न पाउने अधिकारको हनन कसैले पनि गर्न पाउँदैन। कुनै पनि मान्छेको बाँच्न पाउने अधिकारको हनन कर्तालाई जुनसुकै मुलुकमा पनि सबैभन्दा बढी जघन्य अपराधको रूपमा सजाय तोकिएको हुन्छ। तर त्यति हुँदाहुँदै पनि जब कुनै मान्छेले आफ्नै बाँच्न पाउने अधिकारको हनन गर्छ, त्यसबेला विश्वका जुनसुकै मुलुकका कुनै पनि कानूनले सो हनन कर्तालाई कुनै पनि प्रकारको सजायको व्यवस्था वा कारवाही गर्न सक्ने संभावना छैन।

"बाँच्नु" वा अस्तित्वमा रहनु नै कुनै पनि प्राणीको र त्यसमा पनि मान्छेको सबैभन्दा ठूलो लक्ष्य वा उपलब्धी पनि हो। तर आजभोलि आफ्नो बाँच्न पाउने अधिकार अर्थात् आफ्नु अस्तित्वलाई नै जवरजस्ती हनन गर्ने प्रवृत्ति पनि बढ्न थालेको छ। मानव सभ्यता र संस्कृति विरूद्धको कलंकित त्यस दुस्प्रवृत्तिलाई हामीले "आत्महत्या" का रूपमा परिभाषित गरेका छौं। आत्महत्यालाई हामीले स्वेच्छिक मृत्युका रूपमा पनि मान्न सक्छौं। आत्महत्या स्वेच्छिक मृत्यु हुँदाहुँदै पनि त्यस्का पछाडि अन्य विभिन्न कारणहरू पनि हुने भएकाले, त्यसलाई हामीले त्यति सजिलै परिभाषित गर्न सक्तैनौं। तर जुनसुकै कारण भए पनि सम्बन्धित कारण पछि आत्महत्या "स्वेच्छिक मृत्यु" भने मान्नै पर्छ।

मानिस प्राणीहरूमा सर्वश्रेष्ठ, बुद्धिमान र चेतनशील पनि मानिन्छ। तसर्थ के स्वभाविक छ भने, कुनै पनि काम गर्नु अगि मानिसले धेरै वा थोरै जुनसुकै रूपमा भए पनि केही न केही सोचेकै हुन्छ। त्यसमा पनि सर्वश्रेष्ठ, बुद्धिमान र चेतनशील पनि भएकाले हरेक मानिसले जुनसुकै काम गर्नु अगि सकेसम्म राम्रो गर्न चाहन्छ र त्यसको लागि पनि सबैभन्दा बढी सोच्नु अनौठो कुरा हैन। अरूलाई हानी नगर्ने गरी मान्छेले जतिसुकै सोचेर वा बुद्धि लगाएर निर्णय गरे पनि बुद्धिमानी नठानीने एक मात्र काम हो "आत्महत्या" अर्थात् स्वेच्छिक मृत्यु। निश्चित के छ भने, आत्महत्या गर्नु अगि मानिसले सबैभन्दा बढी सोचविचार गर्दछ र पनि त्यसलाई मानिसको सबैभन्दा ठूलो कमजोरी वा मुर्खता मानिन्छ।

जुनसूकै प्रकारका कठिनाई वा विपत्तिहरूबाट सुरक्षित रहन सक्नु वा त्यसको सामना गर्न तयार हुनु मानवीय गुणको सर्वश्रेष्ठ लक्षण हो। तर पनि मानिसहरू त्यस्ता कतिपय जटिल मात्र नभएर एकदमै सामान्य कारण अर्थात् सामान्य समस्याको पनि समाधान गर्न नसकेर आफ्नै अस्तित्वलाई नै नष्ट गरिरहेका छन्। अकाल मृत्युको शिकार बनेर मानवीय जीवनमा कलंकको धब्बा लगाइरहेका छन्।

**आत्म** : आफ्नो आत्मा वा मनसित सम्बन्धित आफ्नो

**हत्या** : पशुपन्छि वा मान्छेलाई मार्ने काम : हिंसा, बध, प्राणीलाई मार्दा लाग्ने पाप

**आत्महत्या** : आफूले आफैलाई मार्ने काम : जानी जानी आफैले आफ्नो हत्या गर्ने काम : आत्मघात

**आत्मा** : १. शरीरमा रहेमा त्यस्लाई जीवित राख्ने र क्रियाशील बनाउने तथा नरहेमा निस्कृय वा मुर्दा बनाउने अविनासी, अतिन्द्रिय, अभौतिक शक्ति।

२. मन वा अन्तकरणका व्यापारको ज्ञान गराउने सत्ता, जीवात्मा

३. सत्-चित्-आनन्द पदार्थ, चैतन्य तत्व

४. मन : चित : हृदय

५. कुनै वस्तुको गुढ वा सार तत्व (शब्दको आत्मा, काव्यको आत्मा ई.))



### आत्महत्याका स्वरुपहरु

आत्महत्या गर्नेहरूले विभिन्न तरिकाहरू अपनाउने गरेका छन्। तर जुनसुकै तरिका अपनाए पनि अति नै निन्दनीय र मुर्खतापूर्ण कार्य मानिने त्यस कार्य गर्नेहरूमा सबैभन्दा झुण्डिएर र त्यसपछि विष सेवन गर्नेहरू रहेका छन्। आर्थिक वर्ष ०५१/५२ मा १४ सय ६८ आत्महत्या भएकोमा ९ सय ४३ झुण्डिएर, ३ सय ६५ विष सेवन गरेर, ६१ आगोमा जलेर, ४४ पानीमा डुबेर, १६ जना हातहतियार प्रयोग गरेर र २ जना करेण्ट लगाएर रहेको थियो। त्यस्तै आर्थिक वर्ष ०५०/५१ मा १३ सय ५४ वटा आत्महत्याका घटना भएकोमा ९ सय ७ पुरूष र ५ सय ४७ महिला रहेका थिए। तिनीहरूमध्ये विष सेवन गर्नेमा २ सय १४ पुरूष र १ सय ४२ महिला, झुण्डिएर ५ सय ११ पुरूष र ३ सय ३३ महिला, डुबेर ४४ पुरूष र ४१ महिला, आगोमा जलेर १८

पुरूष र २२ महिला, पानीमा हाम फालेर ९ पुरूष र ७ महिला, औजार (हातहतियार) प्रयोग गरेर ६ पुरूष र ८२ महिला रहेका थिए। आत्महत्या गर्नेहरूमा विशेष गरी १७ देखि ३० वर्ष उमेर समूह बढी भए पनि नेपालमा ११ वर्षको बालकदेखि लिएर ७२ वर्षका बृद्धहरूले पनि आत्महत्या गरेको पाइएको छ।

**नेपालमा आत्महत्या**

नेपाल अधिराज्यमा आत्महत्याका घटनाहरू अन्य घटनाको तुलनामा सबभन्दा बढी हुने गरेको छ। आत्महत्याको घटना हुनु पछाडि सदैव मनोवैज्ञानिक कारण रहेको हुन्छ। आत्महत्याका प्रमुख कारणहरूमा मानसिक असन्तुलन, पारिवारिक समस्या, बहुविवाह, अनमेल विवाह, दाइजो प्रथा, असफल प्रेम, दिर्घरोग, पारिवारिक कलह, परिवारमा मनोमालिन्य, अनुचित यौन सम्बन्ध र अवैध गर्भधारण नै प्रमुख कारणको रूपमा रहेका छन्।

नेपालमा आत्महत्या सम्बन्धी अध्ययन आधिकारिक रूपमा नै त भएको छैन तर पनि सामाजिक अपराधहरूको तथ्यांक राख्ने र सामान्य विश्लेषण गर्ने क्रममा नेपाल प्रहरीले माथिको टिप्पणी गरेको छ। प्रहरी सूत्रका अनुसार नेपालमा ९.९४ प्रतिशतले आत्महत्याको संख्यामा वृद्धि भइरहेछ। त्यसरी नै आत्महत्या गर्नेहरूमा महिलाभन्दा पुरूषहरूको संख्या ४.८२ प्रतिशतले बढी रहेको छ। आर्थिक वर्ष ०५२/५३ मा काठमाडौंमा मात्र सबैभन्दा बढी १ सय ८४ र जुम्ला र कालिकोटमा सबैभन्दा कम १-१ वटा आत्महत्याका घटनाहरू भएका थिए।

**भारतमा आत्महत्या**

भारतमा गरिएको एक अनुसन्धान अनुसार मानिसका मृत्यु सम्बन्धी विभिन्न १० कारण मध्ये आत्महत्या पनि प्रमुख कारण मध्ये एक मानिएको छ। भारतमा आत्महत्या प्रति वर्ष १०.३ प्रतिशतले बढ्दै गएको छ।

सन् १९९४ मा मात्र भारतमा ५२ हजार ७ सय ५२ पुरूष र ३६ हजार ४

## कस्ले कसरी आत्महत्या गरे ?

आत्महत्या किन, कसरी र कस्ले गर्छन् भन्ने सम्बन्धमा यो सामाग्री तयार गर्दागर्दै एक ११ वर्षीय बालकले पनि आत्महत्या गरेको समाचार प्रकाशमा आएको छ।

### हिटलरले पनि आत्महत्या गरे

विश्वलाई नै हल्लाउने तानाशाह हिटलरले पनि अन्ततः आत्महत्यावाट जीवन समाप्त गरे। यहुदीका कट्टर विरोधी र आर्य जातिका पक्षपाति हिटलर "बलियाहरूले संधै जित्नुपर्छ र कमजोरहरूले संधै हार्नुपर्छ" भन्ने मान्यता राख्दथे। संसारका सबै यहुदीहरू मिलेर आर्य जातिलाई अधिनमा लिन खोजिरहेका छन् भन्ने सोचाइ राख्ने हिटलर मार्क्सवाद र प्रजातन्त्रका तिव्र विरोधी थिए। लाखौं यहुदी र कम्युनिष्टका हत्यारा हिटलरले सन् १९४५ मा आत्महत्या गरे। विश्वमा हिटलरले जति धेरै मानिसको हत्या कसैले गरेको छैन।

हिटलरको आत्महत्या पछि उनका प्रचार मन्त्री गोयवल्सले पनि आत्महत्या गरे। गोयवल्सले आफूले आत्महत्या गर्नु अघि आफ्नी छोरीहरूलाई जबरजस्ती विष खुवाएर मारेका थिए।

आत्महत्या गर्ने अर्का विश्व प्रख्यात व्यक्ति हुन्- दार्शनिक रूसो। उनले पनि जीवनको अन्त्यमा आत्महत्या नै गरे।

तत्कालीन सोभियत रूसका महाकवी एसेनिन र मायाकास्कीले पनि आत्महत्या गरेका थिए भने रूसकै विद्रोही कवयित्री तथा नाटककार मारिनाले पनि आत्महत्या गरेकी थिइन्। भारतका प्रसिद्ध विद्रोही कवि गोरख पाण्डेले पनि आत्महत्या गरेका थिए।

नेपालमा भिमसेन थापाले जेल भित्रै आत्महत्या गर्ने प्रयास गरेका थिए। उनको त्यसै कारण निधन भयो। हास्य व्यंग्यकार भैरव अर्यालले पनि आत्महत्या गरेको बताइन्छ। त्यस्तै केही वर्ष पहिले मात्र पूर्व अंचलाधिश टेकबहादुर रायमाझीले पनि घरमै झुण्डिएर आत्महत्या गरेका थिए। तर उनका परिवार उनले आत्महत्या नगरी स्वैच्छक मुक्ति प्राप्त गरेको बताउँछन्।

महान दार्शनिक सुकरातलाई युनानी सरकारले मृत्युदण्डको सजाय दिएको थियो। उनले मृत्युदण्डको सजाय स्वरूप आफैले विष पिएर जीवन समाप्त गरेका थिए।

चिनीया कम्युनिष्ट पार्टीका अध्यक्ष तथा राष्ट्रपति माओ त्सेतुङ्गकी विधवा श्रीमती चियाङ्ग चिङ्गले पनि आत्महत्या नै गरेकी थिइन्।

### धर्म र कानूनमा आत्महत्या

आत्महत्या विश्वका कुनै पनि देशमा कानूनतः स्वीकार्य छैन। सबै कानून र धर्ममा आत्महत्या गैर कानूनी र पापका रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष नै भए पनि उल्लेख छ।

हिन्दू धर्मले आत्महत्यालाई मानिसको आफ्नो कर्मफलवाट पलायन हुने वा कर्मच्युत हुने कुरा हो भनेको छ। मनु संहितामा आत्महत्या गर्ने व्यक्तिको लाशलाई धर्म अनुसार संस्कार गर्न प्रतिवन्ध लगाइएको छ। आत्महत्या गर्नेको लाशलाई सार्वजनिक चोकमा पुर्नु पर्ने बताइएको छ।

इस्लाम धर्म र क्रिश्चियन धर्ममा पनि आत्महत्यालाई पाप मानिन्छ। क्रिश्चियन धर्मका अनुसार आत्महत्या गर्नेको लाशको मुटुमा किला ठोकेर सार्वजनिक सडक छेउमा पुर्नु पर्छ।

आधुनिक विश्वमा स्वैच्छिक मृत्यु सम्बन्धी बहस चलिरहेको छ। तर हिन्दू धर्ममा आधारित ग्रन्थ मनु संहितामा असाध्य रोगबाट पीडित वा अन्य कारणले दयनीय जीवन भोगिरहेका व्यक्तिहरूले स्वैच्छिक रूपमा देहत्याग गर्न सक्छन् भनिएको छ।

प्राचिन ग्रीस, रोम, जापान आदि देशमा आत्म सम्मानमा हानी, विफल प्रेम, वृद्ध अवस्थाको कष्ट आदिवाट मुक्ति पाउन आत्महत्यालाई माध्यमका रूपमा लिने वा साहसी कदमको रूपमा स्वीकार्ने पनि गरिन्थ्यो। फ्रान्समा सन् १८९० मा नै आत्महत्यालाई अपराध मान्ने ऐन खारेज गरिएको थियो। जर्मनीले त त्यो भन्दा अझै अगाडि सन् १८१३ मा नै आत्महत्यालाई कानूनी मान्यता दिएको थियो। इटली र वेलायतले क्रमशः सन् १९१३ र १९६१ देखि आत्महत्यालाई अपराध मान्न छोडेका छन्। त्यस अघिका समयमा सम्वन्धित देशहरूमा आत्महत्यालाई धार्मिक रूपमा पाप भनिए अनुसार नै गैर कानूनी गरिएको थियो।

नेपालमा पनि आत्महत्या सम्बन्धमा कुनै कानूनी व्यवस्था छैन। आत्महत्यालाई नेपालमा अपराधमा गणना गरिन्छ। नेपाल प्रहरीले लिएको तथ्यांक अनुसार देशमा हुने विविध अपराध मध्ये यो आत्महत्याको घटना २०.३८ प्रतिशत हुने गर्दछ। प्रहरीकै अनुसार आत्महत्या अन्य अपराधको तुलनामा सबै भन्दा बढी ५.८६प्रतिशत हुन्छ। भारतमा आत्महत्या गर्ने वा प्रोत्साहन दिने दुवैलाई सजायको व्यवस्था छ। भारतमा आत्महत्या सम्बन्धी कानूनका विषयमा ठूलै बहस भएको पाइन्छ। सन् १९९४

*स्वेच्छिक मृत्यु अर्थात् "आत्महत्या" का सम्बन्धमा विभिन्न समयमा विभिन्न दार्शनिक, विद्वान र समाजशास्त्रीहरूले पनि आ-आफ्ना दृष्टिकोणहरू अघि सारेका छन्। हिन्दू धार्मिक मान्यता अनुसार आत्महत्या गर्नु महापाप हो। त्यस्तै कानूनी दृष्टिमा अपराध हो। तर पनि हिन्दू धर्म अनुसार ८४ लाख जुनीबाट प्राप्त अमुल्य जीवनलाई मान्छेले किन आफैले दुःखद अन्त्य गर्न चाहन्छन् ? त्यसो त हिन्दू धर्मका अनुसार भगवान रामले पनि "इच्छा मृत्यु" नै अपनाएका थिए।*

*सय ४३ मांहलाले गरा कूल ८९ हजार १ सय ९५ जना व्यक्तिले विभिन्न कारणले आत्महत्या गरेका थिए। सोही अध्ययनकै अनुसार १८ वर्ष मुनिका ११.२ प्रतिशत, १८ देखि ३० वर्षका ४३.८ प्रतिशत, ३० देखि ५० वर्षका ३२ प्रतिशतले आत्महत्या गरेको पाइएको छ। भारतमा ५५ प्रतिशत भन्दा बढीको संख्यामा ५० वर्ष मुनिका व्यक्तिहरूले आत्महत्या गर्छन्।*

*भारतकै अर्को एक अध्ययन अनुसार सन् १९८४ मा ५०५७१ ले आत्महत्या गरेको तथ्यांक रहेकोमा १० वर्ष यता सो संख्यामा ७६ प्रतिशतले वृद्धि भएको छ। सोही अध्ययनका अनुसार पारिवारिक सम्पत्तिमा उत्पन्न विवादका कारण प्रति वर्ष ५,५०० व्यक्ति भारतमा आत्महत्या गर्छन्। त्यसरी नै ३, २२९ ले परीक्षामा फेल भएका कारण र त्यति कै संख्यामा वेरोजगारी र गरिवीको कारणले पनि आत्महत्या गर्छन्। पारिवारिक सम्बन्धमा उत्पन्न कटुताका कारण ९५०० र असाध्य रोगले पीडितहरूमा १२ हजार व्यक्तिले प्रति वर्ष आत्महत्या गर्न थालेका छन्।*

***आत्महत्याका खास खास कारण के त ?***

*आत्महत्याको कारण जेसुकै भए पनि र मानिसले जतिसुकै धेरै सोचेर निर्णय गरे पनि मानवीय जीवनको सबैभन्दा कलंकित र पराजित मानसिकता बाहेक अन्य कुनै कारण मुख्य मानिन्न। सामान्यतया आत्महत्याको मुख्य कारण मध्ये मानसिक असन्तुलनलाई*

का आप्रलमा उच्च न्यायालयका न्यायाधिशद्वय आइ. एम. सहाय र वि. एल. हन्सरियाले आत्महत्या अपराध होइन पनि एक घटनामा फैसला गरे। आत्महत्या ऐन २०९ को व्यवस्था खारेजीको कुरा उठ्यो। तर विवाद नटुँगिएकाले सन् १९९६को मार्च २१ मा सोही न्यायालयका न्यायाधिश जे. वर्माको अध्यक्षतामा पाँच सदस्यीय समितिले आत्महत्यालाई दण्डनीय अपराध नै भएको घोषणा गऱ्यो।

संविधान वा कानूनमा मानिसको बाँच्न पाउने अधिकार ग्यारेण्टी गरिएकैं मर्न पाउने अधिकारलाई लिन नपाइने कुरामा अधिकांश समाज, कानून र धर्म सहमत देखिन्छन्। तर पनि यो विषय विवाद मुक्त छैन। नेपालमा वि.सं. १९९६ सालमा तत्कालीन राणा सरकारले २४० जनालाई सामूहिक अग्नी दाह गर्नवाट रोकेर ती मध्येका केही अगुवालाई ३० महिनासम्म थुनामा राख्यो। उनीहरूलाई "अब उप्रान्त हामी मर्ने छैनौं, मऱ्यौं भने ऐन कानून वमोजिम सहुँला-बुझाउँला" भनी कागज गराएर छोडिएको थियो। त्यही समूहका ६८ जनाले त्यसको २ वर्षपछि नदीमा हाम फालेर देह त्याग गरेका थिए।

आत्महत्याको प्रयास गर्ने व्यक्तिलाई जेलमा राखेर वा अन्य सजाय दिएर मात्र जोगाउन सकिन्न। उसको उपचार भनेको उसको समस्या समाधानको लागि सहयोग गर्ने हो। आत्महत्याको असफल प्रयास गर्ने व्यक्तिलाई अस्पतालमा लगेपछि डाक्टरले त्यस सम्बन्धी सूचना प्रहरीलाई दिनुपर्छ। यो प्रवृत्तिलाई चिकित्सकहरूले मानसिक रोगको रूपमा लिन्छन्। र, आत्महत्या गर्ने मानिस मानसिक रोगी हो भने उसले गरेका कार्यलाई पनि अपराध मानिदैन।

## आत्महत्या मानसिक रोग हो

**- डा. विश्वबन्धु शर्मा**
मानसिक रोग विशेषज्ञ

आत्महत्या एउटा मानसिक रोग हो। मानिसमा मानसिक दूर्वलता बढेपछि जीवन प्रति निराशा उत्पन्न हुन्छ। हरेक किसिमका मानसिक रोगमा आत्महत्याको खतरा हुन्छ। मानसिक रोग नभए पनि मानिसमा मानसिक दूर्वलता पैदा हुन सक्छ। त्यस बाहेक समाजका अन्य विविध कारणहरूले गर्दा मानिसले आत्महत्या गरेको पाइन्छ। आत्महत्या गर्नेहरूमा मोक्ष प्राप्ति र सबै प्रकारका समस्याबाट मुक्ति पाउने भ्रम पनि हुन्छ। आत्महत्या मुक्तिको नाममा भए पनि भ्रमको रूपमा अपनाउने गरेको पाइन्छ।

## अरुबाट टाढिनु पर्ने त्रासले आत्महत्या गर्छन्

**- डा. चैतन्य मिश्र**, समाजशास्त्री

आत्महत्या सम्बन्धी अध्ययन हाम्रो समाजको सन्दर्भमा भएको छैन। हामीले अन्य समाजको सन्दर्भमा गरिएका अध्ययनको ज्ञानलाई हाम्रो सन्दर्भमा पनि तुलनात्मक रूपमा मूल्यांकन वा अध्ययन गरिरहेका छौं। समाज शास्त्रीय सिद्धान्त अनुसार मानिसले विभिन्न कारणले समाज र परिवारबाट टाढिए पछि आफूलाई एक्लो महसुस गर्ने, एक आपसमा घुलमिल नगर्ने सम्भावना बढी हुन्छ। आत्महत्या व्यक्तिगत प्रवृत्ति मात्र होइन त्यो समाजकै एउटा चरित्र पनि बन्न सक्छ। कुनै पनि समाजले व्यक्तिलाई नियन्त्रण गर्दैन। पश्चिमा समाजमा क्याथोलिक र प्रोटेस्टान्ट सम्प्रदायमा पनि आत्महत्याको बेग्लाबेग्लै चरित्र पाइएको छ। अध्ययनले क्याथोलिक भन्दा प्रोटेस्टान्टहरूले बढी आत्महत्या गर्ने देखाएको छ।

आत्महत्या गर्नेहरूमा अविवाहितहरू, पारपाचुके गर्नेहरू, समाज र परिवारमा मिल्न नसक्नेहरू, समाज र परिवारबाट टाढिने प्रवृत्ति हुनेहरू, लडाइँमा हारेका सेना वा असफलताले पीडित हुनेहरू, महिलाहरूमा अविवाहित गर्भ, परीक्षामा असफल हुनेहरूले आत्महत्या गरेको पाइन्छ। अलग अलग समाजमा, आफ्नो-आफ्नो धर्म सम्प्रदायमा यो प्रवृत्ति फरक छ। जापानमा पनि परीक्षामा असफल हुने वा परीक्षामा कम नम्वर ल्याउनेहरूले आत्महत्या गरेको पाइन्छ। आत्महत्याको बाहय कारण जे भए पनि समाज, साथी, परिवार, आफन्तबाट टाढिने सम्भावना र डर नै हो जस्तो देखिएको छ।

## आत्महत्या कायरता हो

**- कृष्ण पहाडी**
अध्यक्ष, मानवअधिकार तथा शान्ति समाज

आत्महत्या गर्न पाउने कुरा अधिकारका रूपमा पर्दैन। सबैभन्दा प्रमुख कुरा जीवनको रक्षाको अधिकार हो। स्वेच्छाले भन्दैमा कुनै पनि कारणले मर्न वा आत्महत्या गर्न पाइदैन। आत्महत्या गर्ने प्रयासबाट कोही बाँच्यो भने ऊ माथि कानून पनि लाग्छ। अहिले इच्छा- मृत्यु बहसको विषय नै छ। दीर्घ रोगी आदिले इच्छा मृत्यु गर्न पाउने कुरामा बहस छ तर त्यो अधिकार होइन। आत्महत्या कायरता हो। मर्न पाउनु कसैको अधिकार मानिदैन।



कृषि क्षेत्रमा काम गर्ने कृषि बालमजदूरहरूको अवस्था अति नै दयनीय छ। कमैया क्षेत्रका कमैया कृषि बालमजदूरहरूको निम्ति यहाँ कुनै कानून छैन र विश्वव्यापी

उमेर परिपक्क हुन थालेपछि बरू त्यही जमिन्दारबाट बलात्कृत भई आफ्नो कुमारित्वलाई तिलान्जली दिन विवश हुन बाध्य हुनुपर्छ।

## आत्महत्या व्यक्तिगत इच्छा हो भनेर गर्न पाइदैन

- सशील प्याकरेल

*प्रमुख मानिएता पनि मानसिक असन्तुलन र मानसिक विचलन पनि जिम्मेवार मान्नै पर्छ। त्यसो त हाम्रो सामाजिक, आर्थिक,*

## चासो

यसरी दिनरातको काम र कुपोषणले यिनीहरू अवस्वास्थ्य हुनु अस्वाभाविक होइन। दुब्ला, पातला, सेतो रक्तविहिन अनुहार र कुपोषणका शिकार भएका यी बालबालिकाहरू मध्ये कैयौं कठोर परिश्रमका कारण मर्दछन्, धेरै भौंकै बसिरहनु पर्ने भएकोले रोग यिनीहरूको जन्मजात साथी हो तर यिनीहरूले अस्पताल र डाक्टरको अनुहार विरलै मात्र देख्न पाउँछन्। काम गर्दा गर्दै खेतमा नै ढले भने मात्रै यिनीहरूले औषधि अथवा आराम (त्यो पनि क्षणिक) पाउँछन्।

खाने कुरा प्रायः निस्तो भात र नुन खुर्सानी हो। त्यो पनि सिद्धिय पछि ऊ थोरै चामल हालेर उमालेका माड मात्र खान बाध्य हुनु पर्दछ। त्यसका लागि पनि कहिले काहीं हात जोड्नु पर्ने स्थिति आउने गर्दछ। मासुका लागि माघी आउनु पर्छ अथवा कुनै पर्व कुर्नु पर्छ।

आमाको दुध छोडेपछि यी बालबालिकाले दुधको स्वाद कहिल्यै पनि लिन पाउँदैनन्। खोपहरूका बारेमा न त यिनले केही सुनेका छन् न त प्रयोग नै गरेका छन्। त्यसैले साना साना रोगहरूका कारण पनि यिनीहरूको ज्यान जाने गर्दछ। उनीहरूको घर भिंगा र लामखुट्टेको संसार जस्तो छ। त्यसैले यिनीहरूलाई विभिन्न महामारी र हैजाले दुःख दिन्छ। इन्सेफ्लाटिस, मेनेन्जाइटिस र मलेरियाबाट वर्षिनै धेरै मर्ने गर्छन्। सन्तुलित भोजनको बारेमा यिनीहरूलाई केही थाहा छैन। किनभने यिनीहरू नुन खुर्सानी टोकेकै भरमा भातको गास निल्दछन्।

मालिकको खेत नै यी बालबालिकाहरूको पाठशाला हो। जानेरै उनीहरू पढ्न लेख्नबाट बंचित छन्। यिनका बाबु आमालाई थाहा छ, बालबालिकाहरूले पढ्न पाउँदैनन्। त्यसैले यिनीहरू बाल बालिकाको शिक्षाप्रति खास जागरूक छैनन्। केही केहीले पाठाशालाको मुखसम्म देख्न पाएका छन्। तर त्यो उनीहरूको रहर पूरा गर्ने ठाउँ मात्रै भएको छ। घरायसी कामको बोझ, मालिकको यातना तथा ऋणको भार जस्ता कारणहरूले उनीहरू पुरानो काममा नै फर्कन्छन्। अर्थात् मालिकको खेतमा फर्कन्छन्। यिनीहरू सोझा छन् त्यसैले शोषण र अन्यायको प्रतिरोध गर्न सक्दैनन्, भोग्छन् मात्रै। यदि प्रतिकार गरिहाले भने पनि मालिकको चुटाइले मुख बन्द गर्न बाध्य हुन्छन्। बाबुले पाएको सात बोरा मसेउरा (ज्याला) कै लागि सानै उमेर देखि काममा जीवन बिताउनु पर्ने तीतो सत्यता यी बालबालिकाहरूलाई पनि थाहा छ तर यी बालबालिका स्वभावले नै मौन रहन्छन्। यिनीहरू आजको युगमा पनि दासको रूपमा परिणत छन्।

**बाँधा मजदूर, बालश्रमको स्थिति र सरकारी नीति**

नेपालमा सर्वप्रथम श्री ५ रणबहादुर शाहको शासन कालमा दासत्व उन्मूलनको घोषणा भएको र श्री ५ सुरेन्द्रको शासन कालमा बनेको मुलुकी ऐनमा पनि दासत्व उन्मूलनको तथा "बाँधा मजदूर सम्बन्धमा बाँधा कमारा भगाउन्याको, कमारा कमारी बेचन्याको, जीउ मासन्या बेचन्याको, बालक र आमा छुट्याई बेचन्याको, स्वास्नी बेचन्याको" जस्ता विविध प्रकारको महलको व्यवस्था भएको देखिन्छ। वर्तमान मुलुकी ऐनको जीउ मास्ने बेच्नेको महलमा तत्सम्बन्धी व्यवस्था भएको र वर्तमान नेपाल अधिराज्यको संविधान, २०४७ मा समेत मानिसलाई बेच-बिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको ईच्छा विरूद्ध काम गराउन निषेध गरिएको छ र पाइन्छ भने दासत्व उन्मूलन सम्बन्धी विविध प्रकारका अन्तर्राष्ट्रिय महासन्धिहरूमा समेत नेपाल पक्ष बनी प्रतिबद्ध व्यक्त गरेको बाबजुद पनि नेपाली समाजमा बधुँवा श्रमिक व्यवस्थाको अन्त हालसम्म हुन सकेको पाइदैन। वर्तमान अवस्थामा बँधुवा श्रमिकलाई तीन किसिमले प्रयोग गरेको पाइन्छ।

(१) घरायसी नोकरको रूपमा : गरिवीको कारणले पालन पोषण गर्न नसकी स्वयं बाबुआमाले आफ्ना बालबालिकालाई अरू कसैको घरमा घरायसी नोकरको रूपमा काम गर्न पठाउने र त्यस्तो बालबालिकालाई सम्बन्धित घर धनीले उचित रूपमा खान लगाउन नदिई अत्याधिक रूपमा श्रम शोषण गर्ने प्रवृत्ति रहेको पाइन्छ। ग्रामीण क्षेत्रमा घरायसी कामको साथै खेति व्यवसायमा यस्ता श्रमिकहरूको व्यापक प्रयोग गरिन्छ भने शहरी क्षेत्रमा घरायसी कामको लागि यस्ता श्रमिकहरूको प्रयोग गरिन्छ। यस्ता श्रमिकहरू उपर खासगरी महिला वर्गबाट नै अधिक मात्रामा शोषण हुने गरेको पाइन्छ भने पुरूष वर्गहरूबाट महिला नोकर्नी उपर यौन शोषण तथा दुर्व्यवहार हुने संभावना पनि उत्तिकै रहेको हुन्छ।

(२) ऋणि श्रमिक : खासगरी ग्रामीण क्षेत्रमा सामन्ती वर्गले गरीब वर्गका व्यक्तिहरूलाई ऋणको रूपमा रूपैयाँ लगानी गरी त्यसको व्याज वापत उनीहरू आफै वा उनीहरूको बालबालिकालाई आफ्नो घरमा खेती व्यवसाय लगायतको घरायसी कामको प्रयोजनको लागि श्रमिकको रूपमा काममा लगाउने अभ्यास रहेको पाइन्छ। नेपालमा बालश्रमको अधिकतम प्रयोग यसैको माध्यमबाट हुने गरेको पाइन्छ।

(३) कमैया प्रथा : तेस्रो प्रकारको बँधुवा श्रमिक कमैयाहरू हुन्। खासगरी तराईको थारू जातिका व्यक्तिहरू यस प्रथाबाट बढी पीडित रहेकाछन्। ऋण दिने धनीहरूले ऋण लिने ऋणीहरूलाई श्रमिकको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। तराईको पाँचवटा जिल्लामा गरिएको सर्वेक्षण अनुसार कमैया परिवार र कमैयाहरूको संख्या ४० हजार भन्दा बढी रहेको पाइन्छ। सरदर एक बँधुवा श्रमिक बापत करीब सात हजार अमेरिकी डलरको ऋण रहेको र त्यस्ता बँधुवा श्रमिकको उपयोग गरी ऋण बराबरको रकम उठिसक्दा पनि लिएको ऋणको साँवा र व्याज अशुल नभएसम्म बँधुवा श्रमिकबाट मुक्त हुन नसक्ने र बाबुले तिर्न नसकेको ऋणको बदलामा छोरा र छोराको शेषपछि नातीले बँधुवा श्रमिक भई काम गर्नुपर्ने अत्यन्त कठोर परम्परा कायम रहेको छ।

(४) घरपरिवार विहीन कमैया : घरवार विहीन र अत्यन्त गरीब भएको कारणले पनि कमैया हुनु परेको कुरा उक्त अध्ययन सर्वेक्षणले देखाएको छ। कूल कमैयाको संख्या मध्ये ४७ प्रतिशत कमैयाहरू घरवार विहीन भएको कारणले अरूको घरमा कमैयाको रूपमा सबै समय श्रमिकको रूपमा जीवन बिताउन बाध्य हुनु परेको देखिन्छ। यस्ता प्रकारका कमैयाहरूलाई वार्षिक रूपमा केही खाद्यान्न दिइन्छ।

कमैया प्रथा अन्त गर्नको लागि सरकारको तर्फबाट कमैयाले लिएको ऋण भुक्तानी गर्ने भन्ने कुरा राजनीतिक तहबाट पनि व्यक्त भएको पाइन्छ। २०२० सालमा जारी भएको मुलुकी ऐनमा मानिसलाई कमारा, कमारी बनाउन नहुने र मानिसलाई खरिद विक्री गर्न नहुने कानून लागू भइसकेपछि त्यस्तो कार्य स्वतः अपराध भइसकेपछि त्यस्ता व्यक्ति उपर कानून बमोजिम कारवाई नचलाइएको अझ कमैयाहरूलाई सरकारले ऋण मुक्त गर्ने भन्ने विषयले मानिस खरिद विक्री गर्ने र कमारा, कमारी, दास, दासी बनाउनेलाई नै संरक्षण गर्न खोजेको परिप्रेक्षमा कानूनी दृष्टिकोणले यो विषय विचारणीय देखिन्छ।

# युवाअधिकारको बारेमा कति संवेदनशील छ युवा, खेलकुद तथा संस्कृति मन्त्रालय ?

– प्रकाश ज्ञवाली

युवा वर्गको सशक्तिकरण र सक्रियतावीना समाजका कुनै पनि क्षेत्रको विकास र उन्नती सम्भव छैन। युवाहरूको परिश्रम, लगाव र जोश जाँगरको आधारमा नै सामाजिक विकास, चेतना अभिवृद्धि, राष्ट्रिय गौरव र सामाजिक निकायहरूको सबलता जस्ता सवालहरूको मूल्यांकन गर्न सकिन्छ। युवा पिंढी पुराना पिंढीको तुलनामा बढी सक्षम, वैज्ञानिक र जुझारू हुन्छ। यही मान्यतामा आधारित रहेर सामाजिक परिवर्तनको सिद्धान्तलाई बुझ्न सकिन्छ। परिवर्तनशील समाजको मुख्य कारकतत्व नयाँ पिंढीमा देखिने गुणहरू र त्यसबाट उत्पन्न भूमिका नै हो। नयाँ पिंढीलाई सत्मार्गमा लगाउन सकिएन भने कहिलेकाहीँ समाजले विभिन्न खाले सामाजिक तथा साँस्कृतिक विकृतिहरूको सामना गर्नु पर्ने हुन्छ। तसर्थ युवा वर्गलाई सत्मार्गतर्फ उन्मुख गराउने, उनीहरूमा सुसंस्कृति विकसित गराउने, उनीहरूको व्यवहारलाई अनुशासनद्वारा नियन्त्रण गर्ने, नैतिकता, मूल्य र मान्यताको भावना विकसित गराउने, राष्ट्रियता, सुशासन र मानवअधिकार जस्ता सवालहरूमा सचेत गराउने जस्ता कार्यहरू समाजका सबै निकायहरूको जिम्मेवारीका सवालहरू हुन्। यसतर्फ विशेष गरी राज्यस्तरबाट ध्यान दिइनु जरूरी हुन्छ।

सामाजिक परिवर्तनका सम्वाहक शक्तिका रूपमा रहेको युवा वर्गको हक हित र अधिकारको संरक्षण र सम्बर्द्धन गर्न विश्वका विभिन्न राष्ट्रहरूमा युवा मन्त्रालयको स्थापना गरी विभिन्न प्रभावकारी कदमहरू पनि चालिएका छन्। युवा सम्बन्धी विभिन्न संरकारी निकायहरूको स्थापना गरिएका छन्। र, ती निकायहरू मार्फत् युवाहरूको माझमा विविध चेतनामूलक गतिविधिहरू संचालन गरिएका छन्। फ्रान्स, जर्मनी, स्वीडेन, अष्ट्रिया, रोमानिया, युक्रेन, भारत, इन्डोनेशिया, पाकिस्तान, मोरक्को, फिजी, केन्या, माल्दिभ्स, वंगलादेश, मलेशिया, श्रीलंका, सिरिया, जिम्वावे लगायत् विश्वका कैयौं राष्ट्रहरूमा युवा मन्त्रालय स्थापित छन्। त्यसैगरी सं.रा. अमेरिका, इटाली जस्ता देशहरूमा युवा आदानप्रदान सम्बन्धी विभाग अन्तर्गत युवा हक हितका कार्यहरू संचालन गर्ने गरिएको छ। थाइल्याण्ड, कोलम्वियां, अर्जेन्टिना, फिलिपिन्स आदि देशहरूमा युवा परिषद्, आयोग आदिद्वारा युवा सम्बन्धी कार्यक्रम संचालन गर्ने गरिएको छ। सार्क राष्ट्रहरूमा युवा र खेलकुद मन्त्रालयहरू स्थापित छन्। यसरी स्थापना भएका मन्त्रालय, विभाग, संस्था आदिको माध्यमबाट युवाहरूको शिक्षा, रोजगारका सवालमा रहेका समस्या समाधानतर्फ प्रयत्न गर्ने, ग्रामीण युवा विकास कार्यक्रम संचालन गर्ने, रक्सी तथा अन्य लागू एवं मादक पदार्थ विरूद्धका क्रियाकलापहरूमा राष्ट्रव्यापी रूपमा युवाहरूलाई संलग्न गराउने, खेलकुद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरू संचालन गर्ने, युवा केन्द्र तथा क्लबहरूको स्थापना गरी सीप विकास र आय आर्जन सम्बन्धी गतिविधि संचालन गर्ने, युवा सप्ताहहरूको आयोजना गर्ने, युवा विकास परियोजनाहरू संचालन कार्य गर्ने गरिन्छ। विश्वमा युवाहरूको अधिकारका लागि राष्ट्रिय युवा नीति तर्जुमा गर्ने, राष्ट्रिय रूपमा युवाहरूको सन्दर्भमा संयन्त्र निर्माण गर्ने तथा कार्यगत रूपमा युवाहरूको सन्दर्भमा संयन्त्र निर्माण गर्ने कामहरू भएका छन्।

युवाहरूको अधिकारका सन्दर्भमा भएका यस्ता कदमहरू बाहेक अन्तर्राष्ट्रिय रूपमा युवा वर्ष तथा युवा महोत्सवहरू मनाउने, अन्तर्राष्ट्रिय स्तरका सभा, सम्मेलन र गोष्ठीहरूमा युवाहरूको विकासको लागि कार्यक्रमहरू तय गर्ने र युवाहरूसँग सम्बन्धित विषयवस्तुहरूको बारेमा व्यापक छलफल तथा वहसहरू गर्ने गरिएको छ। युवाहरूको प्रत्यक्ष हितको पक्षमा संयुक्त राष्ट्र संघद्वारा हालसम्म आधा दर्जन भन्दा बढी सन्धी महासन्धीहरू पारित गरिएको छ र तिनलाई विश्वका अधिकांश राष्ट्रहरूले अनुमोदन गरिसकेका छन्। यस्ता कार्यले युवा अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

हाम्रो देशमा पनि युवाहरूको प्रत्यक्ष हितको लागि एउटा छुट्टै निकायको स्थापना गर्ने र त्यसैको माध्यमबाट युवाहरूको मानसिक तथा शारीरिक विकास सम्बन्धी विविध गतिविधिहरू संचालन गर्ने उद्देश्य अनुरूप ०५२ सालमा "युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" को स्थापना गरिएको हो। विश्वमै युवाहरूको अधिकारको पक्षमा विभिन्न गतिविधिहरू संचालन भैरहेको सन्दर्भमा नेपालमा पनि युवा मन्त्रालयको स्थापना गर्नु पर्छ भन्ने मान्यतालाई विभिन्न राजनीतिक पार्टीहरू, युवा तथा विद्यार्थी संगठनहरू र सामाजिक संस्थाहरूले जोडदार रूपमा उठाउँदै आएको सन्दर्भमा उक्त मन्त्रालय स्थापना गरिएको थियो। त्यसभन्दा पहिले यस सम्बन्धी सम्पूर्ण काम शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत हेर्ने गरिन्थ्यो।

"युवा, खेलकुद तथा संस्कृति

मन्त्रालय" को हालसम्मको ४ वर्षे अवधीलाई हेर्दा यसका कार्यहरू सन्तोषजनक हुन सकेका छैनन्। यो मन्त्रालयले खेलकुद सम्बन्धी कार्यहरू मात्रै गरेको, यही मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय खेलकुद परिषदले गर्नु पर्ने काम र मन्त्रालयले सिधै गर्नु पर्ने कामबीच तालमेल नमिलेको, पुरातत्व विभाग, लुम्बिनी विकास कोष, साँस्कृतिक संस्थान जस्ता निकायहरूलाई यस मन्त्रालय अन्तर्गत राख्ने बाहेक राष्ट्रिय संस्कृतिको संरक्षण र विकासमा मन्त्रालयको काम सन्तोषजनक नरहेको गुनासो प्रकाशमा आउने गरेका छन्। वार्षिक रूपमा युवा महोत्सव मनाउने र त्यसको अवसरमा केही कार्यक्रमहरूको आयोजना गर्ने गरिएता पनि ती औपचारिकतामै सिमित रहेका छन्। त्यस्ता कार्यक्रमहरूबाट युवाहरूले सकारात्मक उपलब्धीहरू प्राप्त गर्न सकेका छैनन्। यो मन्त्रालयले युवाहरूको अधिकारका क्षेत्रहरू जस्तै शिक्षा, रोजगार, स्वास्थ्य, संस्कृति जस्ता सवालहरूको बारेमा ठोस नीति निर्माण तथा कार्यान्वयन गर्नु पर्नेमा त्यसो हुन सकेको देखिँदैन। खेलकुद सम्बन्धी कार्यहरू गरिएको भएता पनि यो क्षेत्र राजधानी र देशका केही शहरी क्षेत्रमा मात्र केन्द्रित छ। राजधानी बाहिरका जिल्ला तथा ग्रामीण क्षेत्रका युवाहरू खेलकुद सम्बन्धी व्यवस्थाको अभावमै रहेका छन्। उनीहरूलाई खेलकुद सम्बन्धी गतिविधिमा व्यवस्थित तवरले संलग्न गराउन राज्य र यसका निकायहरू सक्रिय रहेको पाइँदैन।

"युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" ले युवा फाँटलाई वेवास्ता गरेको कुरामा सबै निकायका पदाधिकारीहरू, युवा तथा विद्यार्थी संगठनका नेताहरू र भूतपूर्व मन्त्रीसमेत सहमत हुनुहुन्छ। नेपाल विद्यार्थी संघका अध्यक्ष गोविन्द भट्टराईको विचारमा युवा हक हितको सम्बन्धमा समाजकल्याण मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयले कतिपय कार्यहरू संचालन गरिरहेको भए पनि युवाहरूको भविष्यको बारेमा सोंच्नुपर्ने, चिन्ता गर्नुपर्ने प्रमुख जिम्मेवारी युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको हो। उहाँ अगाडि भन्नुहुन्छ- "हुन त यो मन्त्रालय स्थापना भएको धेरै समय भएको छैन तर यो अवधिमा यसले खासै कार्ययोजना तर्जुमा गरेको देखिँदैन। युवाहरूको वौद्धिक विकास, उनीहरूमा सीप विकास गर्ने जस्ता कुराहरूमा यो मन्त्रालय स्पष्ट हुन पनि सकेको छैन।"

नेपाल तरूण दलका सचिव डा. राजाराम कार्की पनि युवा, खेलकुद तथा संस्कृति मन्त्रालयले खेलकुद वाहेक युवाहरूसँग प्रत्यक्ष सरोकार राख्ने अन्य क्षेत्रहरूको विकासको बारेमा उल्लेख्य कार्य गर्न नसकेको तथा युवाहरूको सीप विकास गर्ने, उनीहरूलाई आय आर्जन सम्बन्धी तालिमहरूमा सहभागी बनाउने तथा वौद्धिक विकास सम्बन्धी विविध क्रियाकलापमा संलग्न बनाउने सवालमा ध्यान दिन नसकेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- "खेलकुदबाट भने युवाहरू नै लाभान्वित भएका छन्। यो क्षेत्रमा युवा परिचालन भएको छ। तर सामाजिक कल्याणका कामहरूमा युवाहरूलाई परिचालन गर्नेतर्फ युवा खेलकुद तथा संस्कृति मन्त्रालय सक्रिय हुन सकेको छैन।"

प्रायूसंघका महासचिव तथा सांसद गोकर्ण विष्ट युवा मन्त्रालयको कामप्रति असन्तुष्ट हुनुहुन्छ। उहाँ भन्नुहुन्छ- "यस मन्त्रालयले खेलकुदको क्षेत्रमा बाहेक अन्य कुनै क्षेत्रमा ध्यान दिन सकेको छैन। खेलकुदको क्षेत्र पनि सन्तोषजनक छैन। युवाहरूको क्षमता अभिवृद्धि गर्ने, उनीहरूलाई दुर्व्यसनीबाट बचाउने, वैदेशिक रोजगारी, स्वदेशी रोजगारी सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, अनौपचारिक शिक्षा संचालन गर्ने जस्ता यावत् युवा सरोकारजन्य सवालहरूको बारेमा कुनै ध्यान दिएको छैन।" उहाँ अगाडि भन्नुहुन्छ- "समग्रमा भन्ने हो भने यस मन्त्रालयलाई युवा, खेलकुद तथा संस्कृति मन्त्रालय नभनी खेलकुद मन्त्रालय मात्र भन्दा हुन्छ।"

भूतपूर्व युवा, खेलकुद तथा संस्कृति मन्त्री विष्णुप्रसाद पौडेल युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको कार्यक्षेत्र खेलकुद मात्र नभएर संस्कृति र युवा अधिकार संरक्षण एवं विकास सम्बन्धी कार्य पनि भएको कुरामा सहमत हुनुहुन्छ। किन यसले खेलकुदको पक्षबाहेक अन्य पक्षमा ध्यान दिन सकेको छैन त भन्ने प्रश्नको जवाफमा उहाँ भन्नुहुन्छ- "युवा हक हित सम्बन्धी कार्यहरू गर्नेबारे मन्त्रालय बनेपनि काम कर्तव्य सम्बन्धी कानून बन्न सकिरहेको छैन। युवा सम्बन्धी परिषद या विभाग स्थापना हुन सकेको छैन र यस सम्बन्धी कुनै संगठनात्मक संरचना नै छैन। यी कारणले गर्दा पनि काम गर्न अप्ठ्यारो हुन जान्छ।" आफ्नो सरकारका पालामा यस मन्त्रालय अन्तर्गत पर्ने युवा, खेलकुद र संस्कृतिको क्षेत्रमा व्यवस्थित कार्ययोजना तय गरी केही सिर्जनात्मक र नयाँ खाले कार्यहरूको थालनी गरेको तर छोटो अवधि भएकोले कतिपय काम पुरा हुन नपाएको र त्यसपछिका सरकारका पालामा ती कामले निरन्तरता पाउन नसकेको उहाँ बताउनुहुन्छ।

"युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" को काम खेलकुद संचालन गर्ने मात्र नभएर युवाहरू समग्र मानसिक तथा शारीरिक विकास सम्बन्धी ठोस कार्यक्रमहरू संचालन गर्ने हो। युवाहरूमा सुसंस्कृत आचरण र व्यवहार विकास गराउने तर्फ प्रयत्नशील हुनु हो। यो मन्त्रालयको काम सिङ्गो राष्ट्रको संस्कृतिको रक्षा र विकास गर्नु देखि लिएर नयाँ पिंढीलाई संस्कृति हस्तान्तरण गर्ने प्रकृयामा वैज्ञानिकीकरण र शुद्धता कायम गर्नु पनि हो। साँस्कृतिक भड्काउ र भ्रष्टिकरणबाट युवाहरूलाई संरक्षण गर्ने र उनीहरूमा प्रगतिशिल संस्कृतिको विकास गर्नु हो। युवाहरूलाई प्रजातन्त्र र मानवअधिकारको सुदृढीकरणको लागि बढी भन्दा बढी प्रयत्नशील बनाउनु, उनीहरूलाई सामाजिक भावनाले ओतप्रोत बनाउनु, परिवार, समाज र सिङ्गो राष्ट्रको हितको पक्षमा क्रियाशिल हुन प्रोत्साहन दिनु र राष्ट्रको भावी नेतृत्व सम्हाल्न सक्षम बनाउनु राज्यको प्रमुख दायित्व हो। यो दायित्व पूरा गर्ने सन्दर्भमा युवा सम्बन्धी मन्त्रालय नै सबैभन्दा बढी संवेदनशील, उत्तरदायी र अग्रसर हुनु पर्दछ।

समय र युगको हिसाबले एक्काइशौं शताब्दीको पूर्व सन्ध्यामा रहेको भए पनि नेपाली युवाहरू आर्थिक, सामाजिक रूपले अत्यन्त पिछडिएको अवस्था रहेको छ। अत्याधुनिक वैज्ञानिक आविष्कार र प्रयोगको युगमा पनि रूढीवादी परम्परा, सामाजिक अन्धविश्वास र कुरीतियुक्त साँस्कृतिक, सामाजिक जंजालबाट नेपाली युवाहरू मुक्त हुन सकेका छैनन्। गाउँ नै गाउँले भरिएको यस मुलुकमा भएको केही सुविधाको प्रयोग

पनि शहरीया र आर्थिक रूपले सम्पन्न परिवारका सदस्यहरूले मात्र उपभोग गर्न पाएका छन्। ग्रामीण क्षेत्रमा रहेका लाखौं जनता हरेक प्रकारका सुविधाहरू, चाहे भौतिक हुन् या अन्य सबैबाट पृथक रहेका छन्। उनीहरूको उत्थानको लागि ठोस कार्यक्रमहरू संचालन हुन सकेका छैनन्। यही सामाजिक, आर्थिक परिवेशमा गुज्रिरहेका नेपाली युवाहरू अद्यापि अशिक्षा, वेरोजगारी, उपयुक्त स्वास्थ्य सेवाको अभाव, गरिबी, दरिद्रता जस्ता समस्याहरूबाट पीडित भइरहेका छन्। युवाहरूमा पश्चिमा छाडा संस्कृतिको प्रभाव तीव्र हुँदै गइरहेकोले विभिन्न खाले अपराधिक क्रियाकलाप र विसंगतिपूर्ण गतिविधिहरूमा सामेल हुने क्रम पनि दिनानुदिन बढ्दै गइरहेको छ।

युवाहरूले सामना गर्नु परेका यावत् समस्याहरूको निदानको लागि पहल गर्नु पर्ने प्रमुख मन्त्रालय भनेकै युवा, खेलकुद तथा संस्कृति मन्त्रालय हो। यसका साथै राष्ट्रिय संस्कृतिको विकास गर्ने, रूढीग्रस्त परम्परावादी संस्कृतिलाई प्रगतिशील सुसंस्कृतिका रूपमा परिणत गर्ने, युवाहरूलाई साँस्कृतिक विकृतियुक्त हुनबाट रोक्न उपयुक्त नीति निर्माण तथा कार्यान्वयन गर्ने, तद्अनुकूलको वातावरण सिर्जना गर्ने, अन्य मन्त्रालय तथा सरकारी एवं गैरसरकारी संघ संस्थाहरूसँग मिलेर विभिन्न गतिविधिहरू संचालन गर्ने र ती कामहरूको संयोजन गर्ने दायित्व यस मन्त्रालयले निर्वाह गर्नु पर्दछ। यस कुरामा पनि युवा संगठनहरूको धारणा एउटै पाइन्छ - "यस मन्त्रालयले संस्कृतिको विकासका लागि पनि प्रभावकारी भूमिका निर्वाह गर्नु पर्दछ।"

"यस मन्त्रालयको लागि खेलकुद बाहेक अन्य कामको लागि तथा संस्कृति सम्बन्धी क्रियाकलापको लागि एकदमै कम बजेटको व्यवस्था गरिन्छ। राज्यले साँस्कृतिक संरक्षण र विकासको क्षेत्रमा लगानी गर्न सकेको छैन। यी क्षेत्रहरूको विकासको लागि स्पष्ट सोंच र प्रतिवद्धताका साथै आन्तरिक मानवीय र भौतिक व्यवस्थापन पक्षलाई ध्यान दिनु आवश्यक हुन्छ" - भूपू मन्त्री पौडेल बताउनुहुन्छ।

नेपाल तरूण दलका डा. कार्कीको धारणा यस्तो छ- "संस्कृतिको संरक्षण,

***ग्रामीण क्षेत्रमा रहेका लाखौं जनता हरेक प्रकारका सुविधाहरु, चाहे भौतिक हुन् या अन्य सबैबाट पृथक रहेका छन् । उनीहरुको उत्थानको लागि ठोस कार्यक्रमहरु संचालन हुन सकेका छैनन्। यही सामाजिक, आर्थिक परिवेशमा गुज्रिरहेका नेपाली युवाहरु अद्यापि अशिक्षा, वेरोजगारी, उपयुक्त स्वास्थ्य सेवाको अभाव, गरिबी, दरिद्रता जस्ता समस्याहरुबाट पीडित भइरहेका छन् । युवाहरुमा पश्चिमा छाडा संस्कृतिको प्रभाव तीव्र हुँदै गइरहेकोले विभिन्न खाले अपराधिक क्रियाकलाप र विसंगतिपूर्ण गतिविधिहरुमा सामेल हुने क्रम पनि दिनानुदिन बढ्दै गइरहेको छ ।***

युवाहरूमा सुसंस्कृत विकास हुन खालका कार्यक्रम संचालन गर्नुपर्ने दायित्व यही मन्त्रालयको हो।"

त्यसैगरी नेविसंघका अध्यक्ष भट्टराई भन्नुहुन्छ- " वर्तमान अवस्थामा देशका कतिपय संस्कृतिहरू लोप हुने अवस्थामा छन्। ती संस्कृतिहरूको संरक्षण गर्ने जिम्मा पनि यस मन्त्रालयको हो। नाम नै युवा, खेलकुद तथा संस्कृति मन्त्रालय भएबाट पनि यसको कार्य क्षेत्र स्पष्ट हुन्छ।"

प्रायुसंघका महासचिव सांसद विष्ट संस्कृतिको क्षेत्रमा यस मन्त्रालयले धार्मिक स्थलहरूको जिर्णोद्धार गर्ने काम बाहेक अन्य कुनै काम गर्न नसकेको बताउनुहुन्छ। यस क्षेत्रको संरक्षण र विकासको लागि कार्यक्रम, स्पष्ट सोंच र बजेटको अभाव रहेको उहाँको धारणा छ। उहाँ भन्नुहुन्छ- "सरकारसँग पश्चिमा संस्कृतिबाट हाम्रो संस्कृति, लोकलय जस्ता साँस्कृतिक विशेषताहरूलाई जोगाउने र विकास गर्ने सम्बन्धमा कुनै सोंच र दृष्टिकोण छैन।"

माथिका भनाई र विचारहरूको आधारमा पनि निश्कर्ष निकाल्न सकिन्छ कि नेपालमा युवा सम्बन्धी मन्त्रालयको स्थापना भए पनि यसको प्रभावकारिता निकै कम रहेको छ। खेलकुदको क्षेत्रमा केही कार्य र संस्कृति सम्बन्धी केही सभा, सम्मेलन वाहेक यसले ठोस योजना र विधि अनुरूपका कामहरू गर्न सकेको छैन। युवा सहभागितामूलक योजना तर्जुमा र कार्यान्वयनतर्फ यो मन्त्रालयको ध्यान जान सकेको छैन। युवाहरूसँग जोडिएका थुप्रै विषयवस्तुहरू रहेको र हरेकमा विकराल समस्याहरू मात्र रहेको वर्तमान परिप्रेक्ष्यमा नेपाली युवाहरूका समस्या, समाधानका उपाय तथा युवा सम्बन्धी मन्त्रालय तथा राज्य संचालनका अन्य प्रमुख निकायका साथै सरकारी र गैरसरकारी संघ संस्थाहरूले गर्नु पर्ने कामहरू, युवाहरूको हक, हितका लागि प्राथमिकताका क्षेत्रहरू आदिको बारेमा गहन वहस र छलफल सबै क्षेत्रबाट चलाइनु आवश्यक छ।

युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको प्रभावकारिताका लागि यस मन्त्रालयको कार्यक्षेत्र तोक्ने, त्यस सम्बन्धी कानूनको व्यवस्था गर्ने, यसमा रहेको परम्परागत कार्यशैलीमा परिवर्तन गर्ने, अन्य मन्त्रालय तथा सामाजिक संघ संस्थाहरूसँग कार्यक्रमिक संयोजन गर्ने जस्ता कदम चाल्नु जरूरी छ। युवाहरूको प्रत्यक्ष हितको लागि यस मन्त्रालयले खेलकुद, संस्कृति आदि क्षेत्रका साथै, वैदेशिक तथा स्वदेशी रोजगार, वातावरणीय संरक्षण, पर्यटन, मानवअधिकार, सामुदायिक विकास जस्ता सवालहरूको बारेमा प्रत्यक्ष कार्य योजना तय गरी कार्यान्वयन गर्नु उपयुक्त हुन्छ। युवाअधिकारका क्षेत्रमा रहेका समस्या समाधानका निम्ति समाजकल्याण परिषदलाई युवा मन्त्रालय अन्तर्गत संचालन गर्ने, युवा तथा खेलकुद सम्बन्धी कार्य हेर्ने छुट्टै मन्त्रालय राखी संस्कृतिको फाँट हेर्ने शिक्षा मन्त्रालय वा अन्य कुनै सम्बन्धित मन्त्रालयलाई जिम्मा दिने, युवा परिषदको गठन, युवा वैंकको स्थापना, युवा ग्रामको निर्माण, प्राविधिक शिक्षालयहरूको स्थापना, युवा सचेतन कक्षाहरू संचालन, सीप विकास सम्बन्धी गोष्ठी तथा तालिमहरू संचालन, युवा स्वयंसेवक सेवा तथा युवा शिविरहरूको संचालन, युवा महोत्सवको आयोजना, युवा सशक्तिकरण कार्यक्रमहरूका साथै स्वरोजगारी, आयवृद्धि, जस्ता कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ। यस्ता आधारभूत सवालहरूमा मात्रै ध्यान दिएर प्रभावकारी कदम चाल्न सकियो भने पनि त्यसले नेपाली युवाहरूको अधिकार प्राप्तिका क्षेत्रमा नौलो आयाम थप्नेछ।

कथा

# रातको समयमा

- अलेक्स ला गुमा

चीसो रात थियो। धमिलो आकाशमा ताराहरू हल्लिरहेका थिए। सबैतिर व्याप्त अन्धकारमा लालटिनको उज्यालो चम्किरहेथ्यो। लफ्रक्कै भिजेका गोडाहरू धर्तीमा धसारिंदा पैतालाको डाम छोडेर जान्थे। पाँचजना थिए उनीहरू। एकजना बाहेक अरूले ठण्डीबाट जोगिन न्यानो र बाक्ला कपडा लगाएका थिए।

त्यो मान्छे उनीहरूको बीचमा हिंडिरहेको थियो। उसको शरीरमा मात्र एउटा कमिज थियो। जाडोले उसका दाँतहरू ओठमा थरथराइरहेका थिए। जाडो बाहेक अरू के थियो र? अरू चारजना थिए। ती चार जनाले त्यो एकजनालाई जुत्ताको फित्ता बाँध्ने मौकासम्म पनि दिएका थिएनन्। हिंड्दाखेरि फित्ताहरू जुत्तामा झापड हान्दै उफ्रिरहेका थिए।

"किन बोल्दैनस् हँ तँ?"

एकजना कुर्लियो। लालटिनको प्रकाशमा उसको बन्दुक टल्कियो। अरूको हातमा पनि केही न केही थियो। बन्दुकले उसलाई घँचेटेपछि ऊ लड्नमात्र बाँकी रहेर लड्खडायो। टाढातिर कुकुरहरू भुकिरहेका थिए। फलफूलको सुवासले भरिएको हावा चलिरहेथ्यो। फलफूलको बगैंचा छेउतिर कतै थियो।

"ए, यसको रगतमा कसैले आफ्नो हात नडुबाउनु है।" एउटा मान्छे करायो। त्यो कुरा सबैका लागि थियो शायद। साँच्चि भन्ने हो भने उसका लागि पनि।

"तर यो मूर्ख किन बोल्दैन ?"

"विद्यालयको प्रधानाध्यापकमाथि यसले आफूलाई कुटपिट गरेको मिथ्या आरोप लगाएको थियो। अनि प्रधानाध्यापकलाई अदालतमा उभ्याएको थियो।"

"हामी योसंग प्रश्न गर्छौं- यो कालो मान्छेले किन यस्तो दुस्साहस गऱ्यो?"

"एई, भन्।"

फित्ता खुस्केको जुत्ता लगाउने मान्छेले फरक्क फर्किएर दारा किट्यो। मौन रहने कोशिस गरिरहेको थियो ऊ। उसले आफ्नो गर्धनमा बन्दुकको चीसो नालले छोएको आभास पायो।

"भन, चुप लाग्नु तेरो लागि खतरनाक हुनेछ।"

"लौ भन्"- एकजनाले उसको मुखमा मुक्का हान्यो। ऊ तिल्मिलायो। उसलाई पिट्ने काम भइरहेको थियो। उसको गर्धनमा बन्दुकको नालले घोच्ने काम भइरहेको थियो।

"हजुर, श्रीमान् महोदय ....।" उसका रक्तिम ओठहरूबाट एक्कासी शब्दहरू निस्किए।

अरू चारैजनाको संयुक्त हाँसो चल्यो। लालटिनको प्रकाश नाचे झैं भयो। उनीहरू उभिएका थिए र अट्टहास गरिरहेका थिए।

"जे भए पनि आखिर बोल्नै पऱ्यो, हा ... हा... हा...।"

छेउतिर फेरि एउटा कुकुर भुक्यो। सुवासिलो हावा चल्यो। त्यो मान्छे ती चारजनाबाट घेरिएर चुपचाप उभिएको थियो। ती चारजनाले भने बमोजिम ऊ बोलिसकेको थियो। तर त्यस कालो मान्छेलाई यसले केही फरक पार्ने थिएन। ऊ बोलोस् वा नबोलोस्, दिन होस् वा रात होस् त्यसले केही असर गर्ने थिएन।

ऊ मौन रूपमा प्रतिक्षारत थियो। चारैजना उसलाई घेरेर उभिएका थिए। बन्दुक समाएका उनीहरूका हात अझै दरिलोसंग कस्सिरहेका थिए।

कालो रात, सुनसान ठाउँ, कालो मान्छे र चार बन्दुकहरू। हो, त्यहाँ जे भए पनि कसलाई के फरक पर्थ्यो र !

(अलेक्स ला गुमा दक्षिण अफ्रिकाका प्रगतिवादी साहित्यकार हुन्। एउटा मुक्ति योद्धाको रूपमा समेत प्रतिष्ठित गुमा कथाकार र उपन्यासकारको रूपमा स्थापित छन्।)



# मूर्ति

*- खलिल जिब्रान*

सुदूर पहाडी क्षेत्रको एउटा उपत्यकामा एकजना मान्छे बस्दथ्यो। त्यो मान्छेसंग पुराना मूर्तिकारले बनाएको एउटा मूर्ति थियो। घरको ढोका छेउमा लडिरहेको थियो त्यो मूर्ति। त्यो मान्छेलाई त्यो मूर्तिका बारेमा केही पनि थाहा थिएन।

एकदिन एकजना शहरीया मान्छे त्यहाँ आइपुग्यो। त्यो शहरीया मान्छे पढेलेखेको विद्वान थियो। उसले त्यो मूर्ति देख्ने वित्तिकै गाउँले मान्छेलाई सोध्यो- "के तपाइँ यो मूर्तिलाई बेच्नु हुन्छ ?"

शहरीया मान्छेको कुरा सुनेर गाउँले मान्छे हाँस्यो र भन्यो- "यो जाबो ढुंगालाई कसले पो पैसा हालेर किन्ला र ?"

गाउँले मान्छेसंग शहरीया मान्छेले भन्यो- "म यो मूर्तिलाई एक रूपियाँ दिनसक्छु।"

शहरीया मान्छेको कुरा सुनेर गाउँले मान्छे चकित पऱ्यो। शहरीया मान्छेलाई मूर्ति दिएर उसले रूपियाँ आफ्नो पटुकीमा राख्यो। शहरीया मान्छे मूर्तिलाई पिठ्यूँमा बोकेर शहरतिर लाग्यो।

केही समयपछि गाउँले मान्छे शहर घुम्न गयो। शहरको एक ठाउँमा उसले मान्छेको ठूलो भीड लागेको देख्यो। के को रमिता रहेछ भनेर हेर्न गाउँले मान्छे पनि त्यही भीडमा पुग्यो।

त्यो भीडमा एकजना व्यक्ति चर्को स्वरमा चिच्याउँदै थियो- "आउनोस्, एउटा नौलो तथा अनौठो वस्तु हेर्नुहोस्। यो एक किसिमको अमूल्य मूर्ति हो। यस्तो मूर्ति संसारमा कतै पनि पाइँदैन। शिल्पकलाको यस्तो अद्वितीय नमुना हेर्नका लागि दुई रूपियाँ तिर्नु होस्, मात्र दुई रूपियाँ।"

गाउँले मान्छे पनि दुई रूपियाँ तिरेर त्यो अनौठो मूर्ति हेर्न भित्र पस्यो। त्यो त्यही मूर्ति थियो जुन त्यो गाउँले मान्छेले केही समय अघि एउटा शहरीया मान्छेलाई एक रूपियाँमा बेचेको थियो।

*(अनु : शार्दूल भट्टराई)*

# कम्प्युटरकृत धाँधलीले परिपूर्ण मलेशियाली चुनाव

- सुशील प्याकुरेल

यस वर्ष मैले दुई भिन्दाभिन्दै राजनीतिक परिपाटी भएको राष्ट्रहरूमा अन्तर्राष्ट्रिय पर्यवेक्षक दलको सदस्यको हैसियतबाट आम चुनावको पर्यवेक्षण गर्ने मौका पाएँ। जुन, १९९९ मा सम्पन्न इण्डोनेशियाको आम चुनाव र नोभेम्बर महिनामा सम्पन्न मलेशियाको आम चुनावमा मैले पर्यवेक्षण गरेको थिएँ। इण्डोनेशियामा सुहार्तो तथा उनको दल गोलकर पार्टीको ३२ वर्षको तानाशाही पछि जनताको आन्दोलनले गर्दा सुहार्तोले सत्ता छाडे पछि चुनाव भएको थियो तथा विना कुनै दबाब ( बाह्य वा आन्तरिक) तर १८ वर्षदेखि लगातार सत्तामा रहेको UMNO पार्टीका नेता प्रधानमन्त्री महाथिरले मलेशियामा शिघ्र चुनाव (early / Snap Elections) गरेका थिए। इण्डोनेशियामा संसदको गठन मतको आधारमा समानुपातिक प्रतिनिधित्व प्रणालीमा आधारित छ भने मलेशियामा बेलायती संसदीय परम्परा अर्थात् १ क्षेत्र १ प्रतिनिधिको ८ बढी मत पाउने मात्र विजयी घोषित हुने चुनाव प्रणाली रहेको छ।

इण्डोनेशियामा चुनाव सम्पन्न भएको करीब १ महिना पछि मात्र चुनाव परिणाम घोषणा हुन सक्यो भने मलेशियामा चुनाव सम्पन्न भएको २४ घण्टा नबित्दै सबै परिणाम प्राप्त भैसकेको थियो, अझ भन्ने हो भने चुनाव सकिएको ६ घण्टामा नै परिणामको राष्ट्रिय तस्वीर देखा परिसकेको थियो। इण्डोनेशियामा जन दबाबबाट राष्ट्रपति परिवर्तन भएको थियो तापनि ३२ वर्षसम्म लगातार एउटै दल त्यसमा पनि सैनिकको पूर्ण संलग्नतामा र हस्तक्षेपमा चुनाव हुने परम्पराले गर्दा जनताले चुनावी प्रक्रियामै पनि अनुभव हासिल गर्न सकेका थिएनन्। उता मलेशियामा भने प्रत्येक समयावधिमा संसदको चुनाव दलीय आधारमा सम्पन्न भैराखेकोले बढी व्यवस्थित र सामान्य रूपमा चुनाव सम्पन्न भएको पाइयो। दुवै देशका कानूनहरू र शासन व्यवस्था तानाशाही रूपमै भएता पनि एउटामा सत्ताधारी दल पराजित भयो भने अर्कोमा सत्ताधारीहरूले पुनः जस्ताको त्यस्तै सत्तामाथि कब्जा जमाइ राखे।

इण्डोनेशियामा चुनाव आयोगको गठन नै पनि दर्ता भएका सम्पूर्ण राजनैतिक दलहरूको समान प्रतिनिधित्व बाट भएको थियो भने मलेशियामा भिन्दै ५ सदस्यीय चुनाव आयोग रहेको छ। इण्डोनेशियामा प्रत्येक मतदान क्षेत्रभित्र पनि चुनाव आयोगको गठन गरिएको थियो भने मलेशियामा त्यस्तो गरिएको थिएन। इण्डोनेशियामा मतपत्रमा आफूले मतदान गर्न चाहेको राजनैतिक दलको चुनाव चिन्हको कोठामा किल्लाले प्वाल पार्ने र मतदान गरेर फर्कदा हातको एउटा औंला मसीमा चोपी चिन्ह लगाउने प्रथा थियो भने मलेशियामा मतपत्रमा पेन्सिलले चिन्ह लगाउने र मतदाताले कुनै पनि किसिमको चिन्ह लगाउनु नपर्ने व्यवस्था गरिएको थियो। सरसर्ती हेर्दा इण्डोनेशियाको चुनाव प्रक्रियामा राजनैतिक दलहरूको सक्रिय सहभागिता रहेको देखिन्थ्यो भने मलेशियाको चुनाव विभिन्न निकायहरूले गराएको एउटा व्यवस्थित प्रक्रिया जस्तो देखा पर्दथ्यो। तर चुनाव पर्यवेक्षकको हैसियतबाट हेर्दा इण्डोनेशिया र मलेशियाको चुनावलाई निष्पक्ष र स्वतन्त्र भन्न मिल्ने भने नदेखिएको मात्र हैन मलेशियाको चुनावमा त चुनावको आधारभूत सिद्धान्तहरूकै मिहिन रूपमा उल्लंघन गरिएको थियो।

मलेशियामा वैज्ञानिकरूपमा शान्तिपूर्ण ढंगमा सम्पन्न चुनावको नै बढी चर्चा गरिंदै छ। तर सबै शान्तिपूर्ण र व्यवस्थित चुनाव निष्पक्ष र स्वतन्त्र नै हुन्छ भन्न सकिदैन भन्ने प्रमाणको रूपमा मलेशियामा सम्पन्न आम चुनावलाई लिन सकिन्छ।

**पृष्ठभूमि**

मलेशियामा प्रत्येक ५ वर्षमा आम चुनाव हुने संवैधानिक प्रावधान छ। मलेशियामा बेलायती साम्राज्यबाट मुक्त भए यता प्रत्येक अवधिमा चुनाव हुँदै आएको छ। संसदीय व्यवस्था अपनाएको मलेशियामा साम्राज्यवाद विरोधी संघर्षताका कम्युनिष्टहरूको फैलावले गर्दा वेलायतले मलेशियालाई स्वतन्त्रता दिंदा कम्युनिष्टहरू मास्ने मनसाय सहित त्यहाँको संविधान र कानूनको निर्माण गरियो अर्थात कम्युनिष्ट पार्टीको गठनलाई गैर कानूनी बनाइएको छ भने कम्युनिष्ट वा विद्रोहीको दमनको लागि ज्यादै कठोर कानूनी व्यवस्था गरिएको छ, जस्को आडमा स्वतन्त्रता प्राप्त गरेदेखि नै सत्ताधारी दलले सबै प्रतिपक्षी दलहरूमाथि "कम्युनिष्ट" लाई लागू हुने कानूनी व्यवस्था अनुरूप नै व्यवहार गर्दै आएका छन्। त्यसैले त्यहाँ प्रतिपक्षी हुनु भनेको प्रशासनिक र राजनैतिक दमनलाई निम्त्याइनु सरह हो।

लगातार १८ वर्षको संसदीय व्यवस्थाको पर्दाभित्रको क्रुर महाथिर शासनले प्रत्येक संवैधानिक निकायमा आफ्नो पकड जमाएको छ र सबै निकायले महाथिर र उनको पार्टी UMNO को हितमा मात्र काम गर्छन्। कम्युनिष्टहरूलाई राजनैतिक व्यवस्था भित्र आउन नदिन कतिपय व्यवस्थाहरू गरिएको छ जसमध्ये एउटा हो- सेना र प्रहरीलाई मतदानको अधिकार।

दुई वर्ष अघि महाथिरले करीब करीब आफ्नो उत्तराधिकारीको रूपमा अगाडि ल्याएका अनवर इब्राहिमसित उनको मतभेद पछि अनवरलाई विभिन्न गैर राजनैतिक मुद्दाहरूमा जेलमा राखिएको छ। महाथिरले आफूलाई कट्टर राष्ट्रवादी र पश्चिम खासगरी अमेरिका विरोधीको रूपमा जन समक्ष प्रस्तुत गरेका छन् भने अनवरलाई विशेषगरी पश्चिमी राष्ट्रहरूले "प्रजातन्त्रका योद्धा" को रूपमा

चिन्हित गराउने प्रयत्न गर्दैछन्। यसै रस्साकस्सीको बीचमा समयावधि पुरा हुन एक वर्ष अगाडि नै महाथिरले आम चुनावको घोषणा गराए।

४६ प्रतिशत मले मुसलमान, ३६ प्रतिशत चिनियाँ र १२ प्रतिशत भारतीय मुलका बासिन्दाहरू रहेको मलेशियामा प्रत्येक समुदायको आ-आफ्नै राजनैतिक दल र भोट ब्यांकहरू छन्।

आमरूपमा एकले अर्को समुदायको अस्तित्व स्वीकार्ने परिपाटी रहेको मलेशियामा सबै समुदाय आफ्नो संस्कृति र धर्म मात्र हैन रहन सहन र भेषभूषामा समेत स्पष्ट पहिचान सहित रहेका छन्।

महाथिरको शब्दमा भन्ने हो भने मले, चिनियाँ र भारतीयहरूको एकता नै मलेशियाको राष्ट्रिय एकता हो।

महाथिरले चुनावको तिथी तय गर्दा धेरै कुराको विचार पुऱ्याएर गरेका थिए। मलेशियाको कानून अनुरूप २१ वर्ष पुगेका सबै नागरिकले मत दिन पाउँछन् तर उनीहरूले मतदान अगावै आफूलाई कानूनी रूपमा मतदाताको रूपमा चुनाव आयोगमा विधि पूर्वक दर्ता गराउनु पर्छ। यसरी दर्ता गर्ने प्रक्रिया पूरा गर्न करीब ८ महिना जति लाग्ने कुरा चुनाव आयोग बताउँछ।

नोभेम्बर महिना मलेशियाको लागि वर्षा यामको उच्चतम स्थिति हो। मुलतः तटवर्ती इलाकाहरूमा नोभेम्बर/डिसेम्बर महिना लगातार वर्ष र वाढीको मौसम हो। नोभेम्बरकै महिनामा पर्ने "रमादान" चाड मुसलमानको लागि ठूलो चाड हो र यस अवसरमा उनीहरू एक छाक मात्र खाने र मूल रूपमा शान्तिपूर्वक आराधना गर्ने प्रचलन रहेको छ। महाथिरले चुनाव मध्य वर्षमा ठिक रमदान अघि सम्पन्न गराएका छन्। यसरी उनले सम्भावित जन आक्रोस र उनीहरूको गतिविधिमा मौसमी र धार्मिक प्रतिकूलतालाई ध्यानमा राखेका छन्।

प्रचार प्रसारको लागि न्युनतम सात दिन दिनु पर्ने मलेशियाको कानूनलाई अक्षरशः पालन गर्दै मलेशिया चुनाव आयोगले उम्मेदवारहरूलाई सात दिनको मात्र चुनाव प्रसारको समय दिएको थियो। १८ वर्षदेखि लगातार शासनमा बस्दै आएको UMNO को लागि समय ज्यादै अनुकूल भएता पनि

*मलेशियामा बेलायती साम्राज्यबाट मुक्त भए यता प्रत्येक अवधिमा चुनाव हुदै आएको छ। संसदीय व्यवस्था अपनाएको मलेशियामा साम्राज्यवाद विरोधी संघर्षताका कम्युनिष्टहरुको फैलावले गर्दा वेलायतले मलेशियालाई स्वतन्त्रता दिंदा कम्युनिष्टहरु मास्ने मनसाय सहित त्यहाँको संविधान र कानूनको निर्माण गरियो अर्थात कम्युनिष्ट पार्टीको गठनलाई गैर कानूनी बनाइएको छ भने कम्युनिष्ट वा विद्रोहीको दमनको लागि ज्यादै कठोर कानूनी व्यवस्था गरिएको छ, जस्को आडमा स्वतन्त्रता प्राप्त गरेदेखि नै सत्ताधारी दलले सबै प्रतिपक्षी दलहरुमाथि "कम्युनिष्ट" लाई लागु हुने कानूनी व्यवस्था अनुरुप नै व्यवहार गर्दै आएका छन्। त्यसैले त्यहाँ प्रतिपक्षी हुनु भनेको प्रशासनिक र राजनैतिक दमनलाई निम्त्याइनु सरह हो।*

विपक्षी दलहरूको लागि भने प्रतिकूल वातावरणमा चुनाव सम्पन्न भएको थियो। सरकारी पक्षले महाथिरलाई अगाडि सारेको यस चुनावमा सम्पूर्ण प्रतिपक्षीहरू "अनवर" को नाममा एकजुट भएका थिए। मलेशियाको इतिहासमा पहिलो पटक सबै प्रतिपक्षीहरूले सिट विभाजन गरी महाथिरको दलसित एकका विरूद्ध एकको नीति अनुरूप उम्मेदवारी दिएका थिए। जम्मा ५ दलले भाग लिएको यस चुनावमा स्वतन्त्र उम्मेदवार कोही थिएन।

सबै जनता नै पर्यवेक्षकहरू हुन् र जनता अर्थात् मतदाताले नै चुनाव पर्यवेक्षण गर्नुपर्छ भन्दै चुनावको पर्यवेक्षण गर्न चुनाव आयोगका अध्यक्षले आह्वान गरेका थिए भने कुनै पनि अन्तर्राष्ट्रिय पर्यवेक्षक दललाई आधिकारिक रूपमा चुनाव पर्यवेक्षणको लागि निमन्त्रणा नगर्ने नीति रहेको थियो पर्यवेक्षण गर्न चाहने अन्तर्राष्ट्रिय पर्यवेक्षक दललाई पर्यवेक्षणको कार्यबाट नरोक्ने नीति पनि चुनाव आयोगको थियो। चुनाव आयोगले कुनै पनि राष्ट्रिय समूह वा संस्थालाई पर्यवेक्षण गर्ने अनुमति दिएको थिएन।

विभिन्न गैर सरकारी संस्था/संगठनका नेताहरूले महाथिर विरोधी मोर्चाको हैसियतमा आम चुनावमा आफ्नो उम्मेदवारी दिएका थिए।

**चुनाव कस्तो देखियो ?**

दक्षिण पूर्वी एशियाको अत्याधिक विकसित भनिएको मलेशियाले विकासको राष्ट्रिय नीति वा भनौं राष्ट्रवादी विकास नीति भन्ने नीति अख्तियार गरेको छ। कयौं विकाससिल राष्ट्रको माथिल्लो स्तरमा रहेको मलेशियाको महाथिरको शासन अवधि सर्वाधिक व्यवस्थित र विकास गति तिब्र भएको मानिन्छ। अमेरिकी दबाबको हौवा जनमानसमा समेत पुऱ्याउन सफल महाथिर शासनले बाह्य पूँजिको प्रवेशमा छुट दिएको छ तर पूँजिको निकासमा भने अरू आशीयान राष्ट्रभन्दा कडा नीति लिएको छ। अर्थात् मलेशियाबाट विदेशी मुद्रा बाहिरिनेमा भने उदाहरण छैन वा कम छ। उत्पादनमा विदेशी लगानीको व्यापकता छ भने मुद्रा व्यापार भने त्यति सजिलो छैन। विदेशी मौद्रिक व्यापारिक संस्थाहरूलाई खुला छुट दिइएको छैन। सबैभन्दा खास कुरो त शायद मलेशिया नै यस्तो तेस्रो विश्वको मुलुक हो जस्ले अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको ऋण लिएको छैन। मलेशियाले पश्चिमा शोषणको विरूद्ध आफूलाई विश्व रङ्गमञ्चमा उभ्याएको छ। शिक्षा, स्वास्थ्य र सामाजिक सेवामा जनस्तरसम्म पुगेको मलेशियाली सरकारको सक्षमता र विकासको मोडेल प्रभावकारी रहेको छ। एकातिर विकासको स्तरमा अगाडि बढेको छ मलेशिया भने अर्कोतिर कम्युनिष्टहरूको प्रभाव हटाउन वा कम्युनिष्टको हौवा विरूद्ध स्थापित शासक पक्षले त्यसै आवरणमा सबै प्रतिपक्षीहरूलाई गरेको दमन, उत्पीडन र हिनताको चरम स्थितिमा पुऱ्याएकोले "महाथिर मोडेल" को विकल्पको रूपमा अर्को चिन्तन वा सोचले स्थान पाएको छैन। संचारहरूमा एकलौटी प्रभाव जमान सफल शासक समूहले महाथिरले राम्रो गर्छन् भन्ने संकेत एकतर्फि रूपमा जनसारसम्म पुऱ्याएका छन्।

गौतम हुन् वा तनहुँका सरस्वतीकृष्ण श्रेष्ठ सबैले माओवादी हिंसाबाट ज्यान गुमाउन पुगे। प्रहरीबाट पनि माओवादीहरूलाई दमन गर्ने बहानामा संचालन गरिएका "किलो शेरा टु" अप्रेशनका नाममा होस् वा अहिले आएर "सर्च" को नाममा गरिएको कार्वाही होस् ती सबै कार्वाहीबाट मानवअधिकारको न्युनतम मूल्य र मान्यतालाई पनि लत्याइएको छ। गृहमन्त्री पूर्णबहादुर खड्काले संसदको सोह्रौं अधिवेशनको समाप्तिको दिन ०५६ असोज ८ गते राष्ट्रिय सभाको वैठकमा सार्वजनिक महत्वको वक्तव्य दिने क्रममा माओवादी "जनयुद्ध" शुरू भएयता भएका घटनाहरूमा ९ सय ५५ जनाको ज्यान गइसकेको जानकारी गराउनु भएको थियो। ती मध्ये करीब १ सय जना प्रहरीहरू नै मारिएका छन्।

वर्तमान सरकार गठन भए पछिका १०० दिनमा १०० नागरिकहरू १०० ले नै राज्यबाट जीवन गुमाउनु पर्‍यो। शाही नेपाली सेना (आरक्ष क्षेत्रमा रहेका) र वन रक्षकको गोलीबाट दर्जनौ नागरिकहरूको हत्या भइसकेको छ। राजनैतिक रिसइवीका कारण भएका हिंसात्मक घटनाहरूमा पनि दर्जनौ व्यक्तिहरूले आफ्नो ज्यान गुमाइसकेका छन् भने व्यक्ति रीसइवीका कारण भएका घटनाहरूमा पनि अन्य कयौंले ज्यान गुमाइसकेको अवस्था छ। यसरी हाम्रो जीवनको अधिकारको रक्षा हुन सकिरहेको छैन।

"कसैलाई पनि मनमानी ढंगले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन" भनी मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ९ मा उल्लेख गरिएको छ र हाम्रो संविधानले पनि त्यस मर्मलाई आत्मसात गरेको छ। तर व्यवहारमा त्यसको पालना भएको पाइदैन। स्वेच्छाचारी, गैरकानूनी ढंगले नागरिकहरूलाई पक्राउ गर्ने र हिरासतमा अमानवीय ढंगले यातना दिएका घटना बारम्बार दोहोरिदै आइरहेका छन्। नेपाल प्रहरीमा मानवअधिकार सेलको स्थापना भएको भए पनि प्रहरीको व्यवहारमा सुधार आएको देखिदैन। मानवअधिकार वर्ष पुस्तक १९९२ देखि १९९९ सम्म अध्ययन गर्दा ७ वर्षमा गैरकानूनी गिरफ्तारीका १३ हजार ३ सय ६२ घटनाहरूमा १२ हजार ४० नागरिकहरू पीडित भएको पाइन्छ भने प्रहरी हिरासतमा दिइएको अमानवीय एवं निर्मम यातनाका कारण हालसम्म २० जना नागरिकहरूको ज्यान गइसकेको छ। दुई वर्ष अगाडि राजधानीमै पक्राउ गरिका दर्पण वर्मा र दिपक पराजुलीको मृत्यु प्रहरी यातनाकै कारण भएको तथ्य सार्वजनिक भइसकेको छ।

घटना गत वर्षको मात्र हो। काठमाडौं बागबजारको न्यू यात्रु गेष्ट हाउसमा कार्यरत धनकुटा जिल्ला छिन्ताङ गाविस-१ का २० वर्षीय गणेश राईलाई सिंहदरबार वडा प्रहरी कार्यलयले पक्राउ गरी यातना दिएकै कारण ०५५ असोज २८ गते वीर अस्पतालमा उपचार गर्दागर्दै उनको मृत्यु भयो। उनलाई गेष्ट हाउसमा आएका ग्राहकको पैसा चोरी गरेको आरोपमा असोज २० गते पक्राउ गरिएको थियो। सो घटनाका सम्बन्धमा छानवीन गर्न बनेको सरकारी आयोगले प्रहरी निरीक्षक सहित २ जना प्रहरी जवानलाई कार्वाही गर्ने ठहर समेत गरेको थियो। हालै नवलपरासीमा पुनः त्यस्तै प्रवृत्तिको घटना दोहोरियो। पैसा चोरी गरेको आरोप लगाई प्रहरीले पक्राउ गरेको ट्रकका खलासी दोलखा भीमेश्वर नपाका सुकबहादुर तामाङलाई प्रहरीले पक्राउ गरेकोमा नवलपुर इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक धिरज प्रताप सिं समेतको निर्मम यातानाका कारण वीर अस्पतालमा उपचार गराउँदा गराउँदै पीडित राईको मृत्यु भयो। यसरी मानवअधिकारको घोर उल्लंघनका घटनाहरू एक पछि अर्को गर्दै दोहोरिदै जानुले चिन्तित तुल्याएको छ।

***यस वर्ष राजधानीबाटै विष्णु पुकार श्रेष्ठ, मिलन नेपाली, गोरेबहादुर पुर्कोटी, कमला शर्मा लगाएतका थुप्रै व्यक्तिहरु वेपत्ता बनाइए उदयपुर, सिन्धुली, महोत्तरी, काभ्रे, तनहुँ, लम्जु', नवलपरासी, गोरखा, दाङ, रोल्पा, जाजरकोट, रुकुम, बर्दिया आदि जिल्लाबाट ५० जना भन्दा बढी व्यक्तिहरु वेपत्ता बनाइए । नागरिकको ज्युधनको सुरक्षा गर्ने जिम्मेवारी राज्यको हुन्छ तर राज्यले नै नागरिकलाई वेपत्ता बनाउन थालेपछि चिन्ता बढ्न थालेको छ- कतै प्रजातन्त्र त वेपत्ता हुँदैन ?***

**वेपत्तै वेपत्ता**

"पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहित सूचना यथासक्य चाँडो नदिइ थुनामा राख्निने छैन। त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानून व्यवसायीसंग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट बंचित गरिने छैन- नेपाल अधिराज्यको संविधान ०४७ को धारा १४ को फौजदारी न्याय सम्बन्धी हकको उपदफा ५ मा उल्लेख गरिएको छ। तर विगत पंचायत कालमा ०४२ साल असार ६ गते र त्यसपछि काठमाडौं र अधिराज्यका विभिन्न भागमा वम विष्फोटन भएपछि तत्कालीन सरकारले सयौं व्यक्तिहरूलाई पक्राउ गर्‍यो। ती मध्ये डा. लक्ष्मी नारायण झा, साकेतचन्द्र मिश्र समेत ७ जनालाई सरकारले वेपत्ता पारेको थियो।

०५० असार ११ गते राजधानीबाटै प्रहरीले प्रभाकर सुवेदीलाई पक्राउ गरी वेपत्ता पार्‍यो। माओवादी जनयुद्ध शुरू भएपछि प्रहरीद्वारा नागरिक वेपत्ता पार्ने क्रम तिब्र भयो। सन् १९९८ मा मात्र ६३ जना नागरिकहरू वेपत्ता पारिए। ती घटनाहरूमा महिलाहरू पनि वेपत्ता बनाइए।

यस वर्ष राजधानीबाटै विष्णु पुकार श्रेष्ठ, मिलन नेपाली, गोरेबहादुर पुर्कोटी, कमला शर्मा लगाएतका थुप्रै व्यक्तिहरू वेपत्ता बनाइए। उदयपुर, सिन्धुली, महोत्तरी, काभ्रे, तनहुँ, लम्जुङ, नवलपरासी, गोरखा, दाङ, रोल्पा, जाजरकोट, रूकुम, बर्दिया आदि जिल्लाबाट ५० जना भन्दा बढी व्यक्तिहरू वेपत्ता बनाइए। नागरिकको ज्युधनको सुरक्षा गर्ने जिम्मेवारी राज्यको हुन्छ तर राज्यले नै नागरिकलाई वेपत्ता बनाउन थालेपछि चिन्ता बढ्न थालेको छ। कतै प्रजातन्त्र त वेपत्ता हुँदैन?

**रक्षक नै भक्षक भएपछि**

दोलखा जिल्ला गैरीमुदी गाविस-१ की १८ वर्षीय एक युवतीलाई गत जेठ २७ गते सोही ज़िल्लामा कार्यरत प्रहरी सहायक निरीक्षक (असई) राकेश कुमार सिंले पिस्तोल तेर्स्याउँदै बलात्कार गरे। पीडक असईले माओवादीको खोजीको निहुँमा पीडितको घरमा गएका थिए।

मकवानपुर गढी-३ मा रहेको माध्यमिक विद्यालयका शिक्षकद्वय रामबाबु यादव र पर्सेन प्रसाद जैसवालले सोही विद्यालयमा पढ्ने २ जना बालिकालाई ०५६ जेठ १९ गते वार्षिक परिक्षाको प्रश्नपत्र देखाउने बहानामा हेटौडा पुऱ्याएर बलात्कार गरे।

यसरी जब शान्ति सुरक्षाको जिम्मा लिएको प्रहरी र शिक्षा दिने गुरूहरूबाट दानवीय व्यवहार हुन्छ भने महिला तथा वालवालिकाहरूले आफ्नो अधिकार खोज्न कहाँ जाने? उपरोक्त घटनाहरू बाहेक पनि आफ्नै बाबु तथा नजिकको नातेदारहरू तथा सरकारी सेवामा रहेका व्यक्तिहरूबाट महिला तथा वालवालिकाहरू पीडित बनेका घटनाहरू पनि बारम्बार दोहरिंदै आएका छन्। अहिले पनि बालबालिकाहरू खाते तथा कमैया जीवन बिताउन, जोखिमपूर्ण श्रम गर्न बाध्य भइरहेका छन्।

बालबालिकाको हित तथा परोपकार गर्ने उद्देश्य देखाइ खोलिएका संस्थाहरूका संचालकहरू जिन ज्याकोश हाथ (फ्रेन्च नागरिक) र क्रिष्टोफर आए फुसर जेनकिन्स (ब्रिटिस नागरिक) बाट थुप्रै बालकहरू अप्राकृतिक यौन शोषणको मारमा पर्दै आइरहेका छन् भने अपराधीहरू कानूनको अभावमा छुटिरहेका छन्।

सन् १९८९ नोभेम्बर २० मा बालअधिकार महासन्धि पारित भएको र नेपालले एक वर्ष पछाडि सो महासन्धिलाई अनुमोदन गरेको थियो। यस वर्ष अन्तर्राष्ट्रिय वालअधिकार दिवसको दशौं वार्षिकोत्सव मनाइदैछ तर हाम्रो देशमा भने वालअधिकार वत्ति बालेर खोज्नु पर्ने स्थिति छ।

महिला तथा वालअधिकारका सवालमा भर्खरै सम्पन्न संसदको १६ औं अधिवेशनले पनि कुनै कार्यक्रम ल्याएन।

*देशका विभिन्न भागहरुमा अहिले पनि नागरिकहरु भोकमरी, अनिकाल र महामारीबाट अकाल मृत्यु भोगिरहेका छन् । कर्णाली अंचलको विकट जिल्ला हुम्लामा गत वर्ष २ सय जना भन्दा बढी नागरिकहरुले खान नपाएर मृत्यु अँगालेको तथ्य सार्वजनिक भइसकेको छ । पश्चिम नेपालमै यसपालि इन्सेफलाइटिस् जस्तो सरुवा रोगबाट २ सय भन्दा बढीले ज्यान गुमाइ सकेका छन्। भोकमरी र गरीवि प्राकृतिक अभिषाप होइन यी त राज्यको गलत नीति र उत्तरदायित्व विहीन क्रियाकलापका उपज मात्र हुन् ।*

देशका विभिन्न भागहरूमा अहिले पनि नागरिकहरू भोकमरी, अनिकाल र महामारीबाट अकाल मृत्यु भोगिरहेका छन्। क़र्णाली अंचलको विकट जिल्ला हुम्लामा गत वर्ष २ सय जना भन्दा बढी नागरिकहरूले खान नपाएर मृत्यु अँगालेको तथ्य सार्वजनिक भइसकेको छ। पश्चिम नेपालमै यसपालि इन्सेफलाइटिस् जस्तो सरूवा रोगबाट २ सय भन्दा बढीले ज्यान गुमाइ सकेका छन्। भोकमरी र गरीवि प्राकृतिक अभिषाप होइन यी त राज्यको गलत नीति र उत्तरदायित्व विहीन क्रियाकलापका उपज मात्र हुन्।

दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथाको कारण अझै पनि कयौं परिवार बाँधा जिवन विताउन बाध्य छन्। कृषि मजदुरहरूको न्युनतम ज्याल नतोकिएकोले उनीहरूले थप प्रताडित हुन परेको तथ्य एकातिर छ भने वृद्ध, असहाय, अपांग तथा भूमिहीनहरूको पक्षमा प्रजातन्त्र प्राप्त पछि कुनै ठोस काम हुन सकिरहेको छैन।

यातना गृहको रूपमा बनाइएका परम्परागत जेलहरूमा अझै प्रजातन्त्र र मानवअधिकार पस्न सकेको छैन। अधिकांश जेलहरूको भौतिक अवस्था जिर्ण भएका कारण र क्षमता भन्दा बढी बन्दीहरू राख्ने गरेका कारण जेल सुधार गृह हैन यातना गृहकै रूपमा कायम छ।

कानूनी राज र मानवअधिकारको प्रत्याभूति प्रजातान्त्रिक व्यवस्थाका प्रमुख शर्तहरू हुन्। यी प्रमुख शर्तहरूलाई उपेक्षा गरेर देशमा बहुदलीय प्रजातन्त्रको अनुभूति नागरिकहरूले गर्न असम्भव नै हुन्छ। संविधानको भावनालाई कदर गर्दै निर्माण गरिएका यातना विरूद्ध क्षतिपूर्ति ऐन ०५३ र मानवअधिकार आयोग ऐन ०५३ मानवअधिकारका पक्षमा एक दशकको विचमा भएका उपलब्धी मान्न सकिन्छ। तर यातना विरूद्ध क्षतिपूर्ति ऐनको प्रभावकारी कार्यान्वयन भएको पाइदैन भने ऐन अनुरूप मानवअधिकार आयोगको गठन अहिलेसम्म हुन सकिरहेको छैन। ऐनमा स्पष्ट व्यवस्था हुँदा हुँदै पनि हालै आएर कार्यदल गठन गरी आयोग गठन गर्ने कार्यमा ढिलाइ गरिदैछ।

मानवअधिकार सम्बन्धी विभिन्न महासन्धि, अभिसन्धि, प्रतिज्ञा पत्रहरू गरी १७ वटालाई नेपालले अनुमोदन गरिसकेको छ। नेपाल अधिराज्यको संविधान ०४७ मा पनि मानवअधिकारको प्रशस्त प्रत्याभूति दिइएको छ तर सरकारहरूको काम कार्वाहीले भने मानवअधिकारलाई लत्याइ दिएको छ। माओवादी समस्या नियन्त्रण गर्ने नाममा वामदेव गौतमको गृहमन्त्रीत्व कालमा ल्याउन खोजिएको कालो विधेयक जनविरोधका कारण फिर्ता गरिएको थियो। तर वर्तमान सरकारले आन्तरिक प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक ०५६ को नाममा नागरिक अधिकार कुण्ठित गर्ने विधेयक भर्खरै सम्पन्न संसदको १६ औं अधिवेशनमा पेश गऱ्यो। आतंककारीहरूको वम आक्रमणलाई दमन गर्ने अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले हालै अनुमोदन गरेको छ।

# अन्तर्राष्ट्रिय वृद्ध वर्ष : हात्ती आयो, हात्ती आयो, फुस्सा...

– रघुनाथ लामिछाने

मआज धेरै खुशी छु, किनकि मलाई आज मेरो छोराले कफी पिउन बोलाएको छ- ७ वर्षपछि छोराले कफी खान बोलाएकोमा हर्षको सीमा नै नरहेका युरोपियन वृद्धहरू आफ्ना समकक्षीहरूसँगको भेटमा यस्तै कुरा गर्ने गर्छन्, जुन उनीहरूको संस्कृतिमा अचम्म मान्नुपर्ने विषय पनि बन्दैन।

सन्दर्भ हो- वृद्ध वर्षको। अहिले विश्व संयुक्त राष्ट्र संघको आह्वानमा अन्तर्राष्ट्रिय वृद्ध वर्ष मनाइरहेको छ। नेपाल पनि यही अन्तर्राष्ट्रिय नामको सीमाभित्र चाहेर होस् वा नचाहेर पनि यो वर्ष मनाइरहेको छ। विकासको परिभाषा आ-आफ्नै हुन सक्छन् तर वास्तविक अर्थमा त्यो देशको सामाजिक, आर्थिक, र सांस्कृतिक पाटोको विपन्नतालाई छोडेर यसको परिभाषा गर्नु दुःसाहसबाहेक केही हुन सक्दैन। सामाजिक सुरक्षाको अवधारणालाई चुनौती सावित भएका आफ्नो बेलाका महान् हस्तीहरू अर्थात् आजका वृद्धहरूको सम्मानविना कुनै पनि राष्ट्रको स्थिति सुदृढ भएको मान्नु सुतुरमुर्गले आफ्नो मुन्टो माटोभित्र घुसारेर आफूले शत्रुलाई नदेख्नेपछि शत्रुले पनि आफूलाई देख्दैन भन्नेसरह ठान्नु भन्दा पृथक हुने देखिन्न।

विशेषगरी पश्चिमी संस्कृतिमा वृद्धहरूका लागि आफन्तले सहयोग गर्ने प्रवृत्तिमा ह्रास हुँदै आइरहे पनि पूर्वीय संस्कृतिमा यो ह्रास प्रक्रियामा केही कमी देखापर्छ। आफ्नो जीवनका महत्वपूर्ण समय देश र सन्तानको सुनौलो भविष्यका लागि सुम्पने वृद्धहरू बूढेसकालमा आफ्नै उत्पादनहरूबाट अपहेलित हुनु र उनीहरूसँगै दयाको भिख मागेर बस्ने अवस्थाको सिर्जना हुनु शुभलक्षण हुन सक्दैन। यिनै कुराहरूलाई मध्यनजर राखेर मनाउन लागिएको वृद्ध वर्षको महत्व यस अर्थमा कम मूल्यवान छैन।

कति वर्षकालाई वृद्ध मान्ने भन्ने सम्बन्धमा एकै खालको सर्वमान्य नीति कहीँ पनि भेटिँदैन। सार्क राष्ट्रमै पनि बंगलादेश र भूटानले ५८ वर्ष उमेर पुगेकालाई वृद्धको सूचीमा राख्ने गरेका छन् भने श्रीलंकाले ५५ वर्ष र माल्दिभ्सले ६५ वर्ष पुगेका नागरिकलाई जेष्ठ नागरिक भन्ने गरेको छ। भारत, पाकिस्तान र नेपालले भने ६० वर्ष पुगेका नागरिकलाई वृद्ध मान्ने नीति अंगालेका पाइन्छ। कुल जनसंख्यामा यिनीहरूको संख्या पनि देशपिच्छे फरक फरक छ अर्थात् एउटै अनुपातमा कुनै देशमा पनि वृद्धहरूको संख्या रहेको पाइन्न। ०४८ को जनगणनाअनुसार नेपालमा सम्पूर्ण जनसंख्यामा ५.८ प्रतिशत वृद्धको संख्या रहेको थियो भने हाल यो प्रतिशत बढेर ५.४७ पुगेको तथ्यांक भेटिन्छ।

अहिले नेपालमा ६० वर्ष पुगेका नागरिकको संख्या करिब १२ लाख १३ हजार पुगेको अनुमान गरिएको छ र यही क्रमले जाने हो भने आगामी ५० वर्षभित्रमा युवा पुस्तालाई यो पुस्ताले उछिन्ने सम्भावनाहरू अहिल्यैदेखि व्यक्त गर्न थालिएका छन्। विश्वमा सन् २००० मा वृद्धहरूको संख्या ६० करोड पुग्ने अनुमान पनि गरिएको छ जबकी यो संख्या सन् १९७५ सम्म २० करोड मात्र थियो। उच्चस्तरको उपचार प्रविधि र विभिन्नखाले सुविधाहरूका कारण वृद्धहरूको संख्यामा वृद्धि भएको हुनसक्ने अनुमानहरू पनि काडिएका छन्।

यसरी वृद्धहरूको संख्यामा वृद्धि हुँदै जाने तर यिनीहरूलाई समाजको प्रत्येक नयाँ पुस्ताले घाँडो ठान्दै जाने हो भने समाजको अर्थ त कलंकित हुन्छ नै, साथै जीवनको परिभाषा पनि वृद्ध बन्नुअघिसम्म मात्रका लागि भनी सच्याउनुपर्ने बाध्यता पनि ननिम्तेला भन्न सकिन्न किनकि। आफ्नो जीवनको ऊर्वर समयमात्र अर्थात् काम गर्न सक्ने समयमात्र सार्थक हुने र कमजोर हुँदै जान थालेपछि काम नलाग्ने मोटर फालिएझैं एक्लै थन्किएर बस्न बाध्य हुनुपर्ने अवस्थालाई समेत जीवनको परिभाषाभित्र जवर्जस्ती अटाउन खोज्नु मूर्खतासिवाय केही हुन सक्दैन।

यिनै सवालहरूलाई ख्याल गरेर होला, विश्व समुदायले पनि वृद्धहरूलाई सम्मान गर्नुपर्ने र उनीहरूलाई सकिन्छ भने प्रयोग पनि गर्नुपर्ने धारणा पहिल्यैदेखि अंगालेको पाइन्छ। सन् १९८४ मा मेक्सिकोमा सम्पन्न जनसंख्या सम्मेलनले समाजका वृद्ध समुदायलाई आर्थिकरूपमा क्रियाशील समुदायका रूपमा हेर्नुपर्ने धारणा पेश गरेर उनीहरूका बारेमा चासो देखाएको पाइन्छ। यसैगरी यस्ता विभिन्नखाले सम्मेलनहरूमा उनीहरूप्रति चिन्ता व्यक्त गर्ने, उनीहरूलाई कसरी समाजले सम्मान दिन सक्छ र उनीहरूको ज्ञान र अनुभवको भण्डारलाई कसरी सदुपयोग गर्न सकिन्छ भन्नेबारेमा पनि विविध प्रश्नहरू उठ्ने गरेका छन्। सन् १९९२ मा इण्डोनेसियामा भएको एसिया प्यासिफिक क्षेत्रको सम्मेलनले वृद्धहरूलाई व्यवसायिकरूपमा क्रियाशील गराउनुपर्ने धारणा राखेर वृद्धहरूप्रति चासो देखाएको पाइन्छ।

सन् १९९४ मा मनिलामा सम्पन्न सामाजिक विकाससम्बन्धी सम्मेलनले वृद्धहरूको उन्नति र हितका खातिर अनिवार्यरूपमा ध्यान दिनुपर्ने कुराहरूलाई पारित गरेर यो समूहको विकासका लागि एउटा फड्को नै मार्ने प्रयास गरेको पाइन्छ

भने सन् १९९५ मा कोपनहेगनमा भएको सम्मेलनले यी कुराहरूलाई पारित गरेर वैधता दिलाउनुका साथै विश्वका सरकारहरूलाई यतातर्फ ध्यान दिन मुन्टो बटारिदिने काम गरेको थियो। संयुक्त राष्ट्र संघद्वारा वृद्धहरूका लागि प्रतिपादित सिद्धान्तहरूमा उनीहरूको स्वतन्त्रता, सहभागिता, हेरविचार, आत्मपरिपूर्ति र सम्मानका बारेमा उल्लेख गर्दै वृद्धहरूबाट राष्ट्रले प्राप्त गरेको आर्थिक सहयोगको आधारमा कदर गरिनुपर्ने उल्लेख छ। घर, वृद्धाश्रम वा उपचार केन्द्र जहाँ बसे पनि आफ्नो हेरविचार, जीवनस्तर, इज्जत, सम्मान, विश्वास, आवश्यकता, गोपनीयता जस्ता विषयमा निर्णय गर्नुपर्दा मानव अधिकार एवं मौलिक स्वतन्त्रताको पूर्ण उपभोगका साथै आफ्ना परिवार र समुदायबाट समुचित हेरविचार तथा संरक्षणको सुविधा पनि पाउनुपर्ने व्यवस्था पनि उक्त सिद्धान्तहरूमा उल्लेख छ।

उपनिषद्को एउटा भाग तैत्तिरियोपनिषद्मा मातृदेवो भव, पितृदेवो भव भनेर सर्वप्रथम वृद्धहरूलाई देवता समान सम्मान गर्नुपर्ने धारणा हाम्रो धर्मशास्त्रले पनि विकसित गरिदिएको छ। यस अर्थमा हाम्रो धर्म पनि वृद्धहरूप्रति आभारी रहेको पाइन्छ। यिनै वर्षौंदेखिको मान्यताकै आधारमा हुनसक्छ, नेपाल अधिराज्यको संविधान २०४७ मा राज्यले समाजका असहाय, अपांग एवं बालबालिका जस्तै वृद्धहरूको उन्नति र संरक्षणका लागि विविध कदम चाल्ने नीति अवलम्बन गरेको छ । जसअन्तर्गत उनीहरूका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने प्रतिबद्धता औल्याएको पाइन्छ। यसैगरी चालू पञ्चवर्षीय योजनाले पनि वृद्धहरूको लगत खडा गर्ने, मासिक भत्ता दिने, अस्पतालहरूमा सिट छुट्याउने, सहुलियत दरमा उपचार गर्ने, सबै विकास क्षेत्रमा वृद्धाश्रम स्थापना गर्ने र गाउँ गाउँमा वृद्ध क्लबहरू बनाउने तथा विभिन्न क्षेत्रहरूमा आरक्षण, छुट आदिको व्यवस्था गर्ने उल्लेख गरेको छ।

अहिले नेपाल ४६ सदस्यीय मूल समिति गठन गरी अन्तर्राष्ट्रिय वृद्ध वर्ष मनाइरहेको छ तर संविधान र पञ्चवर्षीय योजनामा उल्लेख भएका एकाध विषयबाहेक अरू केही कार्यान्वयन हुन सकेका छैनन्। संविधान बनेको १० वर्ष पुग्न आँटेको छ र



चालू योजना लागू भएको पनि २ वर्ष बितेको छ तर यी दुवैमा उल्लेखित पक्षहरू कार्यान्वयन नहुनुले वृद्ध वर्षको औचित्य कति सावित होला ? प्रश्न तेर्सिएको छ। कति वटा विकास क्षेत्रमा वृद्धाश्रम बने ?, कुन कुन गाउँमा वृद्ध क्लब स्थापना गरिए ?, कति वटा बसमा वृद्धहरूलाई छुटको व्यवस्था गरिएको छ ?, कुन कुन अस्पतालमा जेष्ठ नागरिक वार्डको व्यवस्था छ ?, वृद्धहरूका लागि आरक्षण गरिएको क्षेत्र र स्थान कहाँ छ ?, उनीहरूको सुरक्षाका खातिर के के नयाँ र विशेष नीति नियमहरू बने ?, अहं, यस्ता प्रश्नको उत्तर कसैले दिन सक्ने छैन, उत्तर यसर्थ छैन कि यी कुनै काम भएकै छैनन्।

रूपन्देहीको दयानगर गाविसले ९३ वर्षीय नर्वदा घिमिरेलाई पुस २१ गते दोसल्ला ओढायो, भक्तपुरको बाराही पीठ विकास समितिले ८० वर्ष नाघेकालाई फागुन ७ गते सामूहिक अभिनन्दन गऱ्यो, २ महिनासम्म वृद्धसम्बन्धी नारा प्रकाशन गराइयो, लोगो तयार गरियो, निबन्ध प्रतियोगिता आयोजना गरियो- यी हुन अन्तर्राष्ट्रिय वृद्ध वर्षको अवसरमा सम्पन्न गरिएका काम बताउने क्रममा मूल समितिले गर्वसाथ दिएका कार्यक्रमहरू।

यस्ता कार्यक्रमले अरू थुप्रै त्यस्ता प्रश्न जन्माउँछन्, जसको उत्तर पनि माथिकै जस्तै छ। रत्नपार्कको सडकमा मागेर हिँड्ने ८० वर्षीय वृद्धलाई निबन्ध प्रतियोगिताले पेट भर्न सक्छ ?, १ सय रूपैयाँको दोसल्ला भन्दा १ सय रूपैयाँको खाद्यान्न नर्वदाका लागि उपयुक्त हुन सक्छ कि सक्दैन ?, नारा प्रकाशन गर्न लाग्ने रकमले पशुपति वृद्धाश्रमका वृद्धहरूलाई एक दिन नै किन नहोस् टन्न भोजनको व्यवस्था हुन किन सकेन ?, लोगो तयार गर्ने रकमले केही वृद्धलाई आउँदै गरेको जाडो छल्न पुग्ने न्यानो कपडा पुग्थ्यो कि पुग्थेन ? यी त भए सामान्य देखिएका विषय। समितिको मिटिङ, तामझाम र भत्ता तथा अन्य शीर्षकमा खर्च हुने रकमको हिसाव किताव खोज्ने हो भने कम्तिमा पनि दुई वटा वृद्धाश्रम बनी त्यसलाई वर्षौंसम्म सुचारूरूपले संचालन गर्न अक्षय कोषको समेत व्यवस्था हुन सक्नेतर्फ ध्यान जाने कसको ?

यसरी विश्वका विभिन्न सम्मेलन, कार्यक्रमहरूले वृद्धहरूका बारेमा चिन्ता र चासो व्यक्त गर्दै आएका छन् एकातिर भने अर्कोतिर व्यवहारचाहिँ वास्तविक अर्थभन्दा देखावटीमा मात्र देखिएको छ। नेपालको सन्दर्भमा भन्नुपर्दा विनियोजित रकम सिध्याउने र त्यो अवधिभर आफ्ना केही मानिसलाई उकास्नेबाहेक यस्ता वर्षहरूले केही गर्न सक्ने सम्भावना अहिलेसम्मको क्रियाकलापले देखाएको छैन। यसैले माथि नै भनिसकिएको छ कि नेपाल नचाहेरै पनि अन्तर्राष्ट्रिय वर्ष मनाउन बाध्य भइरहेको छ।

यस्तै पेरिफेरीमा सबै उमेरका लागि समाज भन्ने मूल नाराका साथ विश्वभर मनाइन लागेको अन्तर्राष्ट्रिय वृद्ध वर्षले वृद्धहरूमा बहार ल्याओस्। मूल नारामा समाहित अर्थ सार्थक बनोस् अर्थात् समाज क्रियाशील समूहका लागि मात्र हुने निष्ठुर वस्तु सावित नहोस् भन्ने कामना गर्नु अन्यथा नहोला।

अन्त्यमा, एक जना काठमाडौं शहरका परिचित धनाढ्य परिवारका मुलीले गरेको गुनासो- हेर न यार, छोराछोरी सबै बोडर्स, आफू पनि बिजी, श्रीमती आमाको मुखसमेत हेर्न मान्दिन, काम गर्ने केटी पनि बूढीको कपडा धुनै घिन लाग्छ भन्छे, त्यो बूढीलाई यसो कतै वृद्धाश्रमतिर राख्न मिल्दैन भन्या, बरू यसो कसैलाई ख्वाउनु परे पनि....।

- कुन्दन अर्याल

# मैले नियासो यसरी मेटें

लाखौं मानिस थिए होलान्। तर सबै कुनै न कुनै रूपमा नाची रहेका थिए। ननाच्ने कोही थिएन। शायद त्यहाँ हात बाँधेर उभ्भिने म मात्रै थिएँ होला।

म ज्यादै असजिलो र अप्ठ्यारो मानिरहेको थिएँ। नाच्न पनि सकि रहेको थिइन। आफूलाई सहज रूपमा उनीहरू वीच प्रस्तुत गर्न पनि सकिरहेको थिइन।

कोही मच्ची मच्ची नाची रहेका थिए, कोही जीउ मर्काइ रहेका थिए, कोही टाउको हल्लाइ रहेका थिए, कोही खुट्टा मात्रै भए पनि हल्लाइ रहेका थिए।

अति शक्तिशाली स्पीकरहरूबाट ज्यादै ठूला ठूला स्वरमा गीत-संगीत घन्काइदै थियो। स्वर यति चर्को थियो-मुटुमा कम्पन हुन्थ्यो। कास्वे बालबालिकालाई घिसार्दै धेरै आमाहरू आएका थिए। केटा-केटी कहालीएर रून्थे, आमाहरू संगीतमा झुमेर नाच्थे। तर कैयन केटाकेटी भने त्यस्तो चर्को हल्ली खल्लीमा पनि मस्त निदाइरहेका थिए।

सबै पूर्णतः आजाद थिए। वियरका क्यानहरू बाटोमा जहाँ तहाँ मिल्क्याउन पनि त्यस दिन छुट थियो। कतिले मुखमा रंगहरू पोतेका थिए। ठाउँ ठाउँमा अनुहारमा रंगहरू पोत्ने मानिसहरू बसेका थिए। आमाहरू आफ्ना छोराछोरीलाई अनुहारमा कालो-नीलो-पंहेलो रंग लगाइदिन लाइनमा बसाउँदै थिए। अनुहार रंगाइ दिए पछि रंग लगाई दिने मानिस केटाकेटीलाई ऐना देखाएर सन्तुष्ट पार्थ्यो।

पोलेको मकै, पोलेको कुखुराको मासु, जाँड, रक्सी जहाँ तहाँ सजाएर राखिएको थियो। खानेहरू खाइरहेका थिए, हिंड्नेहरू हिंडिरहेका थिए। तर सबै कुनै न कुनै रूपमा नाची रहेका थिए।

कालो पाइन्ट र सेतो सफा सर्टमा दुई- दुई जनाको प्रहरी दस्ता ठाउँ-ठाउँमा घुमीरहेको थियो। प्रहरी हेलीकप्टरबाट निगरानी राख्दै थिए। तर आम मानिसलाई आतंकित पार्ने गरी प्रहरीको डरलाग्दो उपस्थिति थिएन। दंगा प्रहरी त्यहाँ थिएनन, सेतो-कालो पोशाकमा रहेका प्रहरीसंग पनि ठूला ठूला बन्दूक थिएनन्।

सबैको घाँटीमा सिठ्ठीको माला वा हातमा भोंपू थियो। यति चर्को हल्ली-खल्ली थियो- कसैसंग कुराकानी गर्न मुश्किल थियो।

सब आजाद थिए। सबका सब उड्न सक्ने भए उड्ने मनस्थितिमा थिए। एउटी थसुल्ली यस्तरी नाच्दै थिइ-म मरी मरी हाँसें। एउटा केटोले इशारा गरेर पर देखायो। यस्सो हेरेको त कानमा बेस्कन सिठ्ठी फुकी दियो। एक हुल बालकहरू आए। दुईटाले पछाडीबाट खुवै मुक्केवाज जस्तो गरी मलाई हिर्काउन थाले। मलाई केटाकेटीको उद्दण्डता देखेर हाँसो उठ्यो।

यस्तो अस्तव्यस्त वातावरणमा सेभ दी चिल्ड्रेनका कार्यकर्ताहरूको ध्याउन्ना अर्कै थियो। उनीहरू संसारका विभिन्न भागका लडाईंहरूमा भइ रहेको बालबालिकाको प्रयोगको विरूद्धमा हस्ताक्षर संकलन गरी रहेका थिए।

रातो टी शर्ट, जस्मा लेखिएको थियो - सेभ दी चिल्ड्रेन। सबै कार्यकर्ताले त्यही लगाएका थिए। सबैको हातमा एक- एक वटा क्लीप वोर्ड थियो। र, ती क्लीप वोर्डहरूमा सही गराउने कागज च्यापीएका थिए। कागजमा माथि पट्टी ठूल्ठूला अक्षरमा लेखिएका थिए- "आई अब्जेक्ट चाइल्ड सोल्जर।"

शुक्रवार राती मलाई फोनमा एडमले भनेको थियो- " यो शनीवार देखि सोमवारसम्म नटिङ्गहीलमा भव्य कार्निभल छ। यो शताब्दीकै सबभन्दा अन्तिम भव्य कार्निभल, झण्डै दस लाख मानिस आउँछन, सारा युरोपबाट मानिस आउने छन्।"

मैले भनें " अब जे चिज पनि यो शताब्दीको अन्तिम त हुने भयो नि।"

उ बेस्सरी हाँस्यो र त्यसपछि उसले भन्यो- आइतवार हामी त्यहाँ हस्ताक्षर संकलन गर्दै छौं, तिमी पनि आउन। रमाइलै हुन्छ।

मैले भनें " अवश्य आउने छु---।"

आइतवार म उसले भनेको भन्दा पन्ध्र मीनेट चाँडै नै पुगें। कार्निभलका खाद्य व्यापारीहरू धमाधम तयारी गर्दै थिए। ठाउँ-ठाउँमा स्पीकरहरू मिलाईंदै थियो।

मलाई त्यसबेला नेपालका हाट बजारहरूको सबेरैको तयारी जस्तै लाग्यो। सेभ दी चिल्ड्रेनको टी शर्ट लगाउनेहरूले हार्दिकता दर्शाए। उनीहरूले भने " एडम आउँदैछ, हाम्रो लरी अल्मलियो, ऊ तारतम्य मिलाएर आउँछ।"

एडम नआउँदै मैले हस्ताक्षर संकलन शुरू गरें। तर त्यो काम सजिलो थिएन। सबै आ- आफ्नै उत्सवको मनस्थितिमा थिए। कोही कुनै पनि किसिमको गंभीर कुरा सुन्न तयार थिएनन्। केही यसो क्लीप वोर्ड देखाउन खोल्दा मात्र पनि परैबाट हातले पन्छाएको इशारा गर्थे। कोही नजिकै पुगे पछि नकार्थे।

मुश्किलले करीब पन्ध्र वीस मीनेटमा दुई हस्ताक्षर जम्मा गरें। एउटी बुढी बुढी भारतीय जस्ती आइमाई आउँदै थिई, त्यसलाई भन्छु भनेर यसो अघि बढेको त त्यो रोए जस्तै गरी भन्न थाली " मलाई तैंले

*कालो पाइन्ट र सेतो सफा सर्टमा दुई-दुई जनाको प्रहरी दस्ता ठाउँ-ठाउँमा घुमीरहेको थियो। प्रहरी हेलीकप्टरबाट निगरानी राख्दै थिए। तर आम मानिसलाई आतंकित पार्ने गरी प्रहरीको डरलाग्दो उपस्थिति थिएन। दंगा प्रहरी त्यहाँ थिएनन, सेतो-कालो पोशाकमा रहेका प्रहरीसंग पनि ठूला ठूला बन्दूक थिएनन्।*

चाहीं बताइदिनै पर्छ, नटिङ्गहील ट्यूब स्टेसन कहाँ पर्छ "

मैले भनें " प्रहरीले बताइहाल्छन नी"। त्यो त झण्डै झण्डै रोएर भन्न थाली " कोही कता भन्छन्, कोही कता भन्छन्, म त हैरान भइ सकें।"

मैले भनें - म त यहाँको मान्छे होइन, तँ नै बरू बेलायतकै मान्छे जस्तै छस् त्यो झर्किएर भन्न थाली " ल म त यहाँको होइन, तर जस्लाई सोधे पनि किन म यहाँको होइन भन्छन्, यहाँको मान्छे सबै कहाँ गए त ?"

म त ज्यादै अलमल्ल परें। एउटी काली केटी छेउमै रोकेको कारमा ढोका खोलेर बसेकी थिई। त्यो आइमाई त उसको छेउमै थ्याच्च बसेर रून थाली " म त हिंड्दा हिंड्दा थाकी सकें, मलाई नटिङ्गहील ट्यूब स्टेशन सम्म पुऱ्याई देउन बाबा।" त्यो केटी भन्दै थिई " यो मेरो कार होइन, मेरो ब्वाई फ्रेन्डको हो।" म त्यत्तिक्कैमा टाप ठोकें। अलि पर पुगेर मैले तेश्रो नम्बरमा आफैले हस्ताक्षर गरें ।

एडम आए पछि हाम्रो हस्ताक्षर अभियान मध्य भीडभाडको इलाकामा पुग्यो। त्यहाँ त यति गाह्रो थियो- बोलेर कसैलाई संझाउने-बुझाउने कुनै गुँजाइस थिएन। कोही एक शब्द पनि पढ्ने मनस्थितिमा थिएन। तै पनि सबका सब राता टी सर्टवालहरू आफ्नो अभियानमा जुटीरहेकै थिए।

बाटामा विभिन्न उत्पादनका प्रचारकहरू भेटिन्थे, राता टिशर्टवालहरू तिनीहरूको कुरा अरूले भन्दा निकै ध्यान दिएर सुन्थे, अनि अनुरोध गर्थे-हस्ताक्षर गर्न। एक ठाउँमा कुनै चुरोट कम्पनीका प्रचारकहरू धुम्रपान गर्नेहरूलाई सही गराईरहेका थिए। कोही राटो टिशर्टवालहरूले सही गरीसकेपछि तिनीहरूलाई पनि बाल सेनाका विरूद्धमा हस्ताक्षर गर्न लगाए। पर्चा बाँड्नेहरूसंग हार्दितापूर्वक पर्चा ग्रहण गर्दै रातो टी शर्टवालहरू तिनीहरूलाई पनि सही गराउँदै थिए।

खाना खाने वेला भयो। सबैले आ-आफैं आफूलाई मन पर्ने खानेकुरा खाए। खाउन्जेलको छुट्टि पछि उनीहरू फेरी जुटे। वास्तवमा मलाई त्यसवेला सम्म गाह्रो लाग्न थाली सकका थिया। म मन लागा नलागा हिंडी रहेको थिएँ।

दिउँसोको खानाको समयपछि कार्निभलमा रौनक थपिएको थियो। त्यति बेलासम्म मानिसलाई जाँड रक्सीले अझ बढी रसिक बनाउन थाली सकेको थियो। कोही कसैलाई, कसैसंग मतलव थिएन।

सेभ दी चिल्ड्रेनका कार्यकर्ताहरू त्यस्तोमा पनि तन्मयका साथ हस्ताक्षर संकलनमा जुटीरहेका थिए। वास्तवमा उनीहरू पानीको विपरित धारमा पौडिरहेका थिए।

खाना खाएको करीब एक घण्टा पछि मैले त क्लीप वोर्ड जिम्मा लगाएँ। म मेलाको रमाइलो हेर्न थालें। सबै मेलामा झेलेका थिए, भूलेका थिए। म असहज अवस्थामा थिएँ। म आफूलाई अरू भन्दा फरक पाई रहेको थिएँ।

मैले क्लीप वोर्ड जिम्मा लगाएर पनि आनन्द मान्न सकिन। किनकी उनीहरू सबै हस्ताक्षरका निम्ति संघर्ष गरि रहेकै थिए।

बेलायतको व्यस्त जीवनमा कसैलाई कसैको कुरा सुन्ने फुर्सद छैन। झन विदा र रमाइलो क्षणमा कोही कुनै कुरामा चिन्तीत भएर हस्ताक्षर गर्न किन अघि सर्थे ?

हाम्रो देशमा सडक छेउमा कुनै हस्ताक्षर वा यस्तै कुनै अभियान सञ्चालन गर्दा मान्छे जम्मा हुन बेरै लाग्दैन। मान्छेलाई हामी कहाँ मजाले अरूको कुरा सुन्ने फुर्सद पनि छ।

मैले सोंचे- हाम्रो देशमा भएको भए म त्यति बेलासम्म पाँच दोब्बर हस्ताक्षर बटुली सक्थेंहोला।

उनीहरूको तन्मयता देखेर म त नतमस्तक भएँ । मलाई लाजै लाग्यो। मैले क्लीप वोर्ड फिर्ता मागें। र, मन लागि नलागी म पनि फेरी हस्ताक्षर संकलन गर्न पट्टि लागें।

त्यतिबेला सम्म स्टील ब्याण्ड सहितको सेभ दी चिल्ड्रेनको लरी आइ पुग्यो। स्टील व्याण्डको धुन कडा र आकर्षक थियो। फुर्तिला युवाहरू जोड जोडले स्टीलका ड्रमहरू ठोक्दै गजबको धुन निकाली रहेका थिए।

राता टी शर्टवालहरू स्टलि ब्याण्डको धुनमा झुम्दै उफ्रिदै, नाच्दै हस्ताक्षर संकलन गरि रहेका थिए। एडम तिनै मध्यको एउटा थियो। उ निकै फुर्ति साथ यता उता गरि रहेको थियो। उ मेरो हेरचाह पनि गरि रहेको थियो। र ऊ बेला बेला म तिर फर्किएर मुस्काउँथ्यो।

मलाई लाग्यो शायद ऊ मलाई बताइरहेको छ- हेर हामीकहाँ सामाजिक काम गर्न कति गाह्रो छ। हेर हामी कहाँ अभियान सञ्चालन गर्न कति गाह्रो छ। तिमीहरूकहाँ जस्तो मान्छेलाई कुरा सुन्ने फुर्सद यहाँ छैन।

एडमहरूले त्यति गाह्रोसंग पनि त्यस दिन साढे तीन हज्जार भन्दा बढि हस्ताक्षर संकलन गरे। श्रीलंकादेखि अनेक अफ्रिकी राष्ट्रहरूसम्ममा केटाकेटीहरूको सैन्य प्रयोजनका निम्ति भइ रहेको प्रयोगका विरूद्धमा आयोजित त्यो हस्ताक्षर अभियान विश्व शान्तिको पक्षमा देखिएका एउटा आशाको किरण थियो।

संसारमा युद्ध छ, अशान्ति छ। केटाहरू माथि ज्यादति भइ रहेको छ। र, सारा मानवतामाथि थिचोमिचो भइरहेकै छ। तर ती सारा थिचोमिचो र ज्यादतिहरूका विरूद्धमा असहमतिका हातहरू पनि त उठीरहेका छन।

नटिङ्गहील कार्निभलबाट एडम र उसका साथीहरूसंग विदाइका हात मिलाउँदा मैले त्यसैकारण सन्तोषको अनुभव गरें। र, मैले देखें हामीले हाम्रो देशमा गरे भन्दा कम उनीहरू पनि गरि रहेका छैनन्। मैले त्यही कारण घरेलु वातावरणको अनुभव गरें। नियास्रो अलिकति मेटें।

*एडमहरुले त्यति गाह्रोसंग पनि त्यस दिन साढे तीन हज्जार भन्दा बढि हस्ताक्षर संकलन गरो श्रीलंकादेखि अनेक अफ्रिकी राष्टुहरुसम्ममा केटाकेटीहरुको सैन्य प्रयोजनका निम्ति भइ रहेको प्रयोगका विरुद्धमा आयोजित त्यो हस्ताक्षर अभियान विश्व शान्तिको पक्षमा देखिएको एउटा आशाको किरण थियो ।*

रेडियो नाटक

# कुरा गर्‍यो कुरैको दुःख

*– मनोज गजुरेल*

*(काका घरमा डोको बुनेर बसिरहेको हुन्छन्। शिक्षिका मुडामा बसिरहेकी छिन्)*

**काका :** अब त बल्ल थाहा पायौ होला नि ! "बाह्र छोरा तेर नाती, मर्ने बेलाँ लौरो साथी" भन्ने कुरो ! कुरा गर्‍यो कुरो कै दुःख !

**शिक्षिका :** हैन ! प्रसंग नै विना, के छोरा र नाती को कुरो गर्नु भएको काका !

**काका :** टाउको खाने कुरा गर्नलाई पनि प्रसंग चाहिन्छ र। बुद्धि बस्ने ठाउँमा किरो पसेपछि- प्रसंग न बेप्रसंग। कुरा ...

**शिक्षिका :** तै पनि त ! कुरो के रहेछ ? के ले तपाईको टाउको खायो कुन्नि।

**काका :** मान्छे बिग्रो सुराले- टाउको खायो कुराले। त्यही भएर त म बारम्बार भन्ने गर्छु नि ! कुरा गर्‍यो कुरैको दुख।

**शिक्षिका :** अहिले चाहीं काकाले सही कुरो गर्नु भो। सुरा, मध्यपान गर्दा अहिले हाम्रो समाजमा धेरै मान्छे बिग्रिएका छन्।

**काका :** सुराले हैन, कुराले गर्दा मान्छे बिग्रिएका हुन्। मनमा कुरा नखेले पछि सुरा खान पर्दैन। सुरा नखाए पछि मान्छे बिग्रने कुरो भएन। हाम्रो भैरूङे माइलो हेर त। कुराले गर्दा कस्तो नराम्रो बिग्रियो।

**शिक्षिका :** के भयो र भैरूङ्गे माल्दाईलाई।

**काका :** के हुनु, स्वास्नीको लहलहैमा लागेर बाबुलाई घरबाट निकाली दिएछ। कुराले मान्छे बिग्रियो कि बिग्रिएन ? कुरा गर्‍यो कुरैको .....।

**शिक्षिका :** कुराले मान्छे बिग्रिएको त हो काका, तर स्वास्नीको लहैलहैमा लागेर बिग्रिएको भन्ने चाहि होइन है।

**काका :** किन हुन्थ्यो त ! तिमी जे सुकै भन- बाह्र छोरा तेह्र नाती मर्ने बेलामा लौरो साथी। विहा नगरून्जेलसम्म त्यो भैरङ्गे बाबुलाई देउता झैं मान्दथ्यो। अहिले आएर लौरोले हान्न थालेछ। कुरा गर्‍यो ....।

**शिक्षिका :** भैरूङ्गेकी श्रीमतीले त त्यसो गरेकी छैनन् नि ! भरखर ल्याएकी श्रीमतीको कुरा सुनेर बाबु कुट्छ भने, भैरूङ्गे पो खराब भयो।

उसकी श्रीमतीलाई यस्तो र उस्तो भन्नु भनेको महिला माथी पुरूषको गल्तीको दोष थोपर्नु त भएन नि !

**काका :** दोष त भैरूङ्गेको पनि छैन नि। दोष छ त दुख पाउने त्यही भैरूङ्गेका बाबुको छ। कुरा गर्‍यो कुरैको दुख।

**शिक्षिका :** बाबुको किन ? दोष त भैरूङ्गे कै छ नि।

**काका :** छैन, भैरूङ्गेको दोष। बाह्र छोरा तेर नाती- मर्ने बेलामा लौरो साथी भन्ने रित थाहा हुँदाहुँदै बेकारमा छोराछोरी किन पाउनु पर्‍याथ्यो?

**शिक्षिका :** काका पनि नचाहिने कुरो मात्रै गर्नुहुन्छ। विवाह नै नगर्ने हो भने यो श्रृष्टि र संसार कसरी चल्छ?

**काका :** जसरी मेरो संसार चलेको छ, त्यसै गरी चल्छ। खै मेरो विवाह नै नगरी चलिराखेको छ भने, त्यसलाई कुन संसार चाहिएको हो?

**शिक्षिका :** तपाई एक जनाको समस्या समाधान सबैको समाधान हैन काका। यहाँ त भैरूङ्गेले वृद्ध बाबुलाई खान लाउन नदिइकन घरबाट निकालेको छ। यस कुरोको समाधान पो खोज्नु पर्छ त काका।

**काका :** समाधान हराएको भए पो खोज्ने कुरो हुन्छ। बैलेमा सावधान हुने। त्यही सावधान नै समाधान हो। मेरो हेर न, न छोराले पिट्ला भन्ने डर छ, न त बुहारीले डांट्ने गर्छे। बुद्धि नभएपछि कुरा गर्‍यो कुरैको दुख।

**शिक्षिका :** त्यो त तपाईको व्यक्तिगत समस्याको समाधान भयो। अब भैरूङ्गेका बाबुलाई पनि छोरोबाट अधिकार दिलाउनु छ। के गर्ने त?

**काका :** अब के गर्ने नि ! गर्ने ठाउँ नै छैन। अब बुढो डुब्यो नानी।

**शिक्षिका :** डुबेको हैन काका। तपाईलाई थाहा होला विश्वमा अहिले विश्ववृद्ध वर्ष मनाइदैछ। यसरी पनि सम्मान भइरहेको छ बृद्धहरूको। अनि।

**काका :** विश्वमा के भइरहेको छ भन्ने कुरो त्यो पाती पढेर खाने भैरूङ्गेका बाबुले के गरी चाल पाउँछ?

**शिक्षिका :** त्यही थाहा नपाएकाहरूलाई जगाउने काम त हामी मानवअधिकार कार्यकर्ताको हो काका। आफ्ना बाबु आमालाई देउता मानिन्छ। उनीहरूको सम्मान गर्नु प्रत्येक सन्तानहरूको दायित्व र कर्तव्य पनि हो। भैरूङ्गे ...

**काका :** भैरूङ्गेलाई पो सिकाउनु पर्छ यस्ता कुरा। हामी विना छोराका बाउलाई यस्ता कुरा बेरोजगारीलाई आइतबार न शनिबार।

**शिक्षिका :** उसलाई पनि शुरूमा भन्ने कुरो त यही हो ! तर यस्तो भनाईले उ मान्ला जस्तो चाहिं छैन।

**काका :** नमानी सुख ! पाता कसेर ढींगुरामा हालेपछि- कुरा गर्‍यो कुरैको दुख।

**शिक्षिका :** त्यही त। एक त वृद्धहरूको सम्मान गर्नु प्रत्येक नागरिकको नैतिक कर्तव्य हो त्यसमाथी जन्म दिने बाबुलाई घरबाट निकालेर सामाजिक अपराध गरेको छ उसले। लौ माने छ भने सम्झाउ क्यारे। हैन भने ...।

**काका :** हैन भने कुरै त्यही हो। कुरा गर्‍यो कुरैको दुख।

(काका घर भित्र पस्छन्।)

# खरदारमा रिटायर बैदारमा बहाली

- राजव

रिटायर हुने सब बेरोजगार हुँदैनन्। किनभने ती मध्ये कत्ति पुनः रोजगारीमा सम्बद्ध भैहाल्छन्। र, आफ्नु रिटायरमेण्टको खिल्ली उडाउन थाल्छन्। किनभने ती आफ्नू पूर्व पदको ख्यालै नगरी नयाँ नोकरीको रोजगारीमा लाग्छन्। त्यस्तो नयाँ रोजगारीको आकर्षणले गर्दा तिनलाई आफू कुनै समय सचिव थिएँ, डाइरेक्टर थिएँ, जियम थिएँ भन्ने स्मरण हुँदैन। किनभने आफ्नू त्यस्तो पूर्वपद चटक्क विर्सेर रिटायर हुने वित्तिकै ती कुनै न कुनै मारवाडीको वैतनिक सल्लाहकार बन्न पुगेका हुन्छन्। सरकारको सल्लाहकार भइसकेको व्यक्ति मारवाडीको सल्लाहकार हुन पुगेपछि सरकारको के इज्जत रह्यो तपाईं नै पर्गेल्नुस्। अब त्यस लोभीलाई सरकारको सल्लाहकार भैसकेको मान्छे किन मारवाडीको सल्लाहकार हुन पुगेको भनेर सोध्यो भने उल्टै घुक्र्याउँदै भन्छ :

"सरकारले मेरो दरकार नदेखेर घोक्र्याएपछि के गर्नु त ?"

त्यसो त सरकारले पनि त्यस्ता केहीलाई कुनै सरकारी समितिमा, कुनै बोर्डमा, कुनै आयोगमा नियुक्त वा कुनै देशको वाणिज्यदूत, राजदूत बनाएर मारवाडीको सल्लाहकार हुनबाट जोगाएको छ। तर, त्यसरी सरकारले सबैलाई यस संक्रामक रोगबाट जोगाउन सकेको छैन। किनभने सरकारी नजरमा ती सबै राजदूत-साजदूतको लागि लायक हुँदैनन् र ती मारवाडीको दूत हुन पुग्छन्। त्यस्तै कुनै संस्था वा बैंकको जियम छ भने कुनै मारवाडीको मैनेजर हुन पुगेको हुन्छ। कहाँ बैंक वा संस्थानको जियम र कहाँ मारवाडीको मैनेजर? तर भनेर के गर्नु त्यस्ता जियमलाई मारवाडीको मैनेजर हुन पनि मञ्जुर हुन्छ। यसैलाई भन्छन् खरदारमा रिटायर बैदारमा बहाली। यस किसिमको बैदारमा बहाली हुने भुतपूर्व थुप्रै जेठा, कान्छा सरकारी औ अर्धसरकारी उच्च, निच्च (उच्च भएपछि निच्च पनि हुनुपर्छ भनेर प्रयोग गरेको) अधिकृतहरू छन्। तथ्यांकको अभावले गर्दा ती सबको लेखाजोखा यहाँ संभव छैन। तथापि केही भनियो। केही भनिनेछ। अगाडि बढौँ।

त्यस्तै ..... अब हेर्नुस् कुनै समयको पुलिसको डिएसपी कुनै कारखानाको गेटपाले भएको देखिन्छ। त्यस्तै कुनै समयको सिडिओ भिडियो चलाएर बसेको देखिन्छ। कुनै समयको न्यायाधीस लेखनदास भएर बसेको देखिन्छ। यस्ता देखिने कुराले एउटा सुखद संकेत देखायो। नेपालमा उच्च ओहदाधारीले रिटायर भएर पनि कुनै मारवाडीको, व्यापारीको सेवा गर्न मन लाग्यो भने पाउँदारहेछन्। तर, यस्तो भए पनि सबैले यस्तो सेवा गर्न पाउँदैनन्। किनभने यसको लागि सरकारी ओहदामा बहाली हुँदै तिनले व्यापारी औ मारवाडीसँग लिंक मिलाएको हुनुपर्छ। तथापि मारवाडी औ व्यापारीसँग लिंक नहुने रिटायरसँग सोध्यो भने ती पनि आफू बेकार छु भन्दैनन्। किनभने ती रिटायरसँग "आजकाल के गर्दै हुनुहुन्छ ?" भनेर सोध्यो भने ती रामनाम वा राधाकृष्ण जपेर बसेको छु भन्दैनन्। बरू भन्छन् :

"कुखुरापालन गर्दै छु"

"बट्टाइपालन गर्दै छु"

"खरायोपालन गर्दै छु"

"पाउरोटी उद्योग खोलेको छु"

"धुप उद्योग गरेको छु"

"चाकु तथा पुष्टकारी उद्योग खोलेको छु।"

याने ती जवाफदाताहरू रिटायर भएपछि उद्योगपति भए। यसको मतलब नेपालमा उद्योगधन्दा बढाउन कर्मचारीलाई रिटायर गरिदिए हुने रहेछ। किनभने आजसम्म मैले सोधेको कुनै पनि कर्मचारीले उद्योग नगरेको भेटिएन। जुनसुकै रिटायरलाई सोधे पनि ऊबाट उसले कुनै न कुनै उद्योग गरेकै पाइयो। त्यसैले होला प्रजातन्त्रको पुनर्स्थापनापछि सरकारले पटापट केही कर्मचारीलाई रिटायर गरेको, देशमा उद्योगधन्दा पनि बढ्ने र मन नपरेका कर्मचारी पनि हट्ने- क्या मजा ! यै अवधारणाअन्तरगत सरकारले राजनीतिक मनसाय राखेर त्यसरी कर्मचारी पटापट निकालेको हुनुपर्छ। फलतः सरकारले नचाहेका कर्मचारी पनि घटे र देशको घरेलु उद्योग पनि बढ्यो। किनभने मेरो हातमा अहिले सरकारले सर्कुलेट गरेको औद्योगिक डाटा छ जसमा कर्मचारी निकालिएपछि देशको उद्योगको संख्या बढेको पाइन्छ। त्यही डाटा भन्छ रिटायर कर्मचारीको सङ्ख्या बढेपछि नेपालमा पत्रिका र पत्रकारको सङ्ख्या पनि बढ्यो। किनभने रिटायर भएका कतिपय चतुरा कर्मचारी "कुखुरा पालन, भैंसी पालन, बंगुर पालन" जस्ता श्रमपूर्ण पशुपालनमा नलागेर लाभदायक पत्रकारिता पालनमा लागे छन्। त्यस्ता कतिपय कर्मचारीलाई मैले "आजकाल के गर्दै हुनुहुन्छ" भनेर सोध्दा तिनले भनेका थिए :

"नेपाल हित साप्ताहिक पत्रिका निकाल्ने गरेको छु, पढ्नु भएको छैन र ?"

**कुनै समयको पुलिसको डिएसपी कुनै कारखानाको गेटप'ले भएको देखिन्छ। त्यस्तै कुनै समयको सिडिओ भिडियो चलाएर बसेको देखिन्छ। कुनै समयको न्यायाधीस लेखनदास भएर बसेको देखिन्छ। यस्ता देखिने कुराले एउटा सुखद संकेत देखायो। नेपालमा उच्च ओहदाधारीले रिटायर भएर पनि कुनै मारवाडीको, व्यापारीको सेवा गर्न मन लाग्यो भने पाउँदारहेछन्। तर, यस्तो भए पनि सबैले यस्तो सेवा गर्न पाउँदैनन्। किनभने यसको लागि सरकारी ओहदामा बहाली हुँदै तिनले व्यापारी औ मारवाडीसँग लिंक मिलाएको हुनुपर्छ। तथापि मारवाडी औ व्यापारीसँग लिंक नहुने रिटायरसँग सोध्यो भने ती पनि आफू बेकार छु भन्दैनन्।**

"पत्रकारितामा लागेको छु र सत्य दैनिक पत्रिका निकाल्छु"

"हरि हरि साप्ताहिकको सम्पादक छु"

"न्यूरोड पिपलबोट दैनिक पत्रिका प्रकाशन गर्छु"

"नेपाल करनर वीकली निकाल्ने गरेको छु"

यसरी रिटायर कर्मचारीले नेपाली पत्रकारितामा पनि पुनः रोजगारी पाएका छन्। र, नेपालको धमिलो पत्रकारिता उद्योगलाई उजिल्याउने काम गरिरहेका छन्।

यसैले भनिएको हो नेपाली कर्मचारी रिटायर भएर पनि टायर हुँदैनन्। किनभने ती फुटपाथमा हिँडिरहेकै देखिन्छन्। मैले भरखरै करको एक रिटायर डाइरेक्टर भेटें। तर, उहाँको अनुहारमा रिटायरमेण्टको अवसाद विलकुल देखिन। त्यसकारण उहाँसँग सोधें :

"आजकल के गर्दै हुनुहुन्छ ?"

उहाँले भन्नुभयो- "अग्रवाल ग्रुप अफ इण्डष्ट्रिजको सल्लाहकार छु"

यस्तै उहाँकै अफिसको रिटायर पिउनसँग पनि सोधें। उसले पनि भन्यो- "अग्रवाल ग्रुप अफ इण्डष्ट्रिजको सल्लाहकार छु हजुर"

डाइरेक्टर पनि सल्लाहकार, पिउन पनि सल्लाहकार, के हो ? बुझ्न नसकेर मैले त्यस ग्रुपको म्यानेजिङ डाइरेक्टरसँग सोधें- "त्यसो किन ?"

उसले भन्यो- "हामीलाई हाकिमको बेडरूमसम्म कसरी पुग्ने भन्ने सल्लाह त पिउनै दिन्छ नि हजुर ... त्यसकारण त्यस्ता पिउनलाई पनि सल्लाहकार बनाउन आवश्यक हुन्छ। ती कुनै-कुनै हाकिमभन्दा बढी काम लाग्ने हुन्छन्"।

मलाई यो कुरोले महत्वपूर्ण मन्त्रालय, विभाग, कार्यालयबाट रिटायर भएको पिउन छ भने ऊ पनि कुनै न कुनै व्यापारीको सल्लाहकार बन्न सक्छ भन्ने ज्ञान प्राप्त भयो।

त्यस्तै रिटायर कर्मचारीलाई घुस कसरी खानुपर्छ, कर्मचारीलाई आफ्नु चाकरी कसरी गराउनु पर्छ, हाकिमको चाकरी कसरी गर्नुपर्छ, काम कसरी छल्न सकिन्छ भन्ने ज्ञान हुन्छ। त्यसकारण तिनले बहालवाला कर्मचारीलाई यसबारे सल्लाह दिन सक्छन्। यसैले मैले एक घुसखोर रिटायर अधिकृतलाई भनें- "सर तपाईं बहालवाला कर्मचारी परामर्श केन्द्र खोल्नुहोस्।"

वास्तवमा अरू जे भए पनि रिटायर कर्मचारी एक किसिमका योजनाकार नै हुन्छन्। ती रिटायरमेण्टपछि पनि कतै इंगेज हुन सफल भएनन् भने उद्योगको, व्यापारको कुनै न कुनै योजना तयार पारेर बसिरहेका हुन्छन्। त्यसकारण सरकारले त्यस्ता रिटायर कर्मचारीलाई योजनाकार मानेर योजना आयोगमा जम्मा गर्नु बेस हुन्छ।

# इन्सेकको नवीन प्रकाशन




जतिबेला देश पञ्चायती शासनको कठोर पञ्जाभित्र थियो त्यसै बखत २०४२ मा भएको बम विष्फोटनको निहुँ पारी कैयन नागरिकहरुलाई पक्राउ गरियो। पक्राउ परेका केहीलाई अदालतले मृत्यु दण्डको सजायँ तोकेको थियो। तीमध्ये केहीलाई सरकारले निर्मम यातना दिई वेपत्ता पाऱ्यो । २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि हामीले देशमा त्यस प्रकार वेपत्ता पार्ने दुःखद स्थितिको अन्त्य हुन्छ भन्ने आशा गरेका थियौं।

तर प्रजातन्त्र पुनर्स्थापनाका ३ वर्ष नबित्दैदेखि शुरु भएको हत्या, स्वेच्छाचारी गिरफ्तारी र निर्मम यातना र वेपत्ता पार्ने कार्यले दश वर्षभित्र उग्र रुप लिइसकेको छ । २०५२ सालमा नेकपा (माओवादी) को आव्हानमा "जनयुद्ध" शुरु भएयता दिनहुँ जस्तो यस्ता घटना दोहोरिन थालेका छन्। यस बीचमा गठन भएका सरकारहरुले प्रजातन्त्र र मानवअधिकारको खिल्ली उडाउन दर्जनौं घटनाहरु दोहऱ्याउन छोडेका छैनन्। सरकारी पक्षबाट मात्र नभएर गैरसरकारी पक्षबाट पनि त्यही प्रवृत्तिको पुनरावृत्ति भएको छ।

नागरिकहरुलाई स्वेच्छाचारी ढंगले गिरफ्तार गर्ने, निर्मम यातना दिने, मुठभेडका नाममा कब्जामा लिएर हत्या गर्ने, वेपत्ता पार्ने र अपहरण गर्ने जस्ता दुःखद घटनाहरुका श्रृंखला थपिंदै गएको छ। यस पुस्तकभित्र पञ्चायतकाल र प्रजातन्त्र पुनर्स्थापनापछि पनि दोहोरिंदै गएका त्यस्तै दुःखद घटनाहरुको विवरण प्रस्तुत छ। राज्यका सबै नागरिकले सुसूचित हुन पाउनु प्रजातन्त्रको प्रमुख शर्तमध्ये एक हो, तसर्थ हामी यो दुःखद् विवरण सार्वजनिक गर्न वाध्य छौं।

इन्सेक INSEC

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स नं. २७२६, काठमाडौं